● वर्ष ... माडौं, शुक्र ... Nepali National Weekly ● Friday, May 23, 20 ... ४ ● मूल्य रु. ८/-



## मध्यपृष्ठमा आकर्षक ब्लोअप

मध्यपृष्ठमा आकर्षक ब्लोअप



तस्बिरहरू: महेश प्रधान

# Next जेनेरेसन

सुव्रत आचार्य

अमिताभ बच्चन तथा जया बच्चनका छोरा अभिषेक बच्चन, चलचित्र लेखक सलिम खानका छोरा सलमान खान, निर्देशक मंसुरअलि खानका छोरा आमिर खान, राकेश रोशनका छोरा ऋतिक रोशन, सुनिल दत्त र नरगिसका छोरा सञ्जय दत्त, धर्मेन्द्रका छोराहरू सनी र बबी देवल, शर्मिला टैगोरका छोरा सैफअली खान, निर्माता यश चोपडाका छोरा निर्देशक आदित्य चोपडा, यश जौहरका छोरा करण जौहर, पृथ्वीराज कपुरका छोरा राज कपुर, राज कपुरका छोराहरू रणधिर, शशी र ऋषि कपुर, रणधिर कपुरका छोरीहरू करिश्मा र करिना कपुर अनि अहिले ऋषि कपुर र नितुसिंह कपुरका छोरा रणवीर कपुर। यी सबैले आफ्ना अभिभावकहरूकै पेसा अपनाए र त्यसमा सफलता पनि पाए। आफ्नो समयका चर्चित संगीतकार सरदार मलिकका छोरा अहिलेका चर्चित संगीतकार अनु मलिक हुन् वा चलचित्र लेखक तथा गीतकार जावेद अख्तरका छोरा निर्देशक फरहान अख्तर, यी सबै भारतीय चलचित्र उद्योगमा अभिभावककै बाटो अपनाएर आ-आफ्नो पेसामा चम्किला तारा भएका छन्।

अब हाम्रै नेपालका चम्किला ताराहरूको कुरा गरौं। गायनमा सबैभन्दा चम्किला तारा स्व. नारायण गोपाल निःसन्तान रहे। चलचित्रका चम्किला तारा नायक शिव श्रेष्ठका छोरा शक्ति श्रेष्ठले बाबुकै पेसा अपनाउलान् भन्ने संकेत कतै पाइँदैन। बरु छोरी सोना श्रेष्ठले मोडलिङमा ख्याति पाइन्, 'बोल्ड एन्ड ब्युटिफुल' मोडलका रूपमा यत्रतत्र चर्चा भए पनि यो क्षेत्रलाई 'बाई बाई' गरेर उनी अहिले अमेरिकामा छिन्। एकताकाकी नायिका करिश्मा मानन्धरकी छोरी पनि आमासँगै अमेरिकामा छिन्। उनी भविष्यमा नायिका हुने सम्भावना क्षीण छ। चम्किला तारा भएर पनि अवसरको खोजीमा अमेरिका पलायन भएका नायक सरोज खनाल तथा रंगकर्मी सूर्यमाला शर्माका छोराहरू पनि सायदै बाबुआमाको पेसामा फर्केलान्। हास्यकलाकार स्व. गोपालराज मैनालीले आफ्नो बेलामा जति ख्याति कमाए, त्यसकै दाँजोमा उनकी सुपुत्री सज्जा मैनालीले पनि चलचित्र अभिनयबाट आफूलाई परिचित गराइन्। विडम्बना, उनले विवाहउप्रान्त चलचित्रमा अभिनय नगर्ने निर्णय गरिसकेकी छिन्। सज्जा हाल आफ्ना श्रीमान्सँग अमेरिकामा छिन्।

बाँकी पृष्ठ १० मा

## क्यासेट

### तिमी मेरो म तिम्रो



गायक आर्डीको पहिलो एकल गीतिसंग्रह 'तिमी मेरो म तिम्रो' श्रोतामाभ्र आएको छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा चलचित्र कोसेलीको चर्चित गीत तिमी मेरो म तिम्रोलाई रिमिक्स गरिएको छ। यो गीतमा आर्डीका साथमा इन्दिरा जोशी र शरद्ले फिचरिङ गरेका छन्। संग्रहमा शब्द रमेश ओभ्mा, शिव मुखिया, आर्डि, परेशको छ भने संगीत इन्द्रजित मुखिया, महाराज थापा, शिव मुखिया, आर्डी तथा निर्मल गड्तौलाको छ।

### मूलको पानी



मेलोडी डिजिटल स्टुडियोको प्रस्तुतिमा लोकदोहोरी गीतिसंग्रह 'मूलको पानी' श्रोतामाभ्र आएको छ। सतिश महर्जन, लेखराज गुरुङ, श्वेता केसी, दिशु मानन्धरको स्वर रहेको यो संग्रहमा शब्द तथा संगीत श्रीकृष्ण गुरुङ र कृष्णभक्त राईको छ। संग्रहको भाग १ मा मूलको पानीले र भाग २ मा लाग्यो हिउँदमास गीत समावेश छन्।

## रंगमञ्च

-पुरानो बानेश्वरस्थित नाट्यसमूह आरोहण-गुरुकुलले आगामी जेठ २४ गतेदेखि नाटक 'घनचक्कर' पुनः मञ्चन गर्ने भएको छ। प्राध्यापक सञ्जीव उप्रेतीले लेखेको उक्त उपन्यासलाई आरोहणले नाटकीय स्वरूप दिँदै यसअघि पनि मञ्चन गरेको थियो। घनचक्कर देशको पागलपन र त्यसले असर गर्ने व्यक्तिको पागलपनमा आधारित छ। नाटक घनचक्करमा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठक तथा गुरुकुलका अन्य कलाकारले अभिनय गरेका छन्। गुरुकुलमा यतिखेर नाटक 'ताराबाजी लै लै' मञ्चन भैरहेको छ। गत वैशाख २० गते मञ्चन प्रारम्भ भएको उक्त नाटक सोमबारबाहेकका अन्य दिन निरन्तर प्रदर्शन हुँदै आएको छ। नर्वेजियन रंगकर्मी मोर्टन क्रोगले कार्यशाला आयोजना गरेर तयार पारेको तथा उनैले निर्देशन पनि गरेको यो नाटक बालमनोविज्ञानमा आधारित छ। नाटकमा सौगात मल्ल, सरिता गिरी, कमल नेपाल, राजकुमार पुडासैनी, अरुणा कार्की, मणिराम पोखरेल आदिले अभिनय गरेका छन्।

सर्वनाम नाट्य समूहका तर्फबाट अध्यक्ष अशेष मल्लले क्यानडामा सम्पन्न लिभरपुल अन्तर्राष्ट्रिय रंगमञ्च महोत्सवमा नाटक 'अतिरिक्त आकाश' मा आफ्नो एकल नाटक अभिनय प्रस्तुत गरेका छन्। नाट्यकर्मी मल्ल आफैले लेखेको तथा निर्देशन गरेको उक्त नाटक महोत्सवको पहिलो दिन जेठ १ गते मञ्चन भएको थियो। जेठ ६ गतेसम्म चलेको उक्त महोत्सवमा अतिथिका रूपमा सहभागी बनेका मल्लले त्यहाँ नेपाली रंगमञ्चका बारेमा प्रकाश पनि पारेका थिए।

## ग्यालरी



धरानमा पहिलो पटक आएका कलाकार किरण मानन्धर शुक्रबार नयाँ पुस्ताका कलाकारहरूसँग रंग पोत्न निकै व्यस्त रहे। युमा फाइन आर्ट ग्यालरीको तेस्रो वार्षिकोत्सवका अवसरमा आयोजित चित्रकला कार्यशाला कार्यक्रममा नेपालकै चर्चित कलाकारदेखि भर्खरै चित्रकला सिकिरहेकाहरूको पनि उपस्थिति थियो। किरण मानन्धर, कर्ण मास्के, नारदमणि हर्ताम्छाली, महेन्द्र राई, सरोजा खड्का आदिले पेन्टिङ गरी उद्घाटन गरेको उक्त कार्यक्रममा आस्था राई, योगेन श्रेष्ठ, सजन थापामगर, हेमन्त थापा, भीषण राई आदि ३० जना कलाकार सहभागी थिए।

**–सुमित्रा अञ्जान**

-हिमाल खबरपत्रिकाले आफ्नो दसौं वार्षिकोत्सवका अवसरमा तीन दिवसीय तस्बिर प्रदर्शनी आयोजित गऱ्यो। गत सोमबार सम्पन्न उक्त प्रदर्शनीको शनिबार प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उद्घाटन गरेका थिए। बबरमहलस्थित नेपाल आर्ट काउन्सिलको ग्यालरीमा भएको प्रदर्शनीमा जनआन्दोलनदेखि संविधानसभा निर्वाचनसम्मका तस्बिरहरू समेटिएका थिए। प्रदर्शनीमा ९८ वटा तस्बिर राखिएका थिए।

## पुस्तक

### नयाँ आँगनमा पाइला टेक्दा

डा. ध्रुवचन्द्र गौतमको संस्मरणप्रधान कृति 'जर्मनी नयाँ आँगनमा पाइला टेक्दा' लाई मोडर्न बुक्स, काठमाडौंले प्रकाशन गरेको हो। पुस्तकमा लेखकले जर्मनी यात्राका विवरणहरू समेटेका छन्। यात्रा साहित्यमा रुचि राख्ने पाठकहरूका लागि यो पुस्तक समय कटाउने एउटा गतिलो खुराक हुन सक्छ। पुस्तकको मूल्य १ सय ५० रुपैयाँ छ।



## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

ग्रह गोचर राम्रा छन्। काममा सफलता मिल्नेछ। अरूको विश्वास सजिलै जित्न सकिनेछ। प्रशंसा पनि पाउनुहोला। व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। अध्ययनमा सफलता पाइनेछ। घरेलु समस्याले सताउन सक्छ। गोपनीयतामा जोड दिनुहोला।

### वृष

साताको पूर्वार्द्ध प्रतिकूल रहनेछ। मनमा दुविधा बढ्ने तथा स्वास्थ्य गडबड रहने योग छ। घरेलु समस्याले सताउन सक्छ। आइतबारदेखि भाग्यले साथ दिनेछ। मान-सम्मान पाइनेछ भने आम्दानी पनि बढ्नेछ। यात्रा गर्ने अवसर जुट्न सक्छ। पराक्रमको गति तीव्र हुनुका साथै व्यवसायमा वृद्धि देखिन्छ।

### मिथुन

साता त्यति अनुकूल देखिंदैन। मन खिन्न रहनेछ। काममा उत्साह जाग्ने छैन। गरेका काममा असफलता भोग्नुपर्नेछ। गलत विचारले सताउनेछ। भ्mूटा अरोप लाग्ने क्रम यथावत् रहनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। शुक्र, शनि तथा बिहीबार काममा सफलता पाइनेछ भने प्रसन्नता पनि बढ्नेछ।

### कर्कट

उतारचढावको सामना गर्नुपरे पनि सफलता हात लाग्नेछ। स्वास्थ्यले साथ दिने देखिंदैन। शत्रु एवं रीसको वेग बढ्नेछ। समयमा निर्णय नहुँदा हात परेको काम समेत बिग्रन सक्छ। आइतबार तथा सोमबार प्रसन्नता बढ्ने तथा काममा सफलता मिल्ने योग छ। यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुन सक्छ।

### सिंह

समय राम्रो छ। सुरुमा बोलीको प्रभाव एवं सोच्ने शक्ति तथा पराक्रम बढ्नेछ भने धेरै काममा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। मान-सम्मान पनि पाइनेछ। धन आर्जन हुनसक्छ। अधुरा काम पूरा हुनेछन्। आफन्तहरूको सहयोग पाइने देखिंदैन। शत्रु तथा रोग बढ्ने हुँदा खानपान एवं बोलीमा लगाम लगाउनुहोला।

### कन्या

ग्रह बलिया छन्। मन प्रसन्न रहनेछ। काममा सफलता मिल्नेछ। व्यवसाय बढ्ने क्रम यथावत् रहनेछ। पराक्रम बढ्ने तथा अधुरा काम बन्ने योग यथावत् रहेनछ। आफन्तहरूको सहयोग पाइनेछ। भाग्यले साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। बोली प्रभावशाली हुनेछ। खर्च बढे पनि लगानी उचित कार्यमा लाग्नेछ।

### तुला

सुरुमा पराक्रम बढ्ने भने अधुरा काम बन्ने, नयाँ काम पाइने योग छ। खानपानमा विचार पुऱ्याउनुहोला। लेनदेनमा सजग रहनुपर्ने बेला छ। व्यवसायमा सफलता पाउन प्रतिस्पर्धा गर्नुपर्ला। आम्दानी यथावत् रहे पनि घरेलु समस्याले सताउनेछ। शरीरमा चोटपटक लाग्न सक्छ। सवारी चढ्दा-चलाउँदा विचार पुऱ्याउनुहोला।

### वृश्चिक

बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ भने काममा सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सानै प्रयासले ठूलो काममा सफलता हात लाग्नेछ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। यात्रा लाभदायी रहनेछ। भेटघाटमा रमाउने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ।

### धनु

समस्याहरू आउनेछन्। मनमा शंका-उपशंका बढ्नेछ। भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शत्रुदेखि सजग रहनुहोला। स्वास्थ्यमा ध्यान दिनु आवश्यक छ। सवारी चढ्दा-चलाउँदा विचार पुऱ्याउहोला। साताभरि नै गोपनियता आवस्यक देखिन्छ।

### मकर

खर्च बढ्नेछ। काममा सफलता पाउन सजग रहनुपर्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुऱ्याउनुहोला। सभा-सम्मेलनमा सहभागी हुने अवसर प्राप्त होला। आइतबारदेखि मान-सम्मान मिल्ने, व्यवसायमा लाभ हुने, काममा सफलता पाइने, अध्ययनमा सफलता हात लाग्ने तथा धन आर्जन हुने योग छ।

### कुम्भ

साता मध्यम रहनेछ। काम गर्दा सजग रहनुहोला। धन आर्जन हुनुका साथै काममा सफलता मिल्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सुधार आउनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। आइबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ।

### मीन

आँटेको कुरामा सजिलै सफलता मिल्नेछ। मान-सम्मान पनि पाउनुहोला। व्यवसायमा लाभ देखिन्छ। सानै प्रयासले ठूलो काममा सफलता हात लाग्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। मंगलबार तथा बुधबार विवाद एवं चिन्ता बढ्ने योग छ। शत्रु पराजित हुने भए पनि संयमित रहनुहोला।

### यो साताको पञ्चाङ्ग

जेठ १४ गते : महिला स्वास्थ्य दिवस, धिमा अष्टमी व्रत, १५ गते : सगरमाथा दिवस, १६ गते : संयुक्त राष्ट्रसंघीय शान्ति सेना दिवस

## साता संक्षेप

**जेठ ३ गते शुक्रबार**

• गोरखामा कुलायन पूजाको भोजमा विषाक्त खाना खाँदा २ को मृत्यु, ७० बिरामी ।

• हवाई इन्धनमा भएको मूल्यवृद्धिपछि आन्तरिक उडानमा १२ प्रतिशत मूल्यवृद्धि ।

• व्यवसायी रामहरि श्रेष्ठलाई माओवादी सेनाले अपहरण गरी हत्या गरेको खुलासा ।

**जेठ ४ गते शनिबार**

• माआवादी शिविरमा नागरिकको हत्या भएको विरोधमा काठमाडौं तनावग्रस्त ।

• संविधानसभाको सुरक्षाका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा प्रहरी ब्यारेक राखिने ।

**जेठ ५ गते आइतबार**

• जनतान्त्रिक तराई मुक्तिमोर्चाका अध्यक्ष ज्वाला सिंह निलम्बित, कार्यवाहक अध्यक्षमा रणवीर सिंह ।

• माओवादीको नेतृत्वमा सरकारमा नजाने फोरमको घोषणा ।

**जेठ ६ गते सोमबार**

• नेकपा (एमाले) द्वारा मंसिरमा महाधिवेशन गर्ने निर्णय, नेताहरूको जिम्मेवारीमा व्यापक हेरफेर ।

• कांग्रेसको युवा भेलाद्वारा नेतृत्व परिवर्तन गर्न दबाब ।

**जेठ ७ गते मंगलबार**

• राप्ती नदीमा बस खस्दा ४५ को मृत्यु ।

• सद्भावना पार्टीकी अध्यक्ष आनन्दीदेवी काठमाडौंमा पत्रकार सम्मेलनमार्फत सार्वजनिक ।

**जेठ ८ गते बुधबार**

• माओवादीविरुद्ध नागरिक समाजले गरेको आन्दोलनमा कांग्रेस तथा एमालेको ऐक्यबद्धता, उपत्यका बन्द ।

• तनहुँमा बस दुर्घटना, ६ को मृत्यु ।

# प्रमुख राजनैतिक दलहरू विपरीत दिशामा

**साप्ताहिक समाचार**

काठमाडौं– 'काशी जानु कुतीको बाटो' नेपालमा प्रचलित उखान हो । अहिले नेपाली राजनीति यही बाटोमा हिँडेको छ । संविधानसभाको पहिलो बैठक बस्न पाँच दिन मात्र बाँकी रहँदा यसको कार्यसूचीमा सहमति हुन सकेको छैन । संविधानसभाको पहिलो बैठक ऐतिहासिक मात्र नभएर जटिल खालको छ । यसको कार्यसूचीमा आउने सानो असमझदारीले पनि गणतन्त्र कार्यान्वयनमा बाधा उत्पन्न हुन्छ । अन्तरिम संविधानमा संविधानसभाको पहिलो बैठकले गणतन्त्रको कार्यान्वयन गर्ने उल्लेख छ । संविधानसभा कार्यसूची चुस्त एवं सरल नभएको खण्डमा पहिलो बैठकले गणतन्त्रको प्रस्ताव पारित गर्न नसक्ने विज्ञहरूको दावी छ ।

'पहिलो बैठकले गणतन्त्र कार्यान्वयन नगरे के हुन्छ ? भन्ने कुरामा संविधान मौन छ ।' संविधानविज्ञ भीमार्जुन आचार्य भन्छन्– 'त्यसो भएको खण्डमा गणतन्त्र नचाहनेहरूले संविधानको मौनतालाई गलत ढंगले व्याख्या गर्न सक्छन् ।' गत मंगलबार राप्रपा नेपालका अध्यक्ष कमल थापाले आफ्ना कार्यकर्तालाई मुलुकमा राजतन्त्र रहने कुरामा ढुक्क हुन आह्वान गरेका छन् । थापाले दलहरूको कार्यशैलीलाई हेरेरै देशमा राजतन्त्र रहने ठोकुवा गरेको विज्ञहरूको दावी छ। दलहरूको यो कार्यशैलीप्रति तिनका भ्रातृ संगठनहरूले असन्तोष व्यक्त गरेका छन् ।

गत सोमबार नेपाल विद्यार्थी संघले राजधानीमा गरेको युवा भेलाले आफ्नो माउ पार्टीलाई सरकार गठनमा भन्दा संविधानसभाको पहिलो बैठकमा ध्यान दिन आग्रह गरेको थियो । आग्रहलाई बेवास्ता गरे दलले गम्भीर क्षति बेहोर्नुपर्ने चेतावनी पनि दिइएको थियो । यस्तै चेतावनी नेकपा (एमाले) का भ्रातृ संगठनहरूले पनि दिएका छन् । सबैभन्दा ठूलो दल नेकपा (माओवादी) ले पनि संविधानसभाको पहिलो बैठकलाई भन्दा आफ्नो नेतृत्वमा सरकार बनाउने कुरालाई बढी महत्त्व दिएको देखिन्छ ।

संविधानसभाको पहिलो बैठकमा गणतन्त्र कार्यान्वयन गर्नुअघि सबैभन्दा पाका सभासदले संविधानसभाको बैठक प्रारम्भ भएको घोषणा गर्नुपर्ने छ । जनआन्दोलनमार्फत सहिद भएका सबै सहिदप्रति श्रद्धाञ्जली व्यक्त गर्नुपर्ने, मित्रराष्ट्रहरूबाट प्राप्त शुभकामना मन्तव्यहरू अध्यक्षले पढ्नुपर्ने, अध्यक्षले मन्तव्य दिनुपर्नेजस्ता कार्य गर्नुपर्नेछ ।

पहिलो बैठकले नै संविधानसभाको कार्यविधिको नियमावली तयार गर्न मस्यौदा समिति गठन गर्नुपर्ने, नियमावली निर्माण गर्न समय लाग्ने भएकाले बैठकलाई निरन्तरता दिन अन्तरिम कार्यविधि प्रस्तुत तथा पारित गर्नुपर्ने छ । संविधानसभाको अध्यक्ष तथा उपाध्यक्षको चयन गर्नुपर्नेछ । त्यही बैठकमा संविधानसभा अध्यक्ष तथा उपाध्यक्षले शपथग्रहण पनि गर्नुपर्नेछ ।

त्यसपछि मात्र सरकारले गणतन्त्रको प्रस्ताव राख्ने तथा अध्यक्षले गणतन्त्रको कार्यान्वयनसम्बन्धी प्रस्तावमा छलफल गराउन सक्छ ।

यसका लागि बैठक लम्बिने भएकाले पहिलो बैठकले नै गणतन्त्रको कार्यान्वयन गर्छ भन्ने कुरामा विज्ञहरूले शंका गरेका छन् । गणतन्त्रको प्रस्ताव पारित भएपछि संविधानसभामा निर्वाचित २५ दलका प्रतिनिधिले बोल्ने कार्यक्रम पनि राख्नुपर्ने भएकाले बैठकको अवधि निकै लामो हुने अनुमान गरिएको छ । यी कार्यक्रममा कुनै कारणले बाधा उत्पन्न भए पहिलो बैठकको अन्त्य हुनसक्ने अनुमान पनि गरिएको छ ।

जेठ १५ गते गणतन्त्र कार्यान्वयको दबाब दिन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रअघि नागरिक समाज, विद्यार्थी एवं राजनैतिक दलका भ्रातृ संगठनहरूले प्रदर्शन गर्ने कार्यक्रम छ । सरकारले अहिलेसम्म संविधानसभामा मनोनित हुने २६ जना सभासदको छनोट गर्न सकेको छैन । विभिन्न जात-जाति तथा विज्ञहरूले संविधानभामा आफ्नो प्रतिनिधित्व हुनुपर्ने माग राख्दै आएका छन् । संविधानसभा बैठकअघि सबै सभासदले शपथग्रहण गर्नुपर्ने कारणले पनि मनोनीतहरूको नाम चाँडै सार्वजनिक हुनुपर्ने बाध्यता छ ।

यता दलहरू भने सरकार गठनको चिन्तामा व्यग्र देखिन्छन् । नेपाली कांग्रेसले सरकारमा जान राखेका सावटा सर्त पनि 'पावर सेयरिङ' का लागि आएको 'बार्गेनिङ' मात्र भएको टिप्पणी माओवादीको छ । माओवादी अध्यक्ष प्रचण्डले कांग्रेसले राखेका सात बुँदा प्रधानमन्त्री कोइरालाले पद त्याग नगर्ने हतियार मात्र भएको बताएका छन् । माओवादीले पनि जसरी पनि कोइरालाले राजीनामा दिनुपर्ने दबाब दिँदै आएको छ । नेकपा (एमाले) तथा मधेसी जनअधिकार फोरमले पनि सरकारमा आफ्नो हैसियतका बारेमा माओवादीसँग वार्ता गरिरहेको थाहा भएको छ । यसपटक माओवादीले सरकार बनाए पनि उसको सरकारलाई अप्ठ्यारो पार्न अन्तरिम संविधानमा संशोधन गर्न सबै दल तयार भएका छन् । संविधान संशोधन गर्न सबैजसो दल तयार हुनुलाई दलहरूको सरकार निर्माणमा रहेको चासोलाई नै प्रमुख कारण मानेका छन् ।

## सम्पादकीय

# जिम्मेवार बन

काठमाडौं, कोटेश्वरका व्यवसायी रामहरि श्रेष्ठको अपहरण तथा हत्या प्रकरणले यतिखेर मुलुकलाई दुखित र आक्रोशित तुल्याएको छ। माओवादी कार्यकर्ताद्वारा माओवादी जनसेनाको शक्तिखोर, चितवनस्थित क्यान्टोनमेन्टमा मारिएका श्रेष्ठको हत्याको विषयमा माओवादी नेतृत्वले जारी गरेको प्रेस वक्तव्यमा प्रयोग गरिएको भाषा र त्यसले सिर्जना गरेको भ्रमका कारण निकट भविष्यमा सत्तारोहण गर्न गैरहेको नेकपा माओवादीको राजनैतिक विश्वसनीयतामाथि नै प्रश्नचिन्ह लगाइदिएको छ। अहिले श्रेष्ठ हत्या प्रकरणमा जनस्तरबाट माओवादी नेतृत्वलाई जुन दबाब पर्न थालेको छ त्यसले ऊ अत्तालिएको छ भन्ने कुरा माओवादी नेतृत्वको प्रतिक्रियाले प्रस्ट्याएको छ। आफ्ना कार्यकर्ताद्वारा आफ्नै कार्यकर्ता मारिंदा नेतृत्वले जुन किसिमको प्रतिक्रिया व्यक्त गर्नुपर्थ्यो त्यसका विपरीत त्यस्तो घटनामा आफूलाई निरपेक्ष राखेर आफ्ना कार्यकर्ताहरूमाथि दोष थोपर्ने जुन चेष्टा माओवादी नेतृत्वबाट भएको छ त्यसले पार्टी अध्यक्षकै उचाइलाई पनि घटाएको छ।

कुनै पनि व्यक्तिलाई अपहरण गर्नु भनेको राज्यको कानुन आफ्नो हातमा लिनु हो। सभ्य र कानुनी राज्यमा कसैको पनि अपहरणलाई कुनै पनि दृष्टिकोणबाट जायज ठहऱ्याउन सकिंदैन। त्यति मात्र नभै अपहरण गरिएका व्यक्तिलाई संयुक्त राष्ट्रसंघको रेखदेखमा रहेको शिविरमा यातना दिएर मार्नु र मृत शरीरलाई जसरी थान्को लगाइयो भनियो त्यसले कतिपय माओवादी कार्यकर्ताको मनोवृत्तिलाई उजागर गरेको मात्र नभै संयुक्त राष्ट्रसंघको विशेष कार्यालय (अनमिन) को कार्यशैलीलाई समेत नङ्ग्याएको छ। सात दलसँग शान्ति–सम्झौता गर्दा दसवर्षे जनयुद्धपछि मुलुकलाई शान्तिको जुन बाटोमा हिंडाउने प्रतिबद्धता माओवादी नेतृत्वले गरेको थियो त्यो प्रतिबद्धता आमजनताले संविधानसभा निर्वाचनपछि पनि अनुभव गर्न नपाउनु भनेको माओवादी नेतृत्वको विफलता हो। अझ स्पष्ट शब्दमा भन्नुपर्दा राज्यले शान्ति–सम्झौतापछि शान्ति प्रक्रिया भंग हुने सम्भावना व्यक्त गर्दै माओवादीलाई खुसी राख्न उसका सबै गतिविधिहरूप्रति आँखा चिम्लिनुको परिणाम राज्यले यसरी नै बेहोर्दै जाने हो भने यो मुलुकमा कानुनको शासन छैन भन्ने कुरा स्वाभाविक रूपमा सबैले अनुभूति गर्नेछन्।

यो परिप्रेक्ष्यमा के प्रश्न उठ्नु स्वाभाविक हो भने माओवादीका कतिपय कार्यकर्ता मात्र होइन अपितु त्यसको नेतृत्व तहमा रहेका कतिपय नेताहरू पनि त्यस्तै मानसिकताबाट ग्रस्त छन्। यदि त्यसो होइन भने माओवादी नेतृत्वले यातना गृहमा परिणत भएको उसको क्यान्टोनमेन्टका कमान्डरहरूलाई तत्काल कानुनी कारबाहीको घेरामा ल्याउनुपर्छ र हतियारको खुला प्रयोग बन्द गर्नुका साथै यस्ता घटनाबाट आफू पन्छिने प्रवृत्तिबाट मुक्त भएर जनतालाई कानुनी शासनको विश्वास दिलाउने गरी जिम्मेबार बन्न सक्नुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### प्रचण्डको हतारो

नेकपा माओवादीले सविधान सभाको निर्वाचनमा आंशिक बहुमत पाउनेबित्तिकै महत्त्वाकांक्षाले सीमा नाघेको हो कि जस्तो देखिएको छ। संविधानसभा निर्वाचनको अप्रत्याशित नतिजाले पनि यो महत्त्वाकांक्षालाई मलजल गरेको हो। गणतन्त्र नेपालका प्रथम राष्ट्रपति भनेर हिजो भित्ता–भित्तामा महत्त्वाकांक्षा प्रदर्शन गर्दै हिँडेका माओवादीहरूले आज पाएको नतिजापछि महत्त्वाकांक्षा दोब्बर चुलिएको छ। त्यसकारण माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले प्रथम राष्ट्रपति प्रचण्ड नै हुनुपर्ने जिकिर गर्दैछन्।

प्रचण्डले आफ्नो यही महत्त्वाकांक्षा पूरा गर्न हिंजो निर्वाचनमा विजयको अबिर गालामा नपुछिँदै, राजालाई मर्यादित बर्हिगमनका लागि आग्रह गरेका थिए। आज आएर त्यो आग्रहले पुनः नौलो संस्करण पाएर जेठ १५ सम्म गद्दी नत्यागे राजाको गलहत्याइसम्म पुगेको छ। यसबाट राजनैतिक रूपमा एउटा प्रश्न सिर्जना भएको छ– के राजा ज्ञानेन्द्रले प्रचण्डको भावी गलहत्याइबाट त्रसित मानसिकता लिएर आफ्नो सत्ता सजिलै छोडेर सामान्य नागरिकको जीवन स्वीकार गर्लान् ? राजतन्त्रको पृष्ठभूमिलाई नियाल्ने हो भने राजाले यति सहजै गद्दी त्यागलान् भनेर कसैले पत्याउँदैनन्।

राजाले भारतमा राजनैतिक शरण लिने गाइँगुइँ सुनिए पनि भारत सरकारले त्यो हल्लालाई निराधार संज्ञा दिनुले, राजा मर्यादित बहिर्गमनको पक्षमा नभएको पुष्टि भएको छ। हिन्दू अतिवादीहरूको पछिल्लो घोषणा र चेतावनीले पनि यसको झझल्को देखाएको छ। कमल थापा र कृष्णप्रसाद भट्टराईका पछिल्ला उद्‌गार, कांग्रेसको सातबुँदे सर्त, हिन्दू अतिवादीहरूको चेतावनी, राजाको दक्षिणकाली माईको अर्चनामा जनताको भव्य स्वागत आदिले राजाको सक्रियताको संकेत देखाएको छ।

वर्तमानलाई नियाल्ने हो भने भारत सरकार र अमेरिका अझै पनि माओवादीको विपक्षमा नै देखिएका छन्। अमेरिकाको माओवादीप्रति हाम्रो दृष्टिकोण फेरिएको छैन भन्ने टिप्पणीले माओवादीलाई राजा हटाउन विदेशी समर्थन अझै आर्जन हुन नसकिरहेको अवस्था बोध गराउँछ। यसरी विदेशी शक्तिको माओवादीप्रतिको अविश्वासको आडमा राजतन्त्रले आफ्नो पकड जमाउन सक्ने सम्भावना पनि प्रबल छ।

त्यसैले यो बेला भनेको राजतन्त्रका बारेमा हतारमा निर्णय गर्नुभन्दा विगतमा जस्तो राजतन्त्रको शक्तिको आधारलाई क्रमिक रूपमा निस्तेज बनाउँदै जाने बेला हो। जब राजा शक्तिहीन हुन्छन्, त्यो बेला मात्र राजतन्त्रका बारेमा फैसला गर्नु उचित हुन्छ। निर्वाचनमा पाएको अल्पमतको आवेशमा, राजतन्त्रका बारेमा पेश्की फैसला गर्दा माओवादीले केही ध्यान पुऱ्याउनुपर्ने हुन्छ। प्रचण्डको शीघ्र निर्णयकै प्रतिकारस्वरूप आज हिन्दू अतिवादीले सशस्त्र आन्दोलनको घोषणा गरेका छन्। प्रचण्डको यो फैसलाले शक्तिवान् राजालाई सक्रिय हुन निम्तो गरेको छ। यो फैसलापछि राजतन्त्रले भित्रभित्रै षड्यन्त्रको जाल बुन्न बाटो पाएको छ।

प्रचण्डले मर्यादित बहिर्गमनका लागि राजासँग नै बातचित गर्न चाहेको टिप्पणीले प्रचण्डको साहस त झल्किएको छ, तर विश्वमा राजतन्त्र उन्मूलनको इतिहासलाई विश्लेषण गर्ने हो भने, विश्वमा कुनै पनि राजाले आफ्नो बहुमूल्य श्रीपेज एउटा तुच्छ मर्यादासँग साट्न चाहेका छैनन्, यो इतिहासको पाठ हो। प्रचण्डले राजा ज्ञानेन्द्रलाई एक मुठ्ठी मर्यादा दिएर, सिंहासन र श्रीपेजसँग सम्झौता गर्न खोज्नु मुर्खता मात्र हो। कुनै पनि टेबुलमा बसेर मर्यादा र गणतन्त्रको लेनदेन भएको इतिहास विश्वमा छैन।

बेलायत, फ्रान्स, चीन, इरान र अरू अनेकन देशमा राजतन्त्रको उन्मूलन आन्दोलनबाटै भएको छ, माओवादीहरूले फकाए जसरी होइन। यो बेला राजतन्त्र फाल्न भूराजनीतिले पनि समर्थन गरेको स्थिति छैन। यो अन्तर्राष्ट्रिय शक्तिमा माओवादीप्रति विश्वासको खडेरी परेको समय हो। माओवादीले केही महिना सत्तामा बसेर, राम्रोसँग सरकार चलाएर देशभित्र र बाहिरका शक्तिहरूबाट विश्वास आर्जन गर्न सक्नुपर्छ।

माओवादीका भ्रातृ संगठन वाईसीयल र अर्धसैनिक लडाकुहरूको आचरणमा सुधार ल्याएर तिनीहरूको मनमा देश र जनताप्रति सेवा भावना जगाउनुपर्छ। त्यो बेलामा मात्र राजाको बन्दुक, जनताको बन्दुकसँग र राजाको विचार, जनताको विचारसँग परास्त हुनेछ।

**–प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर, काठमाडौं**

### कुर्सी होइन, शान्ति

देशको आधा जनसंख्या मधेसमा छ। जहाँ प्रत्येक जिल्लामा तथा धेरैजसो गाविसमा समेत मोटरबाटो पुगेको छ। धेरै ठाउँमा सञ्चार सुविधा पुगेको छ अनि देशका ५० प्रतिशत उद्योगधन्दा तथा खेतियोग्य जमिन तराईमा छन्। आन्दोलनको नारा पहाडी र हिमाली तथा कर्णालीवासीले पो चर्काउनुपर्ने हो। जहाँ गाडी देख्न १० औं दिन हिंड्नुपर्छ, एकछाक भात खान महिनौं जहाज कुर्नुपर्छ, एक ढिका नुन लिन दिनौंदिन हिंड्नुपर्छ। जहाँ अस्पताल छैन, उचित शिक्षादीक्षा छैन, रोजगार छैन। उनीहरूलाई हलो-जुवा, कुटो-कोदालो बाहेक अन्य बाहिरी कुराको ज्ञान छैन। अधिकांशलाई गरिबीले गाँजेको छ। बाध्य भएर साहूको जोताहा बन्न पुगेका छन्। उनीहरू स्वयंले पसिना बगाएर खाने जग्गासमेत छैन। उनीहरूले कसलाई गुहार्ने ? त्यसैले उनीहरूतर्फ पनि सरकारले नजर फर्काउनुपर्छ। त्यस क्षेत्रमा उद्योग-धन्दाहरू खोल्नुपर्छ। पाखुरा चलाउन सरकारले नै बन्दोबस्त गरिदिनुपर्छ।

**–टीकाराम अर्याल**

## तीतो सत्य

- धैर्यता नै मानिसको प्रमुख गुण हो।
- सुखको खुसी तब मात्र प्राप्त हुन्छ, जब दुःखमा साथ दिने आफूसँगै हुन्छन्।
- मैले के पाएँ भन्दा म के दिनसक्छु भन्नु महानता हो।

**निर्मलराज बस्नेत, फर्पिङ**

- आलोचना, तिरस्कार र असन्तुष्टि व्यक्त नगर्नुहोस्।
- धनको लेनदेन, विद्या आर्जन र खानपिनमा नलजाउनेहरू सुखी हुन्छन्।
- साँचो वीरता शस्त्रयुद्ध जित्नुमा होइन जीवनको संघर्ष जित्नुमा हुन्छ।
- गरिब हुनु अपराध होइन गरिबी सहनु अपराध हो।

**निमेश रिजाल**

- परिश्रमी व्यक्तिका लागि अप्राप्य वस्तु केही छैन।
- एउटा मानिसको बुद्धिले अर्को मानिसको बुद्धि तिखार्छ।
- जोस, जाँगर र उत्साह नभएका मानिसको भाग्य स्वतः बिग्रन्छ।
- परिश्रमी, जाँगरिला एवं उत्साही व्यक्तिका लागि संसारमा कुनै पनि वस्तु दुर्लभ छैन।

**नारायण कुँवर, गुल्मी**

- जति सकिन्छ अर्काको सहयोगी बन्ने प्रयत्न गर्नुहोस्, अर्काको सहयोगी बन्नाले आफ्ना चिन्ताहरू भुल्न सकिन्छ।
- दुःख दिने व्यक्तिलाई क्षमा गर्नुहोस् र उसलाई भुल्नुहोस्।

**सुजाता बस्नेत, धरान**

- बन्दुक बोल्छ अर्थहीन हुन्छ तर कलम लेख्छ सत्य सावित हुन्छ।

**उद्धव खपांगी, उदयपुर**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

## नीति नियम

जतिपनि काम गरिन्छ।(ऋण लिनु र दिनु, धितो राख्नु आदि), ती सबै साक्षीको सन्मुख मात्र गर्नुपर्छ। लुकीछिपी गर्नु हुँदैन। देशकाल परिस्थिति हेरेर साक्षी रोहवरमा मात्र यस्ता कामहरू गर्नु उचित हुन्छ।

एक सय रुपैयाँको मासिक ब्याज सवा रुपैयाँभन्दा बढी लिनु हुँदैन। विदेशी व्यापारीहरूलाई भने एक सय रुपैयाँको पाँच रुपैयाँसम्म पनि ब्याज हुनसक्छ। जंगलमा बस्ने परदेशी, भील आदिलाई सयकडा दस पनि ब्याज लिन सकिन्छ। समुन्द्रमार्गबाट व्यापार गर्नेहरूसँग सयकडा बीस प्रतिशतसम्म ब्याज लिनु अनुचित हुँदैन, किनकि त्यसमा मूलधन नष्ट नहोला भन्ने आशंका हुन्छ। यस किसिमको ब्याजको व्यवस्थाबाहेक बढी ब्याज लिएको खण्डमा दण्ड–सजाय दिनु उचित हुन्छ।

यज्ञ कर्म गर्न दिएको ऋण, उपचार गर्न दिएको तथा शिक्षाका लागि दिएको ऋणको ब्याज लिन पाइँदैन। कहिल्यै सावाँ तिर्न असमर्थ भए पनि त्यस्तो ऋण फिर्ता माग्न पाइँदैन। जसले यस्ता कामका लागि ऋण दिएको छ र फिर्ता गराउनका लागि बारम्बार ताकेता गर्छ भने त्यसलाई दण्ड–जरिवाना गराउनुपर्छ। यदि कुनै ऋण दिएको रकम फिर्ता नलिएमा त्यस रकमलाई अन्य कुनै स्थानमा जम्मा गराउनुपर्छ र यसको पछि कुनै ब्याज पाइँदैन।

-कौटिल्यको अर्थशास्त्र
अनुवाद : रामहरि बन्जारा

## सहर चर्चा



### फर्किए फुर्वा

केही वर्षअघि एक अक्षरको गीत गाएर ख्याति पाएका फुर्वा शेर्पा फेरि चर्चामा आएका छन्। दुईवटा एकल एल्बम निकालिसकेका विराटनगरका २५ वर्षीय फुर्वा यसपालि गायनबाट चर्चामा आएका होइनन्। एसएई इन्स्टिच्युटको चेन्नाई शाखाबाट स्नातक तहको 'डिजिटल फिल्म मेकिङ'मा सर्वोत्कृष्ट विद्यार्थी ठहरिएकाले उनी चर्चामा आएका हुन्। हालै आएको नतिजाअनुसार फुर्वा ९० प्रतिशत अंक ल्याई कलेजकै सर्वोत्कृष्ठ विद्यार्थी भएका छन्। डिजिटल फिल्म मेकिङ कोर्समा डिस्टिङ्सन श्रेणीमा उत्तीर्ण हुने उनी क्याम्पसकै पहिलो विद्यार्थी हुन्। उनले इन्टर्नशिपमै बलिउडको चर्चित चलचित्र 'ओम शान्ति ओम'मा स्पेसल भीडियो इफेक्टसम्बन्धी काम गरिसकेका छन्। नेपाली, हिन्दी, मलायलम तथा तामिल भाषाका एक दर्जन गीत र म्युजिक भीडियो निर्माण गरिसकेका फुर्वा अहिले काठमाडौंमै कार्यरत छन्। भविष्यमा भारतमै चलचित्र निर्माणसम्बन्धी काम गर्ने उनको धोको छ। फुर्वा भन्छन्- 'अनुभव हासिल गर्नकै निम्ति अहिले काठमाडौंमा काम गर्दैछु।' अनुभवी नभै उच्च अंककै आधारमा मात्र भारतमा काम नपाइने फुर्वा बताउँछन्।

**–राजु घिसिङ**



### फरासिली मेरिन

मेरिन गुरुङ (१६) लाई मोडलिङमा लागेर नाम कमाउने ठूलो इच्छा छ। मोडलिङमा लागेपछि सबैले चिन्छन्– उनी मोडलिङलाई छिट्टै चर्चित हुने भऱ्याङका रूपमा लिन्छिन्। टेलिभिजनको स्क्रिन तथा विभिन्न पेपर एडहरूमा मोडलहरूका तस्बिर देखेपछि उनलाई पनि त्यस्तै हुने रहर जागेको हो। लमजुङजस्तो सानो ठाउँमा बसेर मोडलिङमा जम्न सजिलो छ त ? मेरिन भन्छिन्- 'आफूले सक्ने हो भने राजधानीमै बस्नुपर्दैन, जहाँ बसेर पनि गर्न सकिन्छ।'

लमजुङको बेसीसहरस्थित मनाङे चौताराकी मेरिनलाई घरमा माया गरेर बोलाउने नाम भने कान्छी हो। कक्षा ११ मा अध्ययनरत मेरिन फरासिलो स्वभावकी छिन्। उनी बोलिरहन मन पराउँछिन्। उनी फुटबल खेलाडी पनि हुन्। एंकरिङ गर्न, साथी बनाउन तथा पत्रपत्रिका पढ्न मन पराउने मेरिनलाई घुसघुसे स्वभावका मान्छे फिटिक्कै मन पर्दैनन्। पाँच महिनाअघि मात्र फोटोसेसन गरेर मोडलिङको संसारमा आएकी मेरिनको लक्ष्य भने सफल फेसन डिजाइनर बन्नु हो। उनको विचारमा अंगप्रदर्शन मात्र मोडलिङको बाटो होइन। अंगप्रदर्शन बिना पनि मोडलिङ हुन सक्छ। ५ फिट ३ इन्च अग्ली मेरिनको सर्लक्क परेको शरीर र आकर्षक केश राशिले उनलाई भिन्न देखाएको छ। अध्ययनसँगै मोडलिङलाई पनि अघि बढाउने सोच बनाएकी मेरिनले भनिन्- 'अब त मोडलिङमै जम्ने सोच बनाएकी छु।' पहिलो पटक फोटो सेसन गराएकी मेरिनका आकर्षक तस्बिर लमजुङबाट सञ्चालित www.cyberlamjung.com मा हेर्न सकिन्छ।

**–शिव शर्मा**

साइबर गफ

## मुखाले

नेपाली माओवादी समूह कहिले पनि अमेरिकी आतंककारी सूचीमा थिएनन्, उनीहरूलाई शंकास्पद मात्र मानिएको थियो।

**टोम कासेय**
**अमेरिकी विदेश विभागका प्रवक्ता**

माओवादीले आफ्नो अराजक क्रियाकलाप बन्द नगरे उनीहरूसँग कुनै सहकार्य हुँदैन।

**झलनाथ खनाल**
**महासचिव, नेकपा (एमाले)**

नेपालको शान्ति-प्रक्रियालाई पूर्णता दिन दलहरूले अझै केही समय धैर्यको प्रदर्शन गर्नुपर्छ।

**बान कि मुन**
**महासचिव, संयुक्त राष्ट्रसंघ**

वाईसीएल विघटन गर्नुपरे कांग्रेस र एमाले पनि विघटन गर्नुपर्छ।

**रामबहादुर थापा**
**नेता, नेकपा (माओवादी)**

संविधान बनाउने मेरो जिम्मेवारी अझै बाँकी छ।

**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

भारत नेपालका माओवादीसँग निरन्तर सम्पर्कमा छ।

**डा. मनमोहन सिंह**
**भारतीय प्रधानमन्त्री**

पत्रकारहरूले चिन्ता गर्नुपर्दैन। माओवादीको सरकारमा प्रेस पूर्ण स्वतन्त्र हुनेछ।

**डा. बाबुराम भट्टराई**
**नेता, नेकपा (माओवादी)**

ढुक्क हुनुहोस्, राजा रहन्छन्।

**कमल थापा, अध्यक्ष, राप्रपा नेपाल**

बुद्धको ज्ञानको खाँचो सबैभन्दा बढी माओवादीलाई छ।

**शेरबहादुर देउवा**

## कान्तिपुर समाचार डायरी

### दुई हजार घाइतेको उपचार

जनआन्दोलन घाइतेको उपचार निर्देशन तथा व्यवस्थापन समितिले जनआन्दोलन-२ का क्रममा घाइते भएकामध्ये करिब २ हजार ३ सय जनालाई उपचार तथा आर्थिक सहायता प्रदान गरिसकेको जनाएको छ। समितिमा परेको ३ हजार ५ सय निवेदनमध्ये २ हजार ६ सय २७ जनाको वर्गीकरण गरिसकिएको जानकारी समितिले दिएको छ। जनआन्दोलनका क्रममा करिब ७ हजार घाइते भएको बताइएको छ। घाइतेको उपचार तथा राहतका लागि समितिले ३ करोड ८० लाख रुपैयाँ वितरण गरिसकेको छ। समितिले गम्भीर प्रकृतिका घाइते मुकेश कायस्थ, विष्णुलाल महर्जन तथा रबिन श्रेष्ठलाई जनही ९ लाख ५० हजार रुपैयाँको दरले क्षतिपूर्ति उपलब्ध गराएको थियो।

### आर्थिक वृद्धिदर घट्ने

चालू आर्थिक वर्षमा आर्थिक वृद्धि ४ प्रतिशतभन्दा कम हुने भएको छ। सरकारले यो वर्षको बजेट सार्वजनिक गर्दा पाँच प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो। गत माघमा बजेटको मध्यावधि समीक्षा गर्दा उक्त लक्ष्यलाई साढे चार प्रतिशतमा झारिएको थियो। केन्द्रीय तथ्यांक विभागले भने चालू वर्षको आर्थिक वृद्धि ४ प्रतिशतभन्दा कम रहने प्रारम्भिक तथ्यांक जारी गरेको छ। हालै मात्र सार्वजनिक भएको एसियाली विकास बैंकको वार्षिक प्रतिवेदन एसियन डेभलपमेन्ट आउटलुकमा यो वर्ष नेपालको आर्थिक वृद्धि ३ दशमलव ८ प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण गरिएको थियो। यो वर्ष कृषिक्षेत्रको वृद्धिदर ५ दशमलव १ तथा औद्योगिक क्षेत्रको वृद्धिदर ० दशमलव ४ प्रतिशतमात्र रहने अनुमान गरिएको नेपाल राष्ट्र बैंकले जनाएको छ। तथ्यांक विभागले आर्थिक वर्ष ०६४/६४ को पहिलो ६ महिनाको अवधिमा औद्योगिक उत्पादन सूचकांक शून्य दशमलव २ प्रतिशतले ऋणात्मक रहेको देखाएको छ। अघिल्लो वर्षको यसै अवधिमा औद्योगिक उत्पादन सूचकांक २ दशमलव १ प्रतिशतले बढेको थियो। सेवा क्षेत्रको वृद्धिदर भने अघिल्लो वर्षकै जस्तो ४ दशमलव १ प्रतिशतको हारहारीमा रहने प्रारम्भिक अनुमान छ।

### फछ्र्योट गर्नुपर्ने रिटको संख्या झन्डै ३ हजार

आर्थिक वर्ष ०६३/६४ मा सर्वोच्च अदालतमा विचाराधीन रहेका रिट निवेदनको संख्या २ हजार ७ सय ६५ रहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनले देखाएको छ। आर्थिक वर्ष २०६२/६३ मा विचाराधीन अवस्थामा रहेका रिटको संख्या २ हजार ६ सय ८३ थियो। आर्थिक वर्ष ०६२/६३ को तुलनामा आर्थिक वर्ष ०६३/६४ मा विचाराधीन अवस्थामा रहेको रिट निवेदनको संख्या ८२ ले बढी छ। आर्थिक वर्ष ०६३/०६४ मा जम्मा १ हजार ३ सय ३९ रिट निवेदन सर्वोच्च अदालतमा दर्ता भएको प्रतिवेदनमा उल्लेख गरिएको छ। आर्थिक वर्ष ०६३/६४ मा ३१ दशमलव २५ प्रतिशत रिट निवेदन फछ्र्यौट गरिएको छ। यसैगरी सर्वोच्च अदालतको विशेष इजलासले आर्थिक वर्ष ०६३/६४ मा विभिन्न प्रकारको रिट निवेदनमध्ये अधिकार इच्छाको माग भैआएको रिट निवेदन सबैभन्दा बढी शतप्रतिशत नै फछ्र्यौट गरेको छ। त्यसपछि परमादेशको माग भैआएको रिट निवेदनमध्ये ६६ दशमलव ६७ प्रतिशत रिट निवेदनमा अन्तिम किनारा लागेको छ। विशेष इजलासले नै उत्प्रेषणको आदेश माग गरी आएका रिट निवेदनमध्ये ४५ दशमलव ५६ प्रतिशत फछ्र्यौट गरेको छ।

## हाम्रो नेपालमा

### एक रुपैयाँ कप चिया



तपाईं एक कप चियाका लागि कति मूल्य चुकाउनुहुन्छ ? प्रतिकप औसत पाँच रुपैयाँ, तर मोरङ जिल्लाको इन्द्रपुर गाविस वडा नम्बर ४ विराटचोकमा रहेको एक चियापसलमा अझै पनि एक रुपैयाँमा एक कप चिया पाइन्छ। त्यसैले पनि उक्त पसलमा चिया पिउने मानिसको भीड लाग्छ। जाडो मौसममा प्रतिदिन १ हजार ५ सयदेखि १ हजार ६ सय कप तथा गर्मी मौसममा प्रतिदिन ७ देखि ८ सय कप चिया बिक्री हुने गरेको पसलकी सञ्चालिका कृष्णमाया सापकोटा बताउँछिन्। चिया बिक्रीबाट मासिक ८-९ हजार रुपैयाँ नाफा हुने गरेको उक्त चियापसलको आम्दानीबाट सापकोटाले आफ्ना चार छोरीको विवाह गरिसकेकी छिन् भने दुई छोरालाई अंग्रेजी स्कुलबाट एसएलसीसम्म पढाएकी छिन। विगत १८ वर्षदेखि एक रुपैयाँ कप चिया बेच्दै आएकी सापकोटाले सोही पसलको आम्दानीबाट विराटचोकमा ८ लाख रुपैयाँको लगानीमा ५ कोठे घरसमेत बनाएकी छिन। सस्तो मूल्यमा चिया बिक्री गर्नुको कारण बताउँदै सापकोटा भन्छिन्- गरिब दुखी सबैले चिया खान पाऊन्।

### लिंग काटेर श्रीमान्को हत्या



कुनै पनि विवाहित महिलाले आफ्ना पतिसँग रतिसुखको चाहना गर्छन्। यो स्वाभाविक कुरा हो तर सिन्धुपाल्चोक हैबुङ गाविस वडा नम्बर ६ टुल्कु टोलकी २६ वर्षीया सुनुमाया तामाङले आफ्ना पति रणबहादुर तामाङको लिंग नै काटी हत्या गरेकी छन्। समाचारअनुसार सुनुमायाले पतिले आफूसँग यौनसम्पर्क राख्न नमानेपछि आफ्नो आवेग थाम्न नसकेर पतिको लिंग काटेर हत्या गरेको बताएकी छिन्। उनले हँसियाले पतिको लिंगमा प्रहार गरेकी थिइन। हँसियाले लिंगको केही भाग काटिएका कारण रणबहादुरको घटनास्थलमा नै मृत्यु भएको थियो। हत्यापछि फरार सुनुमायालाई प्रहरीले पक्राउ गरिसकेको छ र उनलाई इलाका प्रहरी कार्यालय मेलम्चीमा राखिएको छ।

### ढुंगाबाट पानी निस्कने अनौठो पोखरी

म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारदेखि ३ किलोमिटर उत्तरमा रहेको पवित्र तीर्थस्थल गलेश्वरधाममा ढुङ्गाबाट मूल फुटेर बनेको पोखरी भूगर्भविद्हरूका लागिसमेत आश्चर्यको विषय बनेको छ। विशाल चट्टानमाथि अवस्थित गलेश्वर शिवालयको छेउमा रहेको पोखरी ढुङ्गामाथि ढुङ्गालाई नै खियाएर बनेको छ। यहाँ ढुङ्गाभित्रबाट नै पानी निस्कने गरेको छ र त्यो पानीका कारण त्यहाँ करिब २० मिटर लामो १० मिटर गहिरो पोखरी बनेको छ। गलेश्वर मन्दिरका मूल पूजारी यामप्रसाद आचार्यका अनुसार पोखरीमा दुङ्गाभित्रबाट नै पानी आउँछ। जस्तै ठूलो वर्षा खडेरी हुँदा पानीको सतहमा घटबढ नहुने पुजारी आचार्य बताउँछन्।

**र अन्तमा**

विदेशमा रोजगारीका लागि गएका श्रीमान्लाई घरको सन्चो-बिसन्चोको खबर दिन चिठी पठाउने चलन पुरानो हो, तर पर्वतका दलित बस्तीका महिलाहरूले खबर दिन चिठीसँगै सुरक्षित यौनसम्पर्कका लागि कन्डम पनि पठाउन थालेका छन्। समाचारअनुसार जिल्लाको पाङ्ग गाविस वडा नम्बर ७ को दलित बस्ती ततरकोटका महिलाले अहिले एक जनासँग बाहेक यौनसम्पर्क गर्नु हुँदैन भनेर चिठी लेख्न थालेका छन्। यदि बाध्यतावश अपरिचितसँग सम्पर्क गर्नैपरे प्रयोग गर्नु भन्दै चिठीमा कन्डमसमेत पठाउन थालेका छन्। असुरक्षित यौनसम्पर्कबाट एचआईभी र एड्स लाग्छ भन्दै छिमेकीमा समेत शिक्षा दिने यी महिलाहरूले विदेशमा रहेका श्रीमान्लाई कन्डम उपहार पठाउन थालेका हुन्।

# क्यारियर छनौटको अधिकार कसलाई ?

प्रायः आमाबाबु आफ्ना छोराछोरीलाई आफ्नो भविष्यका सम्बन्धमा निर्णय गर्न उमेर नभएको वा परिपक्व भैनसकेको बताउँछन् । अतः आफ्ना छोराछोरीको क्यारियरका सम्बन्धमा प्रायः आमाबाबुले नै निर्णय लिएको पाइन्छ । कुनै पनि विषयमा पूर्ण ज्ञान नहुने भएकाले कुन विषयमा कस्तो स्कोप छ, त्यसको महत्त्व र आवश्यकता, भविष्यमा त्यसको उपयोगिता र त्यसको लाभका बारेमा छोराछोरीले भन्दा तिनका बाबुआमा नै बढी जानकार हुन्छन् भन्ने अधिकांश अभिभावकको मान्यता छ । बालबालिका प्रायः कल्पनामा जिउने, कुनै सुनौलो सपनातर्फ आकर्षित भएर त्यसतर्फ दौडने खालका हुन्छन् । अनुभवको कमीका कारण उनीहरू भड्किन सक्ने सम्भावना बढी हुने भएकाले मातापिताले नै तिनका क्यारियरका बारेमा निर्णय लिनु उचित हुन्छ भन्ने मान्यता पनि अभिभावक वर्गमा पाइन्छ । 'हामी त अन्जान थियौं, हाम्रो समयमा सल्लाह दिने पनि कोही भएन, गल्ती भयो, अब हाम्रा छोराछोरीले गल्ती नगरून्' भन्ने भावना पनि अभिभावकवर्गमा देखिन्छ । कैयन् मातापिता त विवाह नै जीवनको एकमात्र लक्ष्य मानेर छोरीले धेरै पढ्न वा क्यारियर बनाउन आवश्यक मान्दैनन् । उनीहरूको तर्क हुन्छ विवाहपश्चात् घर, किचेन, बालबच्चा सम्हाल्ने हो भने क्यारियर बनाउने कुरामा किन समय बर्बाद गर्ने ? बरु घरको कामकाज सिक्नु राम्रो ।

अभिभावक वर्गमा आफ्ना छोराछोरीको क्यारियरका सम्बन्धमा देखिने उल्लेखित विचारसँगै बालबालिकामा पनि आफ्नो क्यारियरका बारेमा कैयन् चाहना एवं सपना हुन्छन् । यदि तिनलाई आफ्नो मातापिताको जीवनशैलीप्रति कुनै गुनासो छैन भने तिनीहरू हरसम्भव आफ्ना मातापिताको बाटोतर्फ नै अग्रसर हुन खोज्छन् । कैयन् अवस्थामा बालबालिका आफ्ना अभिभावकको भन्दा फरक जीवन बिताउन चाहन्छन्, स्वयं केही गरेर देखाउने इच्छा राख्छन् । आफ्ना मातापिताको जीवनमा देखिएको कमी पूरा गर्ने चाहना तिनमा रहन्छ । सम्झौताको जीवन जसरी आफ्नो अभिभावकले बिताए त्यसरी नै आफू बाँच्न उनीहरू चाहँदैनन् र आफ्नै ढंगले आफ्नो भविष्य कोर्नतर्फ अग्रसर हुन्छन् ।

बालबालिकाको शौक, इच्छा र क्षमताअनुसारको क्यारियरबाटै उसले राम्रो भविष्य कोर्न सक्छ । मातापिताबाट छनौट गरिएको क्यारियरमा उसको लगाव छैन भने उसको मेहनत गर्ने गतिमा सुस्तता त आउँछ नै साथै उसले सफलता पनि हासिल गर्न सक्दैन । युवापुस्ता आफ्नो भाग्य आफै कोर्न चाहन्छ र निर्णय पनि स्वयं लिन चाहन्छ तर आफ्ना क्यारियरका लागि मार्ग प्रशस्त हुने कुरामा अभिभावकबाट सहयोगको अपेक्षा पनि उत्तिकै हुन्छ । सुविधा र सहजता उपलब्ध गराउने विषयमा यदि दबाब सिर्जना भए सहयोगको अर्थ रहँदैन । अतः सहयोग गर्दा यस विषयमा पनि सचेत हुनु पर्छ । कैयन् अवस्थामा आफ्ना सपनालाई आफ्ना छोराछोरीमार्फत् सजीव गराउने प्रयास पनि आमाबाबुबाट हुन्छ । यसबाट तिनमा अनावश्यक दबाब पर्छ । यदि अभिभावकले आफ्नो इच्छा पूरा गर्न सकेनन् भने के त्यसलाई पूरा गर्ने जिम्मेबारी तिनका छोराछोरीको हो त ? यदि हो भने छोराछोरीको आफ्ना इच्छा-आकांक्षाको अर्थ के रहन्छ ? आमाबाबुको इच्छा पूरा गर्ने क्रममा आफ्नो इच्छालाई बलिदानको कसौटीमा राखेर अघि बढ्ने बाध्यता भए जीवन सफल एवं सुखमय हुने सम्भावना कम रहन्छ । किनकि आफ्नो चाहनाको बलिदान दिएर अरूको खुसीका लागि बाँच्न कठिन हुन्छ ।

जहाँसम्म मातापिताको अनुभवको कुरा छ, यसमा विचार गर्नुपर्ने कुरा के छ भने, यदि बालबालिका मात्र कागजी ज्ञान, सुनेका कुरामा विश्वास गरेर अगाडिको बाटो तय गर्न खोज्दैछन् भने उनीहरू भट्किने सम्भावना रहन्छ । अर्कातर्फ युवापुस्ताको विचारलाई नियाल्ने हो भने उनीहरू पनि केही हदसम्म सही छन् । यदि उनीहरूको भविष्य बनाउने हो भने क्यारियर छनौटका बारेमा निर्णय लिंदा तिनको पनि राय लिनु आवश्यक हुन्छ । यदि तिनको क्षमता र योग्यतालाई नजरअन्दाज गरियो र त्योभन्दा फरक काम तिनलाई दिइयो भने असफलताको स्थिति सामना गर्नुपर्ने हुन्छ । यो स्थिति दुखदायी हुन सक्छ । जसका कारण तिनीहरू विरोधी स्वभावका बन्न पुग्छन्, भावुक बन्न सक्छन्, तिनमा नैराश्यता हावी हुनसक्छ । यहाँसम्म कि आत्महत्या, लागू औषध दुर्व्यसन आदिको सम्भावना पनि उत्पन्न हुन सक्छ ।

जहाँसम्म सुविधा उपलब्ध गराउने कुरा छ, त्यो हरेक मातापिताको जिम्मेवारी हो । यसका लागि यदि मातापिता आफ्ना छोराछोरीलाई सहयोगको अनुभूति गराउँछन् भने तिनको ध्यान क्यारियरमा केन्द्रित नभएर मातापिताको आकांक्षा र उनका कुराको पूर्तिमा अग्रसर हुन्छ । यसबाट क्यारियरतर्फको मार्ग प्रशस्त हुने सम्भावना कम हुन्छ । उल्लेखित कुराका अतिरिक्त युवापुस्ताको क्यारियर छनौटमा विभिन्न परिस्थितिले पनि प्रभाव पुऱ्याउँछ । परिस्थिति अर्थात् पैसा, पहुँच, घरको वातावरण एवं क्यारियरप्रतिको लगनशिलता ।

विदेश गएर पढ्ने र पढाउने सोच होला तर त्यसका लागि आर्थिक स्थिति सबल छैन भने त्यो सम्भव हुँदैन । यो परिस्थितिमा सम्झौता गर्ने वा ऋण खोजेर क्यारियरतर्फ बढ्ने बाहेक अर्को विकल्प बाँकी रहँदैन । क्यारियरका लागि कुन बाटो चयन गर्ने हो, त्यो बाटो कहाँबाट निस्कन्छ, कसले साथ दिन्छ आदि कुराले पनि बालबालिकाको क्यारियर तय गर्छ । यदि कोही गाउँमा छ र पाइलट बन्ने सपना देखिरहेको छ, जहाँ त्यस्तो सुविधा छैन भने त्यहाँ बसेर क्यारियर तय हुन सक्दैन । यसका लागि पहिलो त प्रशिक्षणसम्बन्धी सम्पूर्ण जानकारी जुटाउनुपर्ने हुन्छ । त्यसपछि त्यसका लागि आवश्यक पैसा एवं साहस संकलन गर्नुपऱ्यो, जसले गर्दा क्यारियरतर्फ अघि बढ्न सकियोस् । यी सबैका साथै लगनशीलता र गम्भीरता पनि उत्तिकै आवश्यक छ ।

यदि घरको वातावरण बालबालिकाको क्यारियरको बाटोमा बाधक बन्छ भने उसको क्यारियरले गति लिन पाउँदैन । त्यसैगरी यदि उसलाई क्यारियर बनाउन आवश्यक सुविधा उपलब्ध गराइँदैन र कोही उसको साथ दिन चाहँदैन भने पनि उसले क्यारियर बनाउने सम्भावना कम रहन्छ । आफ्नो क्यारियरप्रति व्यक्ति कति गम्भीर छ र लगनशील छ, यसमा पनि व्यक्तिको क्यारियर छनौट निर्भर गर्छ । दृढ निश्चय, धैर्य, आत्मविश्वास, आत्मबल र निरन्तर प्रयासबाट नै व्यक्ति आफ्नो क्यारियरमा सफल हुन सक्छ । अतः व्यक्तिमा यी गुण हुनु आवश्यक छ ।

क्यारियर बालबालिकाको भावी जीवनको महत्त्वपूर्ण निर्णय भएकाले यससम्बन्धी कुनै पनि निर्णयमा पुग्दा बालबालिका र अभिभावक दुवैको खुसी सामेल हुनु आवश्यक छ । मातापिताले नै पहल गरेर आफ्ना छोराछोरीको मनको इच्छा बुझ्नु बुद्धिमानी हुन्छ । तिनको क्षमताको मूल्यांकन गर्नुपर्छ । उसको विश्वास जितेर क्यारियरका सम्बन्धमा राम्रा-नराम्रा सरल र मुस्किल परिस्थितिका बारेमा जानकारी दिनु उचित हुन्छ । उपदेशभन्दा सल्लाह र सहयोग दिनु राम्रो हुन्छ । यसैगरी बालबालिकाले पनि मातापिताको अनुभवलाई सकेसम्म बढी उपयोग गर्ने प्रयत्न गर्नुपर्छ, जसले गर्दा कुनै गल्ती नहोस् । अभिभावक र छात्रछात्रा मिलेर निर्णय गरे प्रतिकूल परिस्थिति पनि अनुकूल हुनसक्छ । बाटो चाहे कठिन किन नहोस्, यदि साथ राम्रो छ, मौसम अनुकूल छ भने अवश्य पनि यात्रा सुखद् र सुगम बन्न सक्छ ।

– रोजिन शाक्य

# कलेज कहाँ पढ्ने ?



यस वर्षको एसएलसी परीक्षाको नतिजा असारमा मात्र प्रकाशित हुने भए पनि अहिलेदेखि नै कलेज शिक्षाको तयारीमा जुट्नेहरू यत्रतत्र भेटिन्छन् । सेन्ट-अप परीक्षाको प्राप्तांकका आधारमा कलेजहरूले भर्ना लिइदिने हुनाले पनि विद्यार्थीहरू कलेज बुझ्दै हिँडेका हुन सक्छन् । उता एसएलसी परीक्षा कहिले सकिएला र कलेज पढ्न राजधानीमा छिरौंला भन्नेहरू मोफसलमा धेरै भेटिन्छन् । विद्यालय शिक्षा घर वरपर लिए पनि कलेजचाहिं राजधानीमै पढ्नुपर्छ भन्ने संस्कृति बढ्दो छ । त्यसो त एसएलसी परीक्षा सकिन पाउँदा-नपाउँदै मोफसलमा रहेका आफन्तहरूले राम्रो कलेज खोजिरहन गरेको आग्रहसमेतले राजधानीमै कलेज पढ्नुपर्छ भन्ने मान्यताले कति जरो गाडेको छ प्रस्ट हुन्छ । अरूको लहैलहैमा लागेर (आफ्नो आर्थिक हैसियतविना) कोही कलेज पढ्ने भनेर ऋण गरी राजधानी छिर्न चाहन्छ भने त्यसलाई पनि उचित मान्न सकिँदैन ।

अहिले मोफसलमा पनि धेरै कलेज यस्ता छन्, जुन भौतिक सुविधा सम्पन्न त छँदैछन्, तिनको शैक्षिक वातावरण तथा उपलब्धिसमेत सन्तोषजनक छ । अर्कातर्फ आकर्षक विज्ञापनका भरमा हजारौं विद्यार्थी बटुलेर करोडौं नाफा कुम्ल्याउने राजधानीका केही कलेजको रिजल्ट हेऱ्यो भने जिब्रो टोक्नुपर्ने अवस्था छ । यस प्रकार मोफसलमा पढ्ने कि राजधानीमा भन्दा पनि कस्तो शैक्षिक वातावरण भएको कलेजमा पढ्ने भन्ने कुरा अहम हो ।

जतिसुकै भौतिक सुविधा र दक्ष प्राध्यापकहरू भए पनि शैक्षिक वातावरण राम्रो छैन भने त्यस्ता कलेजका उत्पादनहरू खासै फलदायी हुँदैनन् । त्यस्ता कलेजका विद्यार्थी राम्रो नम्बर ल्याएर उत्तीर्ण त होलान्, तर उनीहरू असल शिक्षा र चरित्र बोक्न नसक्ने हुन्छन् । त्यसैले विद्यार्थीहरूको भावनाको कदर हुने, उनीहरूको स्वतन्त्रताको सम्मान हुने र संस्कारयुक्त वातावरणमा पढाउने कलेज छान्न सक्नु अहिलेको चुनौती हो । जुन कलेजले विद्यार्थीहरूको अधिकार र कर्तव्य बुझाइदिन सक्छ, त्यो नै उत्कृष्ट कलेजमा पर्छ । जस्तो कि– पढाएका बेलामा नबुझेका कुरा सोध्न पाउनु विद्यार्थीहरूको अधिकार हो भने शिक्षकले पढाएको पाठको नियमित तयारी गर्नु विद्यार्थीको कर्तव्य । यस्ता कलेज धेरै थोरै छन्, जसले विद्यार्थीहरूलाई उत्प्रेरणा दिएर अध्ययनप्रति आकर्षित गर्न सकेका छन् । त्यसैले कलेज भर्ना गर्नुअघि प्रत्येक अभिभावकले एकपटक कलेजको भ्रमण गरेकै हुनुपर्छ ।

प्रोफेसनलले चलाएको कलेज व्यापारिक मनस्थितिले चलाएकाको भन्दा पक्कै राम्रो हुने भएकाले कलेज छान्दा कलेज सञ्चालकका बारेमा समेत जानकारी लिनु राम्रो हुन्छ । पुस्तकालय, खेलमैदान तथा परामर्शदाताको व्यवस्था छ-छैन जस्ता सामान्य कुराको छड्के जाँचबाट पनि कलेजको भौतिक तथा शैक्षिक वातावरणको मूल्यांकन गर्न सकिन्छ । व्यक्तिको जीवनमा आइपर्ने शैक्षिक, व्यावसायिक एवम् संवेगात्मक विकासका महत्त्वपूर्ण पक्षमा व्यक्तिगत सल्लाह र परामर्शले सहयोग गर्ने भएकाले मार्गनिर्देशन एवम् परामर्शको व्यवस्था भएका कलेजलाई पहिलो प्राथमिकतामा राख्नु उचित हुन्छ । यसैगरी शिक्षाको सर्वाङ्गीण विकासका लागि अतिरिक्त क्रियाकलापहरूको पनि अहम भूमिका रहने भएकाले अध्ययनका साथसाथै अतिरिक्त क्रियाकलाप समेतलाई ध्यान दिने कलेजलाई छनौटका क्रममा पार्नुपर्छ । कलेज छान्न विद्यार्थीहरूले जुन सक्रियता देखाउँछन्, त्यो आफैंमा स्वागतयोग्य देखिन्छ । यसमा अभिभावकहरूले केही साथ दिने हो भने सुनमा सुगन्ध हुन्छ । आफ्ना नानीहरूलाई उनीहरूको चाहना जे सुकै भए पनि आफ्नो इच्छानुरूपको विषय रोज्न दबाब दिन खोज्ने अभिभावकहरूले त्यो शक्ति राम्रो शैक्षिक वातावरण भएको कलेज पहिल्याउन लगाउनुपर्छ, न कि जबरजस्ती छोराछोरीको इच्छाबिनाको विषय पढाउन ।

अभिभावकहरू अलिकति मात्र जिम्मेवार भैदिने हो र विद्यार्थीहरू पनि सचेत बनिदिने हो भने कलेज सञ्चालकहरूले ठगी र लापरवाही गर्न पाउँदैनन् । यसैगरी राम्रो र नराम्रो कलेजबीचको फरक पनि छुट्याउन सजिलो हुन्छ । जसले गर्दा चाहेको शैक्षिक उपलब्धि पनि प्राप्त हुन्छ । यसबाट विद्यार्थीहरूको मानसिक, बौद्धिक, शैक्षिक, संवेगात्मकलगायत सम्पूर्ण विकास त हुन्छ नै, साथसाथै व्यक्ति, परिवार तथा सारा राष्ट्र नै लाभान्वित हुनेछ । त्यसैले कहाँ पढ्ने भन्दा पनि कस्तो शैक्षिक वातावरण भएको कलेजमा पढ्ने भनेर सोच्ने कि ?

# लोकप्रिय उच्च माध्यमिक तहको शिक्षा धरापमा

केदारनाथ कोइराला



बुद्धिजीवी, अभिभावक र विद्यार्थी संगठनहरूले जतिसुकै लगानी बढाउनुपर्ने कुरा गरे पनि उच्च माध्यमिक विद्यालय नेपाल सरकारको प्राथमिकतामा दस जोड दुईको शिक्षा परेको छैन। अरू तहको तुलनामा सामुदायिक उच्च माध्यमिक विद्यालयहरूमा सरकारको लगानी शून्य छ। शिक्षाक्षेत्र शिशु कक्षादेखि विद्यावारिधिसम्म परे पनि कुन तहलाई कति लगानी र कस्तो जनशक्ति आवश्यक छ भन्ने कुरामा सरकारको स्पष्ट नीति छैन।

लथालिङ्गे देशको भताभुङ्गे चाला जसले सक्छ उसले खाला भन्ने नीतिमा अहिले नेपालको शिक्षा सञ्चालन भएको छ। शिक्षामा सुधार गर्ने कुरा गरेर नथाक्ने पार्टीलाई जनताले यसपालि सरकार चलाउन र देशको संविधान बनाउन नेतृत्वदायी भूमिका दिएका छन्। अब देशको शिक्षा नीति कस्तो बन्ने हो त्यो भने सबैको प्रतीक्षाको विषय बनेको छ। उच्च माध्यमिक शिक्षा परिषद्भित्र देखिएको अहिलेको गाईजात्राले यो तह साँच्चै धरापमा परेको प्रस्ट हुन्छ। उच्च माध्यमिक तहको शिक्षामा जसले जे गरे पनि छुट छ। त्यहाँ कसैलाई पनि नियम-कानुन लाग्दैन, यो तह हेलमेट शिक्षकबाट सञ्चालन भएको १६ वर्ष बितिसक्दा पनि स्थायी शिक्षकको व्यवस्था हुन सकेको छैन। पढाउने शिक्षकको व्यवस्था नभएको संस्थाका पदाधिकारीले भने नियम र विनियममै नभएको तलबभत्ता लुड्याउँदै आएका छन्।

गाउँघरका गरिब, दु:खीका छोराछोरीलाई शिक्षा दिन खोलिएको परिषद्ले सर्वसुलभ शिक्षा गाउँगाउँका माध्यमिक विद्यालयसम्म पुऱ्याउन सकेको छैन। गाउँगाउँमा उच्च माध्यमिक तहको शिक्षाको विकास गर्न बसेका संस्थाका पदाधिकारीले आफ्नै दुनो सोझ्याएको देख्दा उच्च माध्यमिक तहको शिक्षामा सुधार नहुने प्रस्ट देखिन्छ। सरकारको लगानीमा नपरेको कक्षा ११ र १२ को शिक्षा पूरै व्यापारीकरण भएको छ। सरकारले यो तहको शिक्षा कमजोर आर्थिक अवस्था भएका नेपालीका छोराछोरीले पढ्न सक्ने बनाउन सकेको छैन भने शिक्षाक्षेत्रमा काम गर्नेहरूले उक्त तहको शिक्षालाई सर्वसुलभ बनाउने सुझाव दिनुभन्दा आफैंले कलेज सञ्चालन गरेर नाफा कमाउन व्यस्त देखिएका छन्। सरकारले थोरै भए पनि लगानी गरेको तह प्राथमिकदेखि माध्यमिक र विश्वविद्यालयको उच्च शिक्षा हो।

माध्यमिक तहभन्दा माथि र उच्च शिक्षाको बीचमा रहेको दसौं पञ्चवर्षीय योजनाले विद्यालय तह भनेर किटान गरेको उच्च माध्यमिक विद्यालयलाई सरकारले स्थापना कालदेखि नै सौताको व्यवहार गर्दै आएको छ। सरकारले अहिले उच्च शिक्षाको प्रवीणता प्रमाणपत्रदेखि स्नातकोत्तर तहसम्म प्रतिवर्ष प्रतिविद्यार्थीलाई २१ हजारदेखि ६१ हजारसम्म लगानी गरेको छ। यसमा इन्जिनियरिङ र चिकित्सा क्षेत्रका विद्यार्थीमा सरकारको लगानी प्रतिवर्ष त्यसको दोब्बर र तेब्बर छ। यसैगरी शिशु कक्षादेखि प्राथमिक तहमा प्रतिविद्यार्थी वार्षिक ३ हजार ७ सय ९६ रुपैयाँ छ भने माध्यमिक तहमा ४ हजार ७ सय ५५ रुपैयाँ छ तर उच्च माध्यमिक विद्यालयका विद्यार्थीलाई प्रतिविद्यार्थी वार्षिक केबल २ सय ५४ रुपैयाँ मात्र। अरू तहको तुलनामा यो लगानी शून्य बराबर हो।

निजी उच्च माध्यमिक विद्यालयहरूले जस्तै उच्च माध्यमिक विद्यालय सञ्चालन गर्न सामुदायिक विद्यालयहरूले पनि नगद धरौटी राख्नुपर्ने व्यवस्थाका कारण गरिब समुदायले आफ्नो गाउँमा विद्यार्थी संख्या मनग्गे पुगे पनि विद्यालय सञ्चालन गर्न सकेका छैनन्। सामुदायिक उच्च माध्यमिक विद्यालय सञ्चालन गर्ने गाउँका सामान्य जनतालाई पनि सरकारले संस्थागत विद्यालय सञ्चालन गर्ने व्यक्तिहरूको दाँजोमा नगद धरौटी अनिवार्य राख्नैपर्ने र विद्यालय व्यवस्थापकहरूले आफैले शिक्षक राख्न सक्नुपर्ने, शिक्षकको तलब-भत्ता समेत अभिभावक वा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले चन्दा उठाएर दिनुपर्ने बाध्यताका कारण सबै सामुदायिक माध्यमिक विद्यालयमा यो तहको शिक्षा सञ्चालन गर्नसक्ने अवस्था छैन।

सरकारी अर्थात् सामुदायिक उच्च माध्यमिक विद्यालयमा विज्ञान पढ्ने विद्यार्थीले प्रतिमहिना सात सयदेखि एक हजारसम्म शुल्क तिर्नुपर्छ। व्यवस्थापन र मानविकी संकायमा पाँच सयदेखि सात सयसम्म शुल्क तिर्नुपर्छ। भर्ना शुल्क भने विद्यालयपिच्छे छुट्टै लिने गरिएको छ। निजी उच्च माध्यमिक विद्यालयहरूमा भर्ना शुल्क तिर्ने क्षमता अधिकाशं नेपालीमा छैन्। यसैगरी मासिक शुल्क विज्ञान संकायमा दुइ हजार देखि तीन हजार रुपैयाँसम्म र व्यवस्थापन, मानविकी संकायमा एक हजार पाँचसय देखि दुइ हजारसम्म तिर्नुपर्छ।

एसएलसी जेनतेन उत्तीर्ण गरेका धेरै गरिबका छोराछोरी भर्ना र मासिक शुल्क तिर्न नसकेर यो तहको शिक्षाबाट वञ्चित छन्। यसमा सुधार गरी विद्यार्थीको शुल्क घटाई, सबै सामुदायिक उच्च माध्यमिक विद्यालयमा राज्यले भौतिक पूर्वाधारको व्यवस्थाका साथै स्नातकोत्तर तह उत्तीर्ण गरेका विषगत शिक्षकको व्यवस्था तत्काल गर्नुपर्छ। अहिलेसम्म सामुदायिक उच्च माध्यमिक विद्यालयहरूले शिक्षक राख्न नसकेर भोग्दैआएको पीडादायक कथा-व्यथालाई विश्लेषण गर्दा उच्च माध्यमिक विद्यालयहरूलाई सरकारले सौताको व्यवहार गरेको ठोकुवा गर्न सकिन्छ।

उच्च माध्यमिक तहको शिक्षा अर्थात् दस जोड दुईमा सरकारले लगानी नबढाएका कारण प्रवीणता प्रमाणपत्र तह विश्वविद्यालयबाट हटाउन नसकिएको हो। यो कुरा सरकारमा बस्नेहरूले बुझीबुझी बुझपचाएका छन्। क्याम्पसमा अध्ययन, अध्यापन हुने प्रवीणता प्रमाणपत्र तहको जस्तै भौतिक पुर्वाधार भएको र कम शुल्कमा पढ्न पाइने व्यवस्थाका साथै पुस्तकालय तथा सरकारले तलब-भत्ता उपलब्ध गराएका क्याम्पसका प्राध्यापककै दाँजोमा दस जोड दुईमा शिक्षकको व्यवस्था हुने हो भने गरिबका छोराछोरी घर गाउँमै बसेर १२ कक्षासम्म अध्ययन गर्ने थिए। क्याम्पसमा सस्तो शुल्क र सबै खालका सुविधाका साथै स्नातकोत्तर तह र विद्यावारिधि गरेका बौद्धिकताको कसीमा खारिएका प्राध्यापक भएका कारण विद्यार्थीको आकर्षण बढेको हो। यी सबै सुविधा गाउँको सामुदायिक उच्च माध्यमिक विद्यालयमा विद्यार्थीले पाउने हो भने कुम्लोकुटुरो बोकेर सस्तो शुल्क खोज्दै सहर केन्द्रित क्याम्पस धाउने थिएनन्।

शिक्षामा सुधार गर्न त्यसलाई नि:शुल्क गरेर हुँदैन, संरचनामा व्यापक परिवर्तन आवश्यक छ। राष्ट्रले धान्न सक्छ भने दुई फिट उफ्रेर नि:शुल्क शिक्षाको माग गर्नुभन्दा त्यसलाई कार्यान्वयन गर्नु उपयुक्त होला। शिक्षाको संरचना बनाउँदा कक्षा १ देखि १२ सम्म विद्यालय शिक्षाका रूपमा राखिने अहिलेको व्यवस्था अनुसार १ कक्षादेखि ८ सम्मलाई आधारभुत तथा प्राथमिक शिक्षा नामकरण गरिनु पर्छ र यो तहलाई अनिवार्यका साथै नि:शुल्क गर्नुपर्छ। यो तहलाई मात्र शिक्षा मन्त्रालयको प्रत्यक्ष नियन्त्रणमा राखिनुपर्छ। यसैगरी कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक र उच्च माध्यमिक नामाकरण गरी, ९ देखि १२ सम्मको सम्पूर्ण रेखदेख अनुगमन, परीक्षा, व्यवस्थापन र नियन्त्रण उच्च माध्यमिक शिक्षा परिषद्ले गर्नुपर्छ। यो तहलाई शिक्षा मन्त्रालयले प्रत्यक्ष रेखदेख गर्न नपाउने र प्राज्ञिक स्वायत्तताको अवधारणा अनुसार उच्च माध्यमिक शिक्षा परिषद्को नेतृत्व तहमा प्राज्ञिक व्यक्ति राख्नुपर्छ।

परिषद्को विषय समिति र विभागीय प्रमुखहरूमा प्राध्यापकहरूमध्येबाट मनोनयन हुने व्यवस्था गर्नुपर्छ। यसका अतिरिक्त अहिले हुँदै आएको विद्यालय तहको अन्तिम परीक्षा एसएलसी नभई १२ कक्षालाई बोर्ड परीक्षाका रूपमा रूपान्तरण गरी एसएलसी परीक्षालाई माध्यमिक तहको परीक्षाका रूपमा केन्द्रबाट नभई विकास क्षेत्र वा संघीयताको अवधारण अनुसार उच्च माध्यमिक शिक्षा परिषद्ले सञ्चालन गर्नुपर्छ। हाल एसएलसी परीक्षा सञ्चालन गर्दै आएको परीक्षा नियन्त्रण कार्यालयका साथै शिक्षा विभागलाई उच्च माध्यमिक शिक्षा परिषद्मा गाभेर उच्च माध्यमिक शिक्षा परिषद्को भौतिक पूर्वाधार र जनशक्ति बढाउनुपर्छ तर अहिले परिषद्मा देखिएको पार्टीका कार्यकर्ता भर्ना गर्ने प्रथा भने पूर्ण रूपमा रोक्न सक्नुपर्छ। विकृति र विसंगतिका रूपमा रहेको विद्यमान ढिलासुस्ती, विद्यालय अनुगमन र सम्बन्धनका नाममा हुँदैआएको भ्रष्टाचार, नियन्त्रण गर्नुपर्छ। परीक्षा प्रणालीमा सुधार ल्याउन कुनै राजनैतिक पार्टीको सिफारिसका आधारमा अल्लारेहरूलाई परीक्षा सञ्चालन गर्न दिइनुहुँदैन। कम्तीमा पाँच वर्ष पढाएर परीक्षाको मर्म बुझेका शिक्षकलाई मात्र परीक्षाको काममा खटाउनुपर्छ। परिषद्भित्र देखा परेको राजनीतिकरणले लोकप्रिय हुँदैआएको दस जोड दुईको शिक्षा धाराशयी बन्ने अवस्थातिर जाँदैछ। यसलाई परिषद्को नेतृत्वले बुझ्नु आवश्यक छ।

करिब ४ लाख विद्यार्थी पढ्ने उच्च माध्यमिक विद्यालयहरूलाई सञ्चालन गर्ने नेतृत्वले केही समयदेखि निरन्तर रूपमा राजनैतिक आधारमा काम गर्दै आएको छ, यसलाई सरोकारवालाहरूले टुलुटुलु हेरेर बस्ने अवस्था छैन। उच्च माध्यमिक शिक्षा परिषद्भित्र कार्यरत उच्चपदस्थ कर्मचारीहरूले आफ्ना छोराछोरी पढाउने विद्यालयको नतिजा राम्रो बनाउने र आफ्नै छोराछोरीको प्रमाणपत्रमा भएभरको अंक लुँड्याउने प्रवृत्ति दुई वर्षदेखि निरन्तर बढ्दै गएको छ। कक्षा १२ को प्रमाणपत्र लिन बिहार धाइरहनु नपर्ने काम पनि परिषद्का कर्मचारीले गर्दैआएका छन्। यी र यस्तै खालका अरू थुप्रै विकृति र विसंगति उच्च माध्यमिक शिक्षा परिषद्भित्र झांगिदै गए विद्यार्थी र अभिभावकबीच लोकप्रिय बनेको प्लस टुको शिक्षा धाराशयी नहोला भन्न सकिदैन।

*(लेखक कान्तिपुर टेलिभिजनका पत्रकार हुन्।)*

**नयाँ प्रविधि**

## स्टिम आइरन




हेर्दा भ्याकुम क्लिनरजस्तो लाग्ने, तर कामचाहिँ आइरनको गर्ने डिभाइस बजारमा आएको छ। तल्लो भागमा रहेको एउटा सानो भाँडोजस्तो भागमा पानी राखेर यसलाई प्रयोग गर्न सकिन्छ। ग्री कम्पनीको यो आइरनलाई फिलिप्स कम्पनीले बजारमा ल्याएको हो। यसमा ब्रससमेत छ, यसले कपडाको धूलो र अन्य कणहरूलाई हटाउने काम गर्छ। चिल्लो सारीमा पनि नडढ्ने किसिमको प्रविधि यसमा प्रयोग भएको छ। ब्रसलाई आइरनमा राखेरै वा निकालेर पनि प्रयोग गर्न सकिन्छ। यो आइरनको मूल्य ३ हजार ६ सय रुपैयाँ छ।

## डीआरएनको इमर्जेन्सी लाइट



हेर्दा आकर्षक र एक स्थानबाट अर्को स्थानमा पुर्‍याउन सजिलो खालका इमर्जेन्सी लाइट नेपाली बजारमा आएका छन्। डीआरएन नामक चिनियाँ कम्पनीका यी लाइट चार्ज गरिरहेको समयमा बत्ती गयो भने स्वचालित रूपमा अन हुन्छन्। ३ देखि ४ घण्टासम्म चार्ज गरेपछि लगातार १२ घण्टासम्म बल्ने यो लाइटको वारेन्टी १ वर्ष छ। ७ सय ५० रुपैयाँ पर्ने यो लाइट नेपाली परिवेश सुहाउँदोसमेत छ।

# तातोपनको बढ्दो प्रभाव

विश्वव्यापी तातोपनबाट हरिया सागपातदेखि मासुको स्रोतका रूपमा रहेका जनावरको उत्पादनमा प्रभाव परेको वैज्ञानिकहरूले बताएका छन्, तर त्यस्ता खाद्यपदार्थमा तातोपनको प्रभाव कुन हदसम्म परेको छ भन्ने विषयमा अनुसन्धान जारी छ। केही समयअघि भारतको हैदराबादमा सम्पन्न वातावरणसम्बन्धी वैज्ञानिकहरूको सम्मेलनले खाद्यपदार्थमा मौसम परिवर्तनले नकारात्मक प्रभाव पार्ने भएकाले थप अनुसन्धान गरी नीतिनिर्माताहरूलाई जानकारी दिने विषयमा छलफल गरेको थियो।

तातोपनका बारेमा कतिपय क्षेत्रमा अनुसन्धान गर्न ढिला भैसकेको नैरोबीस्थित अन्तर्राष्ट्रिय जीव अनुसन्धान संस्थाका उपनिर्देशक जोन म्याकडर्मोटले बताएका छन्। तातोपनकै कारण विश्वमा रहेका उपत्यका क्षेत्रमा भेडा तथा ऊँटजस्ता पशुपक्षीमा लामखुट्टेबाट सर्ने रोगले महामारीकै रूप लिएको जोनले बताए। तातोपनकै कारण पहिले रोग नदेखिएका क्षेत्रमा रोगका लक्षण देखिएका छन्। वैज्ञानिकहरूले तातोपनको प्रभावमा परेका बालीनालीका सम्बन्धमा पनि अध्ययन गर्दै आएका छन्। हरिया सागपातको उत्पादनमा पर्ने प्रभावका सम्बन्धमा उनीहरूको अध्ययन केन्द्रित छ।

# मोबाइल एक्स्पो सम्पन्न

**साप्ताहिक समाचार**

पहिलो पटक आयोजित मोबाइल एक्स्पो-२००८ गत आइतबार सम्पन्न भएको छ। गत साताको बिहीबार प्रारम्भ भएको ताररहित संचार प्रविधिको यो एक्स्पो चार दिन चलेको थियो। डाइरेक्सन नेपाल प्रा.लि.सँगको सहकार्यमा मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) ले आयोजना गरेको एक्स्पोमा बहुद्देशीय तथा स्वदेशी व्यवसायी कम्पनीहरूले आफ्ना उत्पादन तथा सेवाका बारेमा उपभोक्तालाई जानकारी गराएका थिए।

'पहिलो पटक आयोजना गरिएको भए पनि दर्शकको उल्लेख्य उपस्थिति रह्यो,' आयोजक म्यानका अध्यक्ष अम्बिकाप्रसाद ढकालले भने- '४० हजारभन्दा बढी दर्शकले एक्स्पो अवलोकन गरेका छन्। मोबाइलसम्बन्धी विभिन्न जिज्ञासा मेट्न तथा समस्या निराकरण गर्न एक्स्पोको आयोजना प्रभावकारी भएको हामीले महसुस गरेका छौं।'




मोबाइल सेवा प्रदायक, डिलर, होलसेलर, मर्मतकर्ता, खुद्रा व्यापारी तथा उपभोक्ता सबैलाई एकै छातामुनि समेट्ने उद्देश्यले आयोजित मोबाइल एक्स्पोमा ताररहित प्रविधिका क्षेत्रमा विकास भएका विभिन्न नयाँ उपकरण आकर्षणमा थिए। एक्स्पोमा नेपाल टेलिकमले सेक्रेट एसएमएस सेवा सञ्चालनमा ल्याउन लागेको जानकारी गराएको थियो। मोबाइल सर्ट म्यासेज सर्भिसमा गोपनियता कायम राख्न यो सेवा प्रभावकारी हुने टेलिकमले बताएको छ। त्यसैगरी मोबाइल सेट विक्रेता कम्पनीहरू एलजी र सामसुङले एक्स्पोकै अवसरमा नयाँ ब्रान्डका मोबाइल नेपाली बजारका लागि सार्वजनिक गरेका थिए।

पहिलो पटक इन्फरमेटिक्स कलेजले मोबाइल एप्लिकेसन्स टेक्नोलोजीमा स्नातक तहको कार्यक्रममा अध्यापन प्रारम्भ गरेको जानकारी दिएको थियो। यो कोर्समा मोबाइल फोन प्रविधि, मोबाइल उपकरण मर्मत आदि कुरा अध्यापन गराइन्छ। यसबाहेक सूचना तथा सञ्चार प्रविधिसम्बद्ध विभिन्न पाठ्यक्रममा पनि अध्यापन गराइने इनफरमेटिक्स कलेजले जनाएको छ। मोबाइल फोन प्रविधिको उपयोग गर्दै नेपालमै बसेर विदेशी विश्वविद्यालयको डिस्टेन्स लर्निङ कोर्स पनि हासिल गर्न सकिने विषयमा इन्फरमेटिक्सले आफ्नो स्टलमार्फत जानकारी दिएको थियो।

अति ग्रामीण क्षेत्रका निम्ति स्याटलाइट फोनको प्रभावकारिता र यसको सेवाका बारेमा स्याटलाइट फोन प्रदायक कम्पनी थुरायाको स्टलले जानकारी उपलब्ध गराएको थियो। दुर्गम पहाडी क्षेत्रका निम्ती स्याटलाइट फोन उपयोगी मानिन्छ।

त्रिपुरेश्वरस्थित डाइरेक्सन एक्जिविसन्स तथा कन्भेन्सन सेन्टरमा आयोजित एक्स्पोमा विभिन्न कम्पनीका मोबाइल फोन, ल्यापटप कम्प्युटर, एमपिथ्री, आइपड तथा पेनड्राइभका बारेमा पनि अवलोकनकर्ताले जानकारी हासिल गरेका थिए। त्यस्तै एक्स्पोमा मोबाइल रिङ टोन, भिडियो, डाउनलोडिङ-अपलोडिङ मोबाइल सफ्टवेयर आदि सेवाका बारेमा उपभोक्ताले व्यवसायीहरूसँग अन्तर्क्रिया गर्ने अवसर पाएका थिए।

## खतरनाक अजिनोमोटो

खानाका पारखीहरू पेटको क्यान्सरबाट पीडित हुने गरेको एक अध्ययनले देखाएको छ। उपचारमा आउने बिरामीको तथ्यांकअनुसार अहिले पेटको क्यान्सर भएका मानिसको संख्या बढिरहेको छ। अधिकांश रोगीले स्वादका लागि अजिनोमोटो हालिएको खाना बढी रुचाउने गरेको बताएका छन्।

हरेकजसो चिनियाँ परिकारमा अजिनोमोटोको अत्यधिक प्रयोग हुन्छ। कोलकातास्थित नेताजी सुवासचन्द्र बोस क्यान्सर रिसर्च इस्टिच्युटद्वारा गरिएको अनुसन्धान निष्कर्षमा सडक र साना तथा मझौला खालका चिनियाँ रेस्टुराँमा उपलब्ध हुने खाना स्वास्थ्यका लागि उपयुक्त नभएको बताइएको छ।

परीक्षणले अधिकांश पेटका रोगी अल्सरको सिकार भएको देखाएको छ, जसको सम्बन्ध मोनोसोडियम ग्लुटामेट (अजिनोमोटो) सँग जोडिएको छ। अध्ययनमा सामेल करिब ६ प्रतिशत बिरामीलाई कुनै न कुनै प्रकारले पेटको क्यान्सर भएको र चिनियाँ खाना खाने बिरामीमा यो दर उच्च रहेको अनुसन्धानकर्ताहरूको दाबी गरेका छन्।

चेतावनीका बाबजुद यस्ता खानेकुरा व्यापक प्रयोग हुन्छ। चेतनाको कमीका कारण उपभोक्ताहरू कुन खाद्य, कुन अखाद्य छुट्ट्याउनतिर लाग्दैनन्। पेटसम्बन्धी रोगको उपचार गरिएका धेरैजसो बिरामी अजिनोमोटोको सिकार भएको बताइएको छ।

# हेटौंडामा क्यान इन्फोटेक

औद्योगिक नगरी हेटौंडामा आगामी जेठ १५ गतेदेखि १८ गतेसम्म सूचना तथा सञ्चार प्रविधि (आइसिटी) महोत्सव 'क्यान इन्फोटेक मकवानपुर- २००८' हुने भएको छ। क्षेत्रीय स्तरमा आयोजना गर्न लागिएको उक्त इन्फोटेक नारायणी अञ्चलस्तरीय हुने बताइएको छ। कम्प्युटर एसोसिएसन अफ नेपाल (क्यान) मकवानपुरको आयोजनामा हुन लागेको उक्त इन्फोटेकमा स्थानीय स्तरमा सक्रिय आइसिटीसम्बद्ध व्यक्तिहरूको उल्लेख्य उपस्थिति हुने क्यान मकवानपुरका अध्यक्ष दीपेन्द्र रेग्मीले बताएका छन्। 'सूचना तथा सञ्चार प्रविधिसम्बद्ध धेरै कार्यक्रमहरू काठमाडौंमा आयोजना हुने भएकाले यस प्रकारका कार्यक्रमलाई मोफसलमा पनि लानुपर्छ भन्ने महसुस गरेर स्थानीय स्तरमा इन्फोटेक गर्न लागेका हौं,' क्यानका अध्यक्ष विप्लवमान सिंहले भने- 'सूचना प्रविधिको क्षेत्रमा भएका नयाँ विकासक्रमका बारेमा स्थानीय सर्वसाधारणले जानकारी हासिल गर्न पनि इन्फोटेकका मोफसल संस्करण उपयोगी हुने विश्वास लिएका छौं।'


हेटौंडास्थित उद्योग वाणिज्य संघको पल्पसा हलमा सञ्चालन हुने चारदिने इन्फोटेकका लागि ५६ वटा स्टल बुकिङ भैसकेको क्यान मकवानपुरका महासचिव श्यामकल श्रेष्ठले बताए। श्रेष्ठका अनुसार राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरका व्यवसायीका अतिरिक्त सूचना प्रविधिको क्षेत्रमा कार्यरत स्थानिय व्यवसायीहरूले पनि इन्फोटेकमा सहभागिता जनाउँदैछन्।

'पहिलो पटक आयोजना गर्न लागिए पनि ५० हजारभन्दा बढी दर्शकले इन्फोटेक अवलोकन गर्ने हाम्रो अनुमान छ।' क्यान मकवानपुरका अध्यक्ष रेग्मीले भने- 'व्यवसायी तथा उपभोक्ताले एउटै थलोमा सूचना तथा सञ्चार प्रविधि विकासका बारेमा अन्तर्क्रिया गर्न पाउने भएकाले उपस्थिति उल्लेख्य हुने विश्वास लिएका हौं।'

क्यानका अध्यक्ष विप्लवमान सिंहले उद्घाटन गर्ने उक्त इन्फोटेककै क्रममा १७ गते एकदिने सूचना तथा सञ्चार प्रविधि सम्मेलन पनि आयोजना हुने भएको छ। हेटौंडामा दोस्रो पटक आयोजना गर्न लागिएको उक्त सम्मेलनमा अध्यक्ष सिंहले क्यानको भिजन ट्वेन्टी-२०, नेपाल सरकारका विद्युतीय कारोबार नियन्त्रक राजनराज पन्तले 'डिजिटल सिग्नेचर', सूचना प्रविधिविज्ञ किशोर पन्थले 'वायरलेस नेटवर्किङ' विषयमा कार्यपत्र पेश गर्नेछन्। यसबाहेक अन्य आधा दर्जन सूचना प्रविधिविज्ञले विभिन्न विषयमा कार्यपत्र पेस गर्ने महासचिव श्रेष्ठ बताउँछन्। सम्मेलनका क्रममा महावीर पुनःको नेतृत्वमा मकवानपुरका विकट गाविसहरू छत्यौन, राइगाउँ आदि क्षेत्रमा सञ्चालन गरिएको वायरलेस नेटवर्किङका बारेमा पनि जानकारी उपलब्ध गराइनेछ।



## ओहो कति व्यस्त ?



'जय शिव शंकर' को छायाङ्कन सकिनेबित्तिकै 'सम्भना'का लागि समय दिनुपर्नेछ सञ्चिता लुइँटेलले । त्यसपछि कुनमा काम गर्ने भन्नेचाहिँ टुङ्गो लागेको छैन । 'कुरा त धेरैसँग भैरहेको छ तर, कुनमा काम गर्ने पक्का भैसकेको छैन, जे होस्, कामचाहिँ पक्का गर्छु ।' उनले भनिन् । पछिल्लो समय अभिनयमा सक्रियहरूमध्ये निकै व्यस्त छिन् सञ्चिता लुइँटेल, तर उनी दुई-तीनवटा चलचित्रमा एकै पटक काम गर्दिनन् । एउटाको सुटिङ सकेपछि मात्र नयाँ चलचित्रका लागि समय दिने गरेको सञ्चिताले बताइन् । अहिले सुटिङ भैरहेको 'जय शिव शंकर' मा काम गर्नुअघि उनले 'विष र मौसम'मा काम गरेकी थिइन् । पछिल्लो समय तपाईं सबैभन्दा व्यस्त कलाकार हो ? जवाफमा उनले मुस्कुराउँदै भनिन्– 'सबै आ-आफ्नै काममा व्यस्त हुनुहुन्छ, म पनि व्यस्त नै छु ।' पछिल्ला दिनमा व्यस्त नायिकाको सूचीमा रेखा, थापा, सञ्चिता लुइँटेल, अरुणिमा लम्साल र ऋचा घिमिरेको नाम आउँछ । तीमध्ये सञ्चिताको रफ्तार एकै किसिमको छ, कहिल्यै उनको सेड्युल जुधेको सुनिँदैन भने सञ्चिता अनावश्यक रूपमा विवादमा पनि आएकी छैनन् । ●

## अब पत्रकारिता पढ्छु



चलचित्र उद्योगमा ठूला कुरा गर्ने निर्देशक को हो भन्ने हो भने सजलै उत्तर आउँछ- नरेश पौडेल । हरेक प्रश्नमा स्पष्ट तर्कका लागि फिट छन्– निर्देशक पौडेल । यतिसम्म कि आफैंले बनाएको चलचित्र कुनबाट प्रभावित हो, उनी सीधै भन्छन्- 'मैले फलानो चलचित्रबाट यो बनाएँ ।'साप्ताहिकमा प्रकाशित पढेका कलाकारसम्बन्धी फिचर पढेपछि उनले भने- 'अब मलाई पत्रकारिता पढ्ने मन छ ।' दुई विषयमा स्नातकोत्तर गरेका पौडेल आफ्ना चलचित्रका बारेमा पत्रपत्रिकाले गरेका नकारात्मक टिप्पणी त्यति मन पराउँदैनन् । हरेक विषयमा सकारात्मक र नकारात्मक दुवै तवरले व्याख्या गर्न सकिन्छ भन्ने धारणा राख्ने पौडेल नेपाली चलचित्रका बारेमा पनि सकारात्मक भैदिन सञ्चारकर्मीसँग आग्रह गर्छन् तर धेरैले उनको यो आग्रह टेरेका छैनन् ।

पत्रकारिता पढेपछि निर्देशन छाडेर पत्रकारितातिरै लाग्ने त होइन ? जवाफमा उनले यति भने- 'मलाई मेरै काम ठीक छ, मैले त विधि मात्र जान्न खोजेको ।' एकपटक त पत्रकारिताकै विद्यार्थीका रूपमा कलेज भर्नासमेत भएका रहेछन्, छ महिना पढेपछि समय अभावको कारण कलेज जान छाडेको बताउने निर्देशक पौडेलले अब भने जाँगर लगाएर पढ्ने बताए । उसै त ठूला कुरा, अब पत्रकारिता नै पढेपछि कस्ता कुरा गर्लान् नरेश दाइले ? जान्न मात्रै खोजिएको थियो भनिहाले- 'ए भाइ म अहिले पनि के कम छु र ?'



## फेरि दोस्ती भएछ

रेखा थापा र अरुणिमा लम्सालबीच पानी बाराबारको हल्ला उडेको थियो । अरुणिमाका हितैषी निर्देशक नरेश पौड्याल र रेखाको त बोलचाल नै छैन । चलचित्र 'किस्मत'को राजधानीमा विशेष प्रदर्शनी गर्दा रेखाले आफ्नो पहिलो निर्देशक पौड्याललाई डाकिनन् भन्ने सुनियो । नरेश क्याम्पकी नायिका अरुणिमालाई भने रेखाले डाकिछन्, तर अरुणिमा नयाँ चलचित्रका लागि खरिदारी गर्न जानुपरेकाले आउन भ्याइनन् । अब यो बहाना हो कि के हो ? भगवान जानून् ।

योभन्दा पनि रोचक कुरा के छ भने नायिका बिपना थापाको विवाह भोजमा अरुणिमा र रेखाबीचको दोस्ती देखेर अरू अचम्भित भएका थिए । स्लिभलेस स्कर्ट गाउनमा सजिएर आएका यी दुईको पहिरन मात्र होइन, विचार पनि मिलिरहेको थियो । भोजभरि सँगै देखिएका रेखा र अरुणिमाले खाना खाने, पिउने, बस्ने, बोल्ने र नाच्ने काम सँगसँगै गरिरहेका थिए । भनै रेखाका पति परमेश्वर छवि ओभा पनि त्यहाँ उपस्थित थिए । उनी एकातिर गफिन मस्त थिए भने रेखा अरुणिमासँग वर्षौंपछि भेटेको साथीजस्तो गर्दै थिइन् । भनेपछि बाह्रै महिनामा खोला फर्किएछ, राम्रै कुरा हो । ●



## असन्तुष्टिबीच म्युजिक एवार्ड

पोखरा- रेडियो अन्नपूर्णले आठौं वार्षिकोत्सवका अवसरमा आयोजना गरेको दोस्रो अन्नपूर्ण म्युजिक एवार्डमा १४ विधाका उत्कृष्ट विजेताहरू छनौट गरेको छ । प्रतियोगितामा स्वरूपराज आचार्यले गाएको ओ ढले म ढले गीत वर्षकै सर्वोत्कृष्ट राष्ट्रिय गीत घोषित भयो । एवार्ड कार्यक्रममा निम्तो पाएर राजधानीदेखि यहाँ आएका गायक स्वरूपराज एवार्ड थाप्न भने उपस्थित भएनन् ।

आयोजकहरूले रेस्पन्स गरेनन्, त्यही भएर एवार्ड कार्यक्रममा उपस्थित हुन सकिनँ, गायक आचार्यले भने- 'मलाई सान्है नमज्जा भयो ।' उत्कृष्ट सुगम संगीतको एवार्ड इतु जोजिजुको 'माया गर्छु' गीतले पाएको थियो । सर्वोत्कृष्ट संगीतमा 'उकाली चढी' बाट श्यामसुङ तामाङले एवार्ड पाए भने पप गायनमा 'मेरो हिजो आज भोलि' बाट जविकले एवार्ड हात पारे ।

सर्वोत्कृष्ट नवकलाकारमा 'यस्तै रैछ पीरतीमा' गीतका लागि सुनिल रानाभाट, रचनामा विश्वराज रसाइली, सामाजिक सन्देशमूलक गीतमा 'गौरव लाग्छ मेरी आमा' गीतका लागि कर्णदास र दुर्गाबहादुर शाह बाबालाई एवार्ड प्रदान गरिएको थियो । यस्तै लोकगायन तर्फ सर्वोत्कृष्ट लोकगायन महिलामा सुपारी चाम्रोका लागि विष्णु माझी, सर्वोत्कृष्ट संगीत संयोजनमा 'सप्तरंगी' गीतका लागि अमित गुरुङले एवार्ड जितेका थिए । सर्वोत्कृष्ट लोकदोहोरी गायकको एवार्ड रुमाल धोको छ, राजु परियार, सर्वोत्कृष्ट लोकगायकमा पूर्वमा झ्यालबाट पुरुषोत्तम न्यौपानेले प्राप्त गरे ।

सर्वोत्कृष्ट भाषाभाषीको गीतमा ओ झ्योल्सयोका लागि नरजंग गुरुङ सर्वोत्कृष्ट एल्बममा र सर्वोत्कृष्ट बालप्रतिभामा 'आज राति' गीतबाट ऋतु लामाले एवार्ड पाएकी थिइन । एवार्ड निष्पक्ष नभएको भन्दै धेरैले एवार्ड कार्यक्रम प्रति असहमति जनाएका थिए । यस्तै लाइफ टाइम अचिभमेन्ट एवार्ड उद्योगी चन्द्रकृष्ण कर्माचार्य र संगीतकार धनबहादुर गायकलाई विशेष संगीत पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रमलाई मनोरञ्जक बनाउन पुरुषोत्तम न्यौपाने तथा राजु परियारले आफ्ना चर्चित गीत प्रस्तुत गरेका थिए भने विविध मनोरञ्जनात्मक कार्यक्रमका साथमा आकर्षक नृत्यहरू पनि देखाइएको थियो ।

-शिव शर्मा

# न्यु जेनेरेसनको अवस्था

| अभिभावक | सन्तान | स्थिति |
|---|---|---|
| हरिवंश आचार्य (हास्यकलाकार) | मोहित आचार्य (गायक) | भर्खरै एउटा एल्बम निकालेको |
| मदनकृष्ण श्रेष्ठ (हास्य कलाकार) | यमन श्रेष्ठ (गायक/संगीतकार)/ सन्हाना श्रेष्ठ (गायिका) | अमेरिकामा |
| शम्भुजित बास्कोटा (संगीतकार) | सौर्यजित बास्कोटा (संगीतकार) | चलचित्र 'कुसुमे रुमाल' मा संगीत |
| शिलाबहादुर/कुन्ति (गायिका/संगीतकार) | शीतल/सुवानी मोक्तान (गायिका) | टेलिभिजनकर्मसँगै गायन |
| स्व.गोपालराज मैनाली (हास्यकलाकार) | सज्जा मैनाली (नायिका) | विवाह गरी अमेरिकामा |
| उद्धव पौडेल (निर्माता/वितरक) | निरक पौडेल (निर्देशक) | 'कुसुमे रुमाल' को सिक्वेल बनाउँदै |
| उदित/दीपा झा (गायक/गायिका) | आदित्यनारायण झा (गायक) | मुम्बईमा, टेलिभिजनकर्ममा, एल्बम निकाल्दै |
| वासुदेव मुनाल (गायक/रेडियोकर्मी) | मोहित मुनाल (गायक) | एउटा एकल एल्बम, रेकर्डिस्ट तथा एरेन्जर |
| भक्तराज आचार्य (गायक/संगीतकार) | सत्य/स्वरूपराज आचार्य (गायक/संगीतकार) | गायन, संगीत तथा टेलिभिजनकर्म |
| सुशीला रायमाझी (अभिनेत्री/निर्माता) | प्रशिद्धिका रायमाझी (नायिका/भिजे) | विदेशी एयरवेजमा कार्यरत |
| शिव श्रेष्ठ (नायक) | सोना श्रेष्ठ (मोडल) | अमेरिकामा |
| प्रेमध्वज प्रधान (गायक) | प्रसन्नध्वज प्रधान (गायक) | अमेरिकामा |
| स्व.प्रकाश थापा (निर्देशक) | विजय थापा (निर्देशक) | चलचित्र निर्देशनमा |
| किरण केसी (हास्यकलाकार) | सुदन केसी (सह-निर्देशक) | एकल निर्देशन गर्ने तयारीमा |
| मदनदास श्रेष्ठ (अभिनेता/रेडियोकर्मी) | रेमन श्रेष्ठ (रेडियोकर्मी) | कान्तिपुर एफएममा आरजे |
| राधा लम्साल (अभिनेत्री/सौन्दर्यविद्) | अरुणिमा लम्साल (नायिका) | व्यस्त नायिका |
| विजयसिंह मुनाल (संगीतकार) | वृन्दा सिंह (गायिका) | एकल एल्बम निकालेपछि जागिर खाँदै |
| मुकुन्दकिशोर भट्टराई (अभिनेता/गीतकार) | दीपेशकिशोर भट्टराई (गायक/संगीतकार) | व्यस्त गायक तथा संगीतकार |
| स्व. द्वारिकालाल जोशी (गायक/संगीतकार) | लसता (गायिका)/भिन्तुना जोशी(मोडल/नृत्याङ्गना) | कला क्षेत्रका साथै सञ्चारकर्ममा |
| टीका पहाडी (अभिनेता) | गौरव पहाडी (मोडल/अभिनेता) | केही म्युजिक भिडियोमा अभिनय |
| बुद्धि परियार (लोक गायक/संकलक) | धर्मेन्द्र सेवान (गायक) | गायनकर्ममा सक्रिय |
| प्रतिमा श्रेष्ठ (रेडियोकर्मी/गीतकार) | प्रशंसा श्रेष्ठ (भिजे) | नेपाल वान टेलिभिजनमा कार्यरत |
| स्व.रवि शाह (चरित्र अभिनेता) | बनिष 'बन्टी' शाह (चलचित्र सम्पादक) | चलचित्रका व्यस्त सम्पादक |
| केवल सुब्बा (गायक/संगीतकर्मी) | दिव्य सुब्बा (गायक) | गायनकर्ममा सक्रिय |
| होमनाथ उपाध्याय (तबला वादक) | प्रमोद उपाध्याय (गायक/संगीतकार/ तबलावादक) | संगीतकर्ममा |
| विजय लामा (गायक/नायक) | आकांक्षा लामा (गायिका) | एउटा एकल एल्बम |
| रामहरि गुरुङ्ग (तबला वादक) | नवराज गुरुङ (तबला वादक) | तबला वादन र शास्त्रीय संगीत समूहमा संलग्न |
| रामशरण नेपाली (सारंगी वादक) | श्यामशरण नेपाली (सारंगी वादक) | संगीतकर्ममा |
| जेबी आले (गीतकार) कविता आले (गायिका) | क्रान्ति आले (गायक) | गायनमा |
| सुवर्ण लिम्बू (गितारिस्ट) | सुभान लिम्बू (गायक) | एउटा एकल एल्बम |
| सुदन शर्मा (संगीतकर्मी) | स्वप्निल शर्मा (गायक) | स्याडोज समूहमा गायक |
| पन्नाकाजी (गायक)- | प्रवेशमान शाक्य/ पवित्रमान शाक्य (गायक) | गायन/संगीत व्यवसायमा |
| प्रकाश गुरुङ (संगीतकार) | रीमा गुरुङ होडा (गायिका) | गायनमा |
| स्व. पाण्डव सुनुवार (लोकगायर्क) | सिमोस सुनुवार (म्युजिक भिडियो निर्देशक) | चलचित्र निर्देशन |
| उदय/मनिला सोताङ (गायन) | श्रेया सोताङ (गायिका) | चलचित्रमा पार्श्वगायन |
| कल्याण रिमाल (गीतकार) | सितु खरेल (गायिका) | बेलायतमा |
| स्व.चतुर्भुज आशावादी (नाट्यकर्मी/संस्कृतिविद्) | प्रचण्ड/प्रसन्न पौडेल (टेलिभिजनकर्मी/निर्देशक) | नेपाल टेलिभिजनमा कार्यरत |

# Next जेनेरेसन



पृष्ठ १ बाट जारी

यो कथाको अर्को पाटो पनि छ। भजन शिरोमणि भक्तराज आचार्यका दुई पुत्ररत्न सत्यराज आचार्य र स्वरूपराज आचार्यले बाबुको नाक राखेका छन्। विरासतमा पाएको कला (गायन तथा संगीत) उनीहरूका लागि वरदान भएको छ। गायिका कुन्ति मोक्तान तथा संगीतकार शिलाबहादुर मोक्तानका छोरीहरू शीतल र सुवानी मोक्तान बाबुआमाको बिंडो थाम्ने अभियानमा छन्। चरित्र अभिनेत्री राधा लम्साल 'भावु' लाई अहिले टेलिश्रृंखला 'हिजोआजका कुरा' की अभिनेत्री वा 'तीतो सत्य' की मामु भन्दा पनि नायिका अरुणिमा लम्सालकी आमाका रूपमा धेरैले चिन्ने गरेका छन्।

बलिउडमा प्रशस्त अवसर छन्। त्यसैले त बलिउडमा संघर्ष गरी गायन क्षेत्रमा प्रसिद्धि कमाएका गायक उदितनारायण झाका छोरा आदित्यनारायण झाले बाबुले जति संघर्ष गर्नु परेन। बाबुकै नामको बुई चढेर उनी अहिले चर्चामा छन्। विश्लेषकहरूका अनुसार आदित्य बाबुभन्दा दुई कदम अगाडि छन्। गायिका आमा दीपा र बाबु उदितबाट बिर्तामा पाएको संगीतकला उनका लागि क्यारियर बनाउने दह्रो माध्यम भएको छ। टेलिभिजनको 'सारेगम' कार्यक्रममा उद्घोषण गरेर देश-विदेशका लाखौं युवतीलाई आफ्नो प्रशंसक बनाउन सफल आदित्यलाई बलिउडमा गायनका लागि मात्र होइन, अभिनयका प्रस्तावहरू पनि आइरहेका छन्। जुनियर झाले नेपाली सिक्वेल चलचित्र 'कुसुमे रुमाल' मा पार्श्वगायन गरेर नेपालीहरूलाई पनि प्रशंसक बनाउने पाइला चालिसकेका छन्।

**रगतमा कला**

'माछाका भुरालाई पौडिन सिकाउनु पर्दैन'- भन्छन् सौर्यजित। नामबाटै थाहा हुन्छ– उनी संगीतकर्ममा विशिष्ठ स्थान बनाइसकेका संगीतकार शम्भुजित बास्कोटाका सुपुत्र हुन्। सौर्यजित बास्कोटाले बाबुले अपनाएको पेसा अपनाउने निधो गरिसकेका छन्। त्यसको सुरुवात पनि उनले गरिसकेका छन्- सिक्वेल चलचित्र 'कुसुमे रुमाल' बाट। उद्धव पौडेलका छोरा निरक पौडेलको निर्देशनमा हाल छायाँङ्कन भैरहेको उक्त चलचित्रका गीतहरू रेकर्डिङ भैसकेका छन्। उनको संगीतकला सुन्दा लाग्छ उनमा पनि बाबुमा जस्तै संगीतको मीठास छर्ने कला छ। यो त भविष्यमै थाहा होला- त्यसको कत्तिको कदर हुन्छ ? अभिभावकले अपनाएको कला अपनाउन नयाँ पुस्तामा दम नभएको कुरा उनी अस्वीकार गर्छन्- 'ममा दमभन्दा पनि जनताको मन जित्छु भन्ने आत्मविश्वास छ।' सर्वाधिक चर्चित हास्यअभिनेता हरिवंश आचार्यका जेठा छोरा अध्ययनका लागि अमेरिका गए पनि १९ वर्षीय कान्छा छोरा मोहित आचार्यले बाबुको पेसा अर्थात् अभिनयलाई रहर बनाएर बुबाकै केही टेलिश्रृंखलामा सामान्य अभिनय गरे तर उनलाई गायनक्षेत्रमा नाम कमाउनु थियो। त्यसैले उनले एकल एल्बम निकाले- वान साइडेड लभ। यद्यपि गायकी वा अभिनयलाई नै पेसा बनाउने उनको लक्ष्य छैन। ए लेभलमा अध्ययनरत मोहितले आफ्नो लक्ष्य निर्धारण गरिसकेका छन्- बिजनेस।

**पलायन नभए वैकल्पिक पेसा**

आठ वर्षजति अघि बाबुको दोस्रो पेसा अर्थात् गायन तथा संगीतकर्म अँगालिसकेका यमन श्रेष्ठ अहिले अमेरिकामै घरजम गरेर बसेका छन्। यमनले मह जोडीद्वारा निर्मित चलचित्र 'फिलिम' मा संगीत दिएका थिए। यमनले एउटा एल्बम पनि बजारमा ल्याएका थिए। उनका बाबु हास्यकलाकार तथा गायक मदनकृष्ण श्रेष्ठ स्वदेशमै आफ्नो पेसामा कटिबद्ध छन्। यमनको गीत-संगीतप्रतिको लगाव घटेको नहोला। यद्यपि प्रशस्त सम्भावना बोकेका यमनमा स्वदेश फर्केर फेरि यो पेसामा संघर्ष गर्ने चाह भने पटक्कै छैन। श्रेष्ठकै छोरी सन्हाना श्रेष्ठले पनि विगतमा केही गीतमा आफ्नो स्वर भरिन् तर उनी पनि हाल अमेरिकामा छिन्।

विगतका संगीतकर्मी पन्नाकाजीका छोरा प्रवेशमान शाक्यले नेपाली गायनकर्ममा एउटा नाम बनाए पनि अहिले उनको त्यति चर्चा छैन। व्यापार नै उनको मुख्य रोजाइ बनेको छ। अभिनेत्री सुशीला रायमाझीकी छोरी प्रसिद्धिका रायमाझीलाई चलचित्र क्षेत्रमा नायिकाका रूपमा हेरियो। कान्तिपुर टेलिभिजनको चर्चित कार्यक्रम 'कल कान्तिपुर' को सुरुवातकी सञ्चालिका प्रसिद्धिकाले केही चर्चित गीतमा मोडलिङ पनि गरिन्। आमाको पेसामा सम्भावना हुँदाहुँदै पनि अहिले उनी एक विदेशी विमानमा परिचारिकाको काम गर्छिन्। यस्ता उदाहरण धेरै छन्। नाम चलेका कलाकारका सन्तान भएर पनि कला क्षेत्रमा सम्भावना कम देखेर रहर पूरा गरेपछि विदेश पलायन हुने वा वैकल्पिक पेसा अपनाउनेहरूको फेरिहस्त लामै हुनसक्छ।



सौर्यजीत बास्कोटा, प्रशंसा श्रेष्ठ, निरक पौडेल, अरुणिमा लम्साल , मोहित आचार्य र श्रेया सोताङ

**तपाईं आफ्ना सन्तानलाई भविष्यमा के बनाउन चाहन्नुहुन्छ ? हामीले यो प्रश्न केही नाम चलेका कलाकारहरूसँग गर्‍यौं। प्रस्तुत छ उनीहरूको जवाफ जस्ताको तस्तै :**

'उनको बोली नै राम्रोसँग फुटेको छैन। राम्रोसँग बोल्न सक्ने भएदेखि नै उनलाई गायन तथा संगीतको आधारभुत ज्ञान दिन खोज्नेछु। मैले केही बालगीत कम्पोज गरेको छु, केही वर्षपछि उनी लगायत अरू केही बालबालिकालाई बटुलेर एउटा बालगीतको एल्बम निकाल्ने चाह छ। भविष्यमा उनलाई गीत गाउन प्रेरित गर्नेछु। त्यति भए मलाई पुग्छ। बाँकी उनी भविष्यमा के हुन चाहन्छिन्, त्यो उनको व्यक्तिगत स्वतन्त्रतामा भरपर्छ।'

**सुगम पोखरेल, गायक**
(छोरी एञ्जेलिना पोखरेल- १४ महिना)

'हामीकहाँ बाबु नेता भए भने सन्तानलाई दक्षता नभए पनि राजनीतिमा लगाउने चलन छ। म भने यसको विरुद्धमा छु। मेरो मान्यता कला र प्रतिभा भन्ने कुरा जन्मले पाउने कुरा हो। सिकाएर वा घोटाएर कोही सक्षम कलाकार बन्दैन। मेरी छोरी मौसमीलाई गाउने रहर छ तर उनको नर्सिङ पढ्ने चाह छ। छोरा दीपेशलाई यो क्षेत्रमा पटक्कै रुचि छैन, ऊ इन्जिनियरिङ पढ्ने इच्छा राख्छ। कान्छो छोरा प्रसिद्धलाई अभिनयमा रुचि छ, उसले तीतोसत्यमा अभिनय पनि गरेको थियो। भविष्यको लक्ष्य निर्धारण गर्ने उसको उमेर भैसकेको छैन। प्रमुख कुरा, म छोराछोरीमा आफ्नो इच्छा लाद्ने पक्षमा छैन।

**दीपकराज गिरी, हास्यकलाकार**
(छोरी मौसमी-१७ वर्ष, छोराहरू दीपेश-१५ र प्रसिद्ध-१० वर्ष)

'कलाकार आमा र चलचित्र निर्माता बाबुकी छोरी भएकीले भविष्यमा उनले चाहे नायिका बन्न सक्छिन् तर उनी जहिले पनि पाइलट बन्ने कुरा गर्छिन्। उनी अहिले सानै छिन्। नाच्ने रहर उनमा छ। उनले चलचित्र 'ए मेरो हजुर' र 'हामी तीन भाइ' मा अभिनय पनि गरिसकेकी छिन्। भविष्यमा उनी जे चाहन्छिन्, त्यही बनाउने हाम्रो प्रयास हुनेछ।'

**झरना थापा, चलचित्र नायिका**
(छोरी सुहाना थापा-१० वर्ष)

'गीत र संगीत उनको सर्वाधिक रुचिको विधा हो। सानैमा पनि उनी गायन तथा संगीत भनेपछि हुरुक्कै हुन्थिन्। घरको वातावरण नै संगीतमय हुने भएकाले पनि श्रेयालाई गायकीमा रहर हुनु नौलो होइन। उनले पियानो बजाउन सिकेकी छिन्। अहिले पढाइका कारण अभ्यासमा कमी आएको छ। यद्यपि उनी एउटा एकल एल्बम निकाल्ने तयारीमा छिन्। संगीतकार बुलु मुकारुङको संगीतमा उनले केही गीत पनि गाएकी थिइन् भने गीतकार मञ्जु लामाको एल्बम 'समर्पण तिमीलाई' मा एउटा गीत उनले आफ्नै संगीतमा गाएकी थिइन्। हालै सत्य-स्वरूपराज आचार्यको संगीतमा चलचित्र 'क्रसरोड' मा गीत गाएकी छिन्। उनको इच्छा नै गायिका हुनु हो। बिबिएस तेस्रो वर्षमा अध्ययनरत श्रेयाले मास्टर्सको अध्ययन पूरा गरून् भन्ने हाम्रो चाहना छ। अहिलेसम्म उनी भविष्यमा हाम्रै पेसामा लाग्छिन् अर्थात् गायिका नै बन्छिन् भन्ने छ।'

**उदय–मनिला सोताङ**
(छोरी श्रेया सोताङ-२० वर्ष)

'उनी अहिले सानै छिन् तर पनि उनको इन्ट्रेस्ट भने नृत्य र अभिनयमा छ। उमेर बढ्दै जाँदा रहर पनि परिवर्तन हुनसक्छ। त्यसैले उनी भविष्यमा यही नै बन्छिन् भनेर किटान गर्न सक्दिनँ। यदि उनले भविष्यमा चलचित्रमा अभिनय गर्ने इच्छा देखाइन् भने म उनलाई प्रोत्साहित गर्छु। यही क्षेत्रबाटै मैले आफ्नो भविष्य बनाएको छु भने उनले पनि आफ्नो भविष्य बनाउन सक्छिन्।

**दिलीप रायमाझी, चलचित्र नायक**
(छोरी दिव्या रायमाझी-११ वर्ष)



## लभ गुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म बीस वर्षीय युवक हुँ। मलाई एक सम्पन्न परिवारका दुई दिदी–बहिनीले मन पराइरहेका छन्। म भने बहिनीलाई मात्र मन पराउँछु। दिदीले दिएको प्रेमपत्र मैले अस्वीकार गरिसकेँ। बहिनीसँगको प्रेम थाहा पाएर दिदीले उनीसँग झगडा पनि गरिछन्। दिदीले पनि मलाई धेरै माया गर्छिन्, तर के गर्नु ? म बहिनीलाई माया गर्छु। अहिले आएर मलाई एउटा संकट आइलागेको छ। दिदीले मलाई फोन गरेर भनिन्– तिमीले म र मेरी बहिनीमध्ये एउटीलाई मात्र अपनाउन पाउँछौ। त्यसमा पनि मलाई अपनाएनौ भने म मरिदिन्छु। बहिनीले पनि रुँदै भनिन्– तिमी नपाए त म मर्छु। यस्तो अवस्थामा म के गरूँ ?**

**–एसयुएन**

तपाईंले भर्खरै टिनएज काट्नुभएको छ। तपाईंलाई मन पराउने उनीहरू पक्कै पनि तपाईंभन्दा कान्छी नै होलान्। उनीहरू टिनएजर नै छन् भन्ने अनुमान गर्न सकिन्छ। यो उमेरका अधिकांश प्रेमलाई जानकारहरू 'इन्फ्याचुएसन' अर्थात् विपरित लिंगीप्रतिको आकर्षण मान्छन्। प्रेम भन्ने कुरा बजारमा कपडा छानेजस्तो वा तरकारी किनेजस्तो यो नभए त्यो भनेर छान्ने वस्तु होइन। दिदी-बहिनी दुवैले तपाईंलाई मन पराउनुको एउटै कारण तपाईंको आकर्षक व्यक्तित्व होला। तपाईंको समस्याको एउटै समाधान छ, केही समय (एक-दुई वर्ष) दुवैसँग प्रेमसम्बन्ध नराख्ने। उनीहरूसँग असल साथीको व्यवहार गर्ने र सकेसम्म दिदीलाई सम्झाउने प्रयत्न गर्ने। कुनै पनि कुरा अपर्झट गर्दा त्यसको प्रतिक्रिया नराम्रो हुनसक्छ। समयलाई पर्खनुहोस् र उनीहरूका अघि आफूलाई व्यस्त जस्तो देखाउनुहोस्। तपाईं उनीहरूबाट टाढा भएजस्तो गर्नुभयो भने दुवैले रियलाइज गर्ने अवसर पाउँछन्। नत्र दिदी-बहिनीको सम्बन्ध पनि तपाईंकै कारण बिग्रन सक्छ।



## फिल्मी खबर

• एकपछि अर्को सुपरहिट चलचित्रका लेखक विकास आचार्य पनि चलचित्र निर्देशक बन्ने भएका छन्। चलचित्र 'मैदान' निर्माण गरिसकेका निर्माता दिलकुमार प्यासीले निर्माण गर्न लागेको चलचित्र 'नसिब'को निर्देशन आचार्यले गर्न लागेका हुन्। चलचित्रमा वसन्त सापकोटाको संगीत, रामशरण उप्रेतीको छायाङ्कन, शंकर, विकास र सूर्यको द्वन्द्व निर्देशन, कविराजको नृत्य निर्देशन रहनेछ भने विराज भट्ट, रेखा थापा, जीवन लुइँटेल, जेनिषा केसी, देशभक्त खनाल आदि कलाकारको चयन भैसकेको छ। चलचित्रको छायाङ्कन हालै आरम्भ गरिएको छ।

• 'चेलिबेटी', 'कहीँ मिलन कहीँ विछोड', 'अल्पविराम' जस्ता केही चलचित्र निर्माण गरिसकेका निर्माता प्रदीप उदय अर्को चलचित्रको निर्माणमा जुटेका छन्। शीर्षक तथा प्रमुख कलाकारहरूको टुंगो नलागिसकेको उक्त चलचित्रको निर्देशन भने दीपक श्रेष्ठले गर्दैछन्। दुई नयाँ नायक-नायिका तथा दुई पुराना नायक-नायिका रहने उक्त चलचित्रका लागि नयाँ कलाकारहरूको खोजी भैरहेको निर्माता उदयले बताए।

• केही वर्षअघि चलचित्र 'गाजल'को निर्माण एवं निर्देशन गरेका केपी पाठकले चर्चित मैना हत्याकाण्डको विषयलाई चलचित्रको पर्दामा उतार्ने जमर्को गरेका छन्। मुहूर्तलगत्तै छायाङ्कन थालिएको उक्त चलचित्रको स्क्रिप्ट नयनराज पाण्डेले लेखेका हुन्। चलचित्रलाई एचडी क्यामेराबाट खिचिने निर्देशक पाठकले जनाएका छन्।

## चलचित्र

### डन मुत्थुस्वामी



लामो समयको अन्तरालपछि मिथुन चक्रवर्ती नयाँ गेटअप र अभिनयका साथमा चलचित्र डन मुत्थुस्वामीमा देखा पर्दैछन्। मिथुन आज सार्वजनिक हुने यो चलचित्रको मुख्य भूमिका अर्थात् डन मुत्थुस्वामीका रूपमा देखिनेछन्। सन् ७० को दशकको प्रारम्भमा तत्कालीन बम्बईमा चल्ने गुन्डागर्दीको कथामा निर्माण भएको यो चलचित्रमा मिथुन स्मगलर तथा ग्याङस्टर ग्रुपका नाइके हुन्छन् जसले बम्बईको गुन्डागर्दी क्षेत्रमा एकछत्र राज चलाएको हुन्छ। त्यसैबेला अचानक मिथुनका पिता मृत्युशैय्यामा पुग्छन्। मिथुन अन्तिम अवस्थामा पुगेका आफ्ना पितालाई भेट्न अस्पताल पुग्छन्। गुन्डा छोरालाई देखेर बाबु अझ असन्तुष्ट हुन्छन्। छोरासँग बाबुले असल कर्ममा लाग्ने वाचा गर्न आग्रह गर्छन्। बाबुलाई मर्ने बेलामा दिएको वचन अनुसरण गर्ने क्रममा डन मुत्थुस्वामी गुरु मुत्थुस्वामीमा परिवर्तित हुन्छन्। उनीहरूको गुन्डागर्दी असल कामका निम्ति प्रयोग हुन्छ भने डन मुत्थुस्वामी पनि शिक्षण पेसामा लाग्छन्। मूल कथा ग्याङस्टर लागे पनि यो चलचित्रको मुख्य विशेषता कमेडीको प्रयोग हो। चलचित्रमा सिरियस म्याटरसँगै कमेडीलाई पनि सुहाउँदो शैलीमा प्रस्तुत गरिएको छ। चलचित्रमा मिथुनकी छोरी सञ्जना (ऋषिता भट्ट) को प्रेमकथाले पनि दर्शकलाई पर्याप्त मनोरञ्जन दिन्छ। चलचित्र अघि बढ्दै जाँदा सञ्जनाको भूमिका प्रमुख देखिन्छ। चलचित्रमा मिथुन, ऋषिताका अतिरिक्त शक्ति कपुर, रोहित रोय, अलि अस्गर, डली मिनहास, राकेश वेदी आदिले अभिनय गरेका छन्। शक्ति सामन्तले निर्माण गरेको यो चलचित्रलाई असीम सामन्तले निर्देशन गरेका हुन्।

### वार




क्षेत्रीय राजनीति खासगरी मध्यपूर्व क्षेत्रमा चलिरहेको तेल राजनीतिको विषयमा निर्माण भएको चलचित्र 'वार' आज सार्वजनिक हुँदैछ। कमेडीको प्रयोग गरिएको यो चलचित्रमा युएस भाइस प्रेसिडेन्टले तुर्किस्तानलाई आफ्नो पकडमा राखेर अमेरिकन निजी कर्पोरेसन सञ्चालन गर्छन्। तेलको मनोपोली व्यापारलाई नियन्त्रण गरेर त्यसमा आफ्नो पकड जमाउनु यो कर्पोरेसनको उद्देश्य हुन्छ। त्यसक्रममा हत्या, अपहरणका विविध घटना घट्छन्। व्यवसायमा पकड जमाए पनि व्यापारमा उल्लेख्य सफलता नपाएपछि कर्पोरेसनका सीईओले मध्यएसिया क्षेत्रमा पपस्टारका रूपमा चिनिएकी योनिका बेबियासँग विवाह गर्छन्। यो विवाह पनि उद्देश्यमूलक ढंगले भएको हुन्छ। जोसुआ सेफटेलले निर्देशन गरेको यो चलचित्रमा जोन कुस्याक, हिलारी डफ, जन कुस्याक, मारिसा टोमेई, बेन किङ्सले आदिले अभिनय गरेका छन्। १ घन्टा ४६ मिनेट लामो यो चलचित्रको छायांकन बुल्गेरियामा गरिएको हो।

# सिनेकर्मी र हास्यकलाकारको भीडन्त

**साप्ताहिक समाचार**



काठमाडौं- खेलाडीले बल विपक्षीको गोलपोस्टतर्फ बढायो कि गोल-गोल भनेर दर्शक चिच्याउँथे, तर खेलाडीहरू आफैंले अगाडि बढाएको बल भेट्ने स्थितिमा थिएनन्। माइने बूढा धुर्मुस, सुन्तली, बेइमानदेखि चलचित्रका नायक-नायिकाहरू एउटै मैदानमा दौडिरहेका थिए। दशरथ रंगाशालामा शनिबारसम्पन्न हास्यकलाकार तथा सिने कलाकारबीचको मैत्रीपूर्ण फुटबल खेलमा खेलाडीहरू मुश्किलले बल छुन पाइरहेका थिए। आकर्षक फुटबलभन्दा पनि टेलिभिजन र सिनेमाका पर्दामा देखिएका आफ्ना प्रिय कलाकारलाई नजिकबाट हेर्न रंगाशालामा दर्शकको ओइरो नै लागेको थियो।







अनाथ बालबालिकाहरूको सहयोगार्थ रूपक स्मृति प्रतिष्ठानद्वारा आयोजित खेलमा सिने कलाकारले बाजी मारे पनि दुवै टिमका कलाकारले दर्शकलाई भरपूर मनोरञ्जन प्रदान गरे। पहिलो र दोस्रो हाफमा शंकर बीसीले १-१ गोल गर्दै सिने कलाकारलाई २-० को जित दिलाएका थिए। खेलका नायक सावित भएका शंकर, नायक शिव श्रेष्ठ तथा खलनायक सुनिल थापाले दर्शकको मन जितेका थिए। मध्यान्तरमा दर्शकको घेरामा परेका कलाकारहरू अटोग्राफ भर्न व्यस्त देखिन्थे। घेराउबाहिर निस्कन उनीहरूलाई हम्मेहम्मे नै परेको थियो।

ठूला भुँडी, बलिया शरीरका कलाकारहरू फुटबल खेल्न भने कमजोर देखिए। नारायण पुरी, युवराज लामा, बसुन्धरा भुषाल, नीर शाह, शिव श्रेष्ठ, अशोक शर्मा, निरुता सिंह, निखिल उप्रेती, राजबल्लभ कोइराला, सुमन सिंह, सुनील थापा, श्रीकृष्ण श्रेष्ठ, धीरेन शाक्य, विक्रान्त बस्नेत, शंकर बीसीजस्ता चलचित्र निर्माता, निर्देशक र कलाकारहरू सिने कलाकारको टिमबाट मैदानमा उत्रिएका थिए। उनीहरूलाई रोक्न दीपकराज गिरीको नेतृत्वमा दिपाश्री निरौला, किरण केसी, जितु नेपाल, कुञ्जना घिमिरे सीताराम कट्टेल, कुमार गजुरेल, रवि डंगोल, केदार घिमिरे, शिवहरि पौडेल, अञ्जु महर्जन, पल्पसा डंगोल, मञ्जु श्रेष्ठ आदि प्रयासरत थिए।

# पोखरा रमायो संगीतमा



पोखरा- पहिलो पटक चर्चित युगल गायक जोडी उदय र मनिला सोताङ पोखराको सांगीतिक कार्यक्रममा प्रकट भए। उनीहरूको गीत सुन्न बालकदेखि केश फुलेका बूढाबूढीसम्म व्यग्र प्रतीक्षा गरिरहेका देखिन्थे। मार्मिक गीत गाएर दर्शकको मन जित्दै आएका यी गायक जोडीले स्टेजमा गीतको भावसँगै मिल्दो अभिनय गर्दै आफ्ना प्रस्तुतिहरू दिए।

करिब एक दर्जन गीत गाए पनि यी जोडीको गीतबाट मोहित भएका दर्शकहरूले वान्स मोर भन्दै हुटिङ गरेका थिए। दर्शकहरूको हुटिङका कारण उनीहरूले पुनः केही गीत दोहोऱ्याएर गाउनुपरेको थियो। पोखरा घुम्ने सिलसिलामा कार्यक्रममा दर्शक बनेर आएका सत्य तथा स्वरूपराज आचार्यलाई पनि उदय र मनिलाले स्टेजमा बोलाएर आफूलाई साथ दिन आग्रह गरे। स्टेजमा आएका गायक दाजुभाइले 'तिम्रो नसालु आखाँले मलाई माऱ्यो' र 'धेरै माया दिंदा रहेछन्' गाएका थिए।


उता बाबुआमासँगै कार्यक्रममा आएकी छोरीले पनि आफ्नो आगामी एल्बमको गीत सुनाएकी थिइन्। उदय र मनिलाको गीतमा झुमेका महिलाहरू आफूलाई काबुमा राख्न नसकेपछि स्टेजमै पुगेर गायक-गायिकासँगै नाचेका थिए। लाइन्स क्लब अफ पोखरा आँगन र स्पाइस पोखरा डटकमको संयुक्त आयोजनामा पोखरा सभागृहमा भएको शान्तिका लागि संगीत कार्यक्रममा प्राश्ना शाक्य र हिपहप गायक निर्णय श्रेष्ठ विशेषतः तन्नेरीहरूको आकर्षण बने।

दोस्रो नेपाली ताराका टप फाइभ फाइनलिस्ट युवराज तिवारीले पनि आफ्नो नयाँ गीत गाएर दर्शकलाई उफारे। चकलेटी गायक तिवारीसँग अटोग्राफ लिने युवतीहरूको भीड पनि बाक्लै देखियो। कार्यक्रममा राष्ट्रिय कलाकारहरूसँगै स्थानीय कलाकारहरूको प्रस्तुति पनि रोचक थियो। पोखरा वृद्धाश्रम र नेपाल नेत्रज्योति संघको सहयोगार्थ आयोजित कार्यक्रममा दर्शकहरूको उत्साहजनक सहभागिता देखिन्थ्यो।

**–शिव शर्मा**

## सानो पर्दा

डा. घनश्याम खतिवडाको निर्देशनमा नेपाल टेलिभिजनमा हरेक बुधबार राति पौने नौ बजे प्रसारण भैरहेको पारिवारिक टेलिश्रृंखला 'अदृश्य घाउ'ले चर्चा पाइरहेको छ। डा. खतिवडाका अनुसार दर्शकहरूले श्रृंखलासँग सम्बन्धित कलाकार तथा प्राविधिकहरूसँग भेटघाटका बेला विभिन्न जानकारी लिने गरेका छन्। हास्यअभिनेत्री दीपाश्री निरौलाले भावुक अभिनय गरेको उक्त श्रृंखलामा जिम्मी गुरुङ, गणेश उप्रेती, सौजन्य सुब्बा, दिनेश शर्मा, आरपी पन्त, डा.घनश्याम खतिवडा, ज्योत्सना भट्ट



आदि कलाकारको मुख्य भूमिका छ। मिडिया हबको प्रस्तुति रहेको उक्त टेलिश्रृंखलाका निर्माता सृजना खतिवडा र ज्योत्सना भट्ट हुन् भने यसका लेखक नयनराज पाण्डे हुन्।

नेपाल वान टेलिभिजनमा हरेक मंगलबार राति पौने नौबजे प्रसारण हुँदै आएको टक सो 'फेस द नेशन'लाई प्रत्यक्ष प्रसारण गर्न थालिएको उक्त कार्यक्रमका निर्माता असिम शाहले बताएका छन्। सुमित शर्माले सञ्चालन गर्ने कार्यक्रममा कुनै एक राजनैतिक व्यक्तित्वसँग उनी र उनको दलका साथै देशका विभिन्न परिस्थितिका बारेमा कुरा गरिन्छ।

### झुम्यो गाईघाट

गाईघाट- नयाँ वर्षको आगमनसँगै गाईघाटका विभिन्न सांगीतिक समूहले सांगीतिक कन्सर्टहरू आयोजित गरी आपसमा शुभकामना साटासाट गर्थे, तर यो वर्ष भने नयाँ वर्ष प्रारम्भ भएको एक महिना बितिसक्दा पनि कुनै पनि सांगीतिक समूहले कन्सर्ट आयोजित गर्न सकेका थिएनन्। यद्यपि ढिलै भए पनि गाईघाटको द राइजिङ ग्रुपले बिहीबार सांगीतिक कन्सर्ट आयोजित गयो। द राइजिङ ग्रुपको वार्षिकोत्सवका अवसरमा सम्पन्न दिउँसोको चर्को घामको परवाह नै नगरी झन्डै १ हजार ५ सय संगीतप्रेमीको भीड लागेको थियो।

स्थानीय प्रतिभालाई प्रस्फुटनसहित प्रोत्साहन गर्ने उद्देश्यले आयोजित कन्सर्टमा पप, आधुनिक, रिमिक्स गीत गाउनुका साथै हिन्दी, नेपाली चलचित्रका गीतमा नृत्य पनि प्रस्तुत गरिएको थियो। राष्टिय स्तरका कलाकारहरूको सांगीतिक मजा लिनबाट वञ्चित गाईघाटेहरू त्यो दिन भने उत्साहका साथ कम्मर मर्काउन व्यस्त रहे। कन्सर्टको बीचबीचमा व्यंग्यात्मक प्रहसन पनि प्रस्तुत गरिएको थियो। मध्याह्न १२ बजे प्रारम्भ भएको कन्सर्ट साँझ ७ बजेसम्म चलेको थियो।

**–विमल खतिवडा**



## ठट्यौली प्रकाशसँग

श्रीप्रसाद बेलुकी घर फर्किए अनि चिन्तित एवं उदास स्वरमा श्रीमतीलाई भने- 'आज फेरि के जादू देखायो तिम्रो प्यारो छोरोले ?'

'किन ?' श्रीमती छक्क पर्दै भनी, 'के भयो ?'

'छिमेकीहरू भन्दै थिए यदि यो गर्मीको छुट्टीमा हामी कतै सपरिवार घुम्न गयौं भने सम्पूर्ण गाडीभाडा उनीहरूले दिने रे ।

०००

एउटा वृद्धा बूढी रोइरहेको शिशुलाई काखमा हल्लाउँदै भन्दै थिइन्- 'सुत बाबु डिप्लोमा सुत ।'

'तपाईंले आफ्नो नातिको नाम किन डिप्लोमा राखेको ?' छिमेकीले सोधिन् ।

'मेरी छोरी डिप्लोमा पढ्न सहर गएकी थिई आउँदा यसलाई लिएर आई त्यही भएर ।'

०००

एउटा भ्यागुतो भविष्यवक्ता कहाँ गयो । ज्योतिषले भन्यो- 'अब छिट्टै एउटी अति नै राम्री तरुनीसँग भेट हुँदैछ जसले तिम्रा बारेमा सबै कुरा जान्न चाहन्छे, बुझ्न चाहन्छे, तिमीलाई भित्रसम्म चियाएर हेर्छे' ।

भ्यागुता खुसीले थरथर काम्न थाल्यो । भ्यागुताले भन्यो, 'आहा, कहाँ भेटिन्छे त्यो तरुनी ? कुनै पार्टीमा ?'

'होइन बायलोजीको कक्षामा ।'

०००

बुबासँग छोरा,
तपाईं अँध्यारोसँग डराउनुहुन्छ ?

डराउँदिन छोरा । बिजुली चम्किदा ? डराउँदिन । बाघ, भालु, चितुवासँग ? अहँ डराउँदिन ।

भनेपछि तपाईं मम्मीबाहेक अरू कोहीसँग पनि डराउनुहुन्न ।

०००

एक युवक विवाहको पहिलो माइती बसाइपछि घोडागाडीमा बसेर दुलहीसँग घर फर्कंदै थियो । एकाएक घोडा एउटा ढुंगामा ठोक्कियो, रथले एक झट्का खायो । फेरि रथ सम्हालियो ।

क्रूर आवाजमा घोडालाई भन्यो, 'एउटा गल्ती माफ ।'

एकछिनपछि घोडा फेरि लड्खडायो, रथ फेरि साह्रै हल्लियो ।

युवकले भन्न् क्रूर आवाजमा घोडालाई भन्यो 'दोस्रो गल्ती माफ ।'

घोडा तेस्रोपटक पनि लड्खडायो, रथ फेरि हल्लियो । अब युवकले रथ रोक्यो । रथबाट ओर्लियो अनि बन्दुक निकाल्यो र घोडालाई गोली हान्यो ।

दुलही, जो अहिलेसम्म चुपचाप यो दृश्य हेरिरहेकी थिई, ले भनी- 'हत्यारा, यो के गरेको तिमीले ? हे भगवान्, मलाई थाहा पनि थिएन मेरो यस्तो निष्ठुरी हत्यारासँग विवाह भएको रहेछ... ।'

युवकले चुपचाप सुनिरहयो । दुलहीले गाली गर्ने जति गरिसकी अनि चुप लागी । युवक दुलहीको छेउमा गयो र आँखामा हेर्दै भन्यो– 'एउटा गल्ती माफ'


त्यसपछि दुलहीले जीवनभर लोग्नेसँग एक वचन पनि नराम्रो बोलिन ।

०००

**मेरो कुरो** : तपाईं कुनै केटीका बारेमा नराम्रो कुरा जान्न चाहनुहुन्छ भने उनकी साथीका अगाडि उनको प्रशंसा गर्नुहोस्, सबै कुरा साथीले खोल्छे ।

## कविता

### उमेर पुगेकै छैन



साट्नु पहिले हृदयलाई, हृदय धड्किन देऊ तिमी
अझै कोपिला नै छु म, पहिले फक्रिन देऊ तिमी
पहिले सोह्र पुगेर बैंसको पूजा त गरौं
अनि मात्र हृदयलाई बैंसमा, धड्किन देऊ तिमी
मायाप्रीति लाउने यो उमेर हुँदै होइन
भविष्यका लागि पहिला दियो तप्किन देऊ तिमी
नबुझी माया लाए, मायामा भुल हुन्छ
पहिला सीधा बगेको खोलालाई तर्किन देऊ तिमी
यो माया हुँदै होइन तिम्रो आवेश हो
आवेशको हलचललाई उसकै घरमा फर्कन देऊ तिमी ।

–प्रेमकृष्ण श्रेष्ठ

### खुसीको वहार

ढुकढुक परी मुटु पनि फुल्दो रै'छ जिन्दगीमा
तिमी बोल्दा दिलको आकाश खुल्दो रै'छ जिन्दगीमा
मनको लड्डु घिउसित कति खाइयो थाहा छैन
भावनाको वेगमा मान्छे डुल्दो रै'छ जिन्दगीमा
कति मदहोस हुन्छ मान्छे नपिएर पनि यहाँ
आफैले आफैलाई पो भुल्दो रै'छ जिन्दगीमा
छक्कै पर्छ रेसम पनि दुनियाँको चाल हेर्दा
खुसीको वहार पनि त झुल्दो रै'छ जिन्दगीमा ।

–रेसमकुमार सुनुवार

### यति त गर्न सक्छु

तिम्रा लागि यति त गर्न सक्छु म
जन्मदिनको शुभ-कामना भन्न सक्छु म
लाखौंलाख वर्ष बाँच भन्दै
दीर्घायुको माला उन्न सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म
भेट्नु एउटा संजोग रै'छ, भेटियो
टाढा हुँदा सम्झना-पत्र लेख्न सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म
तिमीलाई चोट लागेर दुखेको पल
कठै ! मेरो साथी भन्न त सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म
यस्तै थियो जिन्दगी, भोग्नु थियो भोगियो
यसो कतै भेट हुँदा हाई-हेलो त भन्न सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म
नचाहँदा-नचाहँदै कतै चोट पुगेको भए
दुई हात जोडी सरी त भन्न सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म
तिम्रो त्यो पवित्र निश्चल मनमा
सदा निश्चल भावना बगिरहे
तिम्रो सुख-दुःखको साथी बन्न सक्छु म
तिम्रो लागि यति त गर्न सक्छु म ।

–कृष्णगोपाल श्रेष्ठ

### बीच सडकमा लडेपछि

जाँड-रक्सी पिउँदापिउँदै मात यसको चढेपछि
पिउँदा-पिउँदै थाहै नपाई बीच सडकमा लडेपछि
झैझगडा गर्छन् धेरै दाइ भाइ भए पनि
छट्पटाउँदै बरबराउँछन् नालीभित्र लडेपछि
जाँड-रक्सीको नशा कस्तो जति पनि पिउँछन् हजुर
दिन-रात बिताइदिन्छन् यसको नशा चढेपछि
निहुँ केही चाहिँदैन झैझगडा गर्न यिनलाई
समयको पत्तै छैन पिउँदा पिउँदै लडेपछि ।
भट्टी-भट्टी धाउँछन् सबै जाँड रक्सी पिउन भनी
जहान-बच्चा बिर्सिदिन्छन् भट्टीभित्रै लडेपछि ।

–बद्री शिवाकोटी


### जा'गिर

गाउँ छोडी भाग्य खोज्न सहरतिर आइयो
विभाग र मन्त्रालयमा धेरै पटक धाइयो
धाउँदा-धाउँदा जुत्ता चप्पल कोयौं जोर फाटिसके
आश्वासनको भर गर्दा, धेरै दुःख पाइयो
सहरका देवताहरू, साह्रै कठोर हुँदा रै'छन्
तिनका अघि राग-अलाप, सबै भाका गाइयो
सेवक हुँ पाउको धूलो, मुठीभित्रको लाचार माखो
यो माखोलाई बाँची खान जागिर चाहियो ।

–पूजा बराल

## लघुकथा

### पिंजडामा



कुनै समय दुई भँगेरा एकदमै मिल्थे । जहाँ पनि सँगै जान्थे । उनीहरूको यस्तो मिलाप देखेर अरू भँगेराहरू जल्थे । अतः कान भर्ने काम भयो । असाध्यै मिल्ने साथीहरू आज झगडा गरिरहेका छन्, उनीहरूको घर गुँड एउटै ठाउँमा थियो । एउटा परेवा खोरमा भित्रपट्टि दुवै छेउको बीचमा । सधैं त्यही ठाउँमा मिलेर बस्ने, आज त्यही स्थानमा झगडा गर्दैछन् । ती दुई पक्षी झगडाको बेहोसीमा दुवै लछारिँदै पछारिँदै भुइँमा खसे । दुवैको चुच्चो एक-अर्काले टोकेका छन् । आफ्नै सुरमा...।

यो सबै रमिता हेरिरहेको एउटा बाबुले तिनीहरूलाई मौका छोपी च्याप समात्छ र आफ्नो पिँजडामा थुन्छ । त्यतिखेरसम्म उनीहरूको होस आइसकेको हुन्छ, तर के गर्नु ? अब दुवै लाचार छन् । केही गर्न नसक्ने स्थितिमा... एउटा उखान याद आयो मलाई– भाइ फुटे गँवार लुटे ।

–सजिना सुब्बा

## पलेंटीमा फेरि कुमार सुब्बा

नेपालयको आरशालामा मे महिनाको ३० तारिख, शुक्रबार हुने पलेंटी श्रृंखलामा दोस्रो पटक गाउनका लागि दार्जीलिङबाट प्रख्यात नेपाली गायक कुमार सुब्बा आफ्ना साङ्गीतिक सहकर्मी चन्दन लोम्जेलका साथ काठमाडौं आइपुगेका छन् । कुमार सुब्बाको नाम नेपाली गीत-संगीतका पारखीहरूका लागि नौलो होइन । आजभन्दा झन्डै चार दशकअघि अत्यधिक चर्चित भएका सुब्बाका गीत अहिले पनि उत्तिकै लोकप्रिय छन् ।

'खासमा भन्ने हो भने श्रोताहरूको विशेष मागका कारण नै हामीले कुमार दाइलाई पुनः निम्त्याएका हौं । उहाँलाई एकपटक फेरि पलेंटीमा प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ ।' पलेंटीका संयोजक आभासले भने । कुमार सुब्बाले यसअघि सन् २००६ को मे महिनामा पनि पलेंटीका श्रोताहरूलाई सङ्गीतकार कर्म योञ्जनका साथमा मन्त्रमुग्ध बनाएका थिए ।

अहिलेसम्म निरन्तर रूपमा संगीत साधनामा सक्रिय सुब्बाको स्वरमा अझै पनि त्यही पुरानो मिठास र जादु छ । नेपालयको आरशालामा कार्यक्रमको तयारीमा जुटेका गायक सुब्बा भन्छन्– 'यो उमेरसम्म पनि गायनमा सक्रिय नै रहेर धेरै राम्रा गीतकार र संगीतकारहरूसँग काम गर्न पाउनु खुसीको कुरा हो । मलाई भित्रभित्र यी गीतलाई कतै एउटै थलोमा संग्रहित गर्न पाए हुन्थ्यो भने लागिरहन्थ्यो । पलेंटीको माध्यमबाट मेरो त्यो इच्छा पनि पूरा हुने भएकोमा म अत्यन्तै खुसी छु ।'

## सन्देश

नयाँ वर्षको दिन चोभारबाट फर्कंदा पानी छ्याप्ने र घरीघरी फर्केर हेर्ने आत्मीय मित्रलाई मंगलबार त्यही पानी छ्याप्ने ठाउँमा ठीक १:३० बजे भेट्न चाहन्छु।

**आच्छ्यू भन्ने व्यक्ति**

साथीहरू क्रमशः सुधा, सूदन र पेम्बालाई सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना।

**आइसिंह डी. तामाङ**

नी, अहिले तिमी कहाँ छौ ? भावनाहरूलाई कहाँ पोखौं, कसलाई सुनाऊँ लागिरहन्छ। तिमीमा बाहेक आफ्नोपन अरूमा पाउन सकिनँ। प्रतीक्षा नै लामो भयो। हृदयले खोजेको कुरा सामु नपाउँदा जिउनै गाह्रो भो।

**विजय**

पूजा, धेरै-धेरै सम्झना साथै न्यानो माया। तिमीले चालेका हरेक पाइलाले सफलता चुमून्।

**देवराज**

रीतिका, तपाईंको जन्मदिनमा आउन सकिनँ। जन्मदिनसँगै तपाईंको विवाहको फोन पनि आओस् भन्ने कामनासहित छिट्टै भेट्ने आशाका साथ हार्दिक शुभकामना।

**कृष्ण**

तुलसा, हाम्रो भेट नभएको पनि धेरै भैसक्यो। त्यसैले होला, सपनीमा पनि तिमीलाई नै पाउँछु। सपनीमा झस्कन्छु, बिपना बन्छ तर तिमी हुँदिनौ, तब तिमीलाई भेट्न मन आतुर हुन्छ तर खै ? नियतिले भनौं वा बाध्यता यस्तै हो। आखिर तिमी मेरी प्राण हौ, म सदा तिम्रै छु तिम्रै रहनेछु



हाम्रो प्रेम जुनी-जुनी चलिरहनेछ।

**पी.आर.**

सुजन, धेरै-धेरै सम्झना। तिमीलाई मैले काठमाडौंमा धेरै पटक सम्पर्क गरें र पनि भेट्न सकिनँ। तिमी अहिले कहाँ छौ भन्ने कुरा पनि थाहा भएन। म यहाँ आउने बेलामा मेरो मार्कसिट तिमीले राखेको थियौ, त्यो अहिलेसम्म पनि घरमा पुगेको रहेनछ। त्यसैले धरानतिर गयौ भने जसरी भए पनि पुऱ्याइदेऊ, मैले तिमीलाई एकदमै मिस गरिरहेको छु।

**yourfrien**

आयुषा, जबदेखि तिमी मेरो जीवनमा आएकी छ्यौ। तबदेखि म खुसी हुन थालेको छु। मेरो साथ कहिल्यै नछोड्नु। हाम्रो माया यसरी नै अघि बढिरहोस्।

**मोतीराम**

## जीवनको गोरेटोमा

### मेरो पहिलो प्रेम

उनीसँग मेरो पहिलो भेट कलेजको बार्दलीमा भएको थियो। बार्दलीमा उभिएर उनी एकटक सूर्योदय हेरिरहेकी थिइन्। संजोग नै भनूँ, मेरो क्लास नभएका कारण म पनि उनीछेवै उभिन पुगें। हाम्रो नजर साटियो र उनी मुसुक्क हाँसिन्। 'तपाईको पनि क्लास छैन ?' उनले प्रश्न गरिन्। मलाई अप्ठ्यारो लाग्यो। बार्दलीमा उभिरहेका अरू सहपाठीहरूतिर नियालें। लाग्यो, सबै सहपाठी उनको प्रश्न र मेरो मौनतालाई नियालिरहेका छन्। उनको प्रश्नमा मौन बनेर म आफ्नो क्लासमा फुत्त छिरें। लाग्यो, एउटी युवतीले कुनै अनजान व्यक्तिसँग बोल्नुमा ठूलो रहस्य थियो।



हाम्रो दोस्रो भेट कलेजको लाइब्रेरीमा भएको थियो। उनी पुस्तकालयको छेवैमा बसी पुस्तक पढिरहेकी थिइन्। मेरो आगमनको चाल पाएर, पुस्तक समातेका उनका हात काँप्न थाले र उनले समातेको पुस्तक फूलको थुँगाजस्तो झर्न थाल्यो। भुइँमा झर्दा पो देखें, उनको झरेको फूलको छातीमा कुँदिएको थियो 'शीरीषको फूल'।

हाम्रो तेस्रो भेट कलेजकै क्यान्टिनमा भएको थियो। उनी आफ्ना सहचरीहरूसँग चिया खाइरहेकी थिइन्। म पनि त्यही पसलमा आफ्ना साथीहरूसँग आएर, एउटा टेबुल ओगटें। मलाई देखेर उनी पानी पानी भइन् र उनको चियाको गतिमा सुस्तता आउन थाल्यो। उनी बारम्बार मेरो टेबुलमा नजर दिन्थिन् र नजर झुकाउँथिन्। उनले आफ्ना सहचरीहरूको कुरामा कमै ध्यान दिएजस्तो लाग्थ्यो। एकछिनपछि उनी झस्किइन् र साथीहरूका गिलास समाप्तिको छेवै पुगेको देखेर छिटोछिटो चिया पिउन थालिन्, तर पनि उनी चिया आधै छोडेर गइन्। मलाई लाग्यो, त्यो सुस्तता र चियाको बाँकी रहेको अस्तित्वमा पनि केहि रहस्य थियो।

हाम्रो चौथो भेट मन्दिरमा भएको थियो। मानिसको हुल, जहाँ स्वयं हराउने डर थियो। त्यस्तो हुल छिचोली उनी मसामु आइन् र भनिन्, 'सञ्चै हुनुहुन्छ ?' मलाई लाग्यो, यो सारा हूलले मेरो परीक्षा लिइरहेको छ। पुजारीका आँखाले मलाई नै चिथोर्दै छन्। आफ्नै अञ्जुलीमा बोकेको एक अञ्जुली फूलसँग पनि मलाई लाज लाग्न थाल्यो। सानो स्वरमा 'सञ्चै छु' भनी म हूलमा बिलाएँ। त्यो स्वर यति सानो थियो, लाग्छ उनीसम्म नपुग्दै त्यो जवाफ बिलायो। लाग्यो, त्यत्रो हूलमा उनले मेरो अस्तित्व पहिचान गर्नुमा केही रहस्य थियो।

हाम्रो पाचौं भेट एक ओरालो बाटोमा भएको थियो। केही अँध्यारो र केहि उज्यालो पोखिएको त्यो बाटोमा हामी नबोली सँगै यात्रारत थियौं। बाटैमा एउटा बिरालो म्याउँ गरी हाम्रो खुट्टा भएर दौडियो। उनी त्यो म्वाउँसँग तर्सिएर मेरो बाहुमा अडेसिएर संरक्षण लिन आइन्। त्यो बिरालोमाथि ढुंगा प्रहार गरी मैले उनको अडेस छुटाएँ। लाग्यो, बिरालोको म्वाउँसँग डराएर, बिरालोको म्याउँलाई चिथोर्न मेरो पुरुषार्थलाई ललकार्नुमा केही रहस्य थियो।

हाम्रो छैटौं भेट फेरि क्लास नहुँदा बार्दलीमा भएको थियो। त्यस दिन हामीबीच केही कुराकानी भयो। उनले कुरैकुरामा मन्दिर जाने प्रस्ताव राखिन्। मलाई लाग्यो, एउटी नारीसँग म कसरी मन्दिर जाऊँ ? किनभने मन्दिर पुग्न एउटा बगैंचा भएर जानुपर्थ्यो। मैले आज नजाने भनेर उनको प्रस्ताव अस्वीकार गरें। मलाई लाग्यो, एउटी नारी भएर पनि एकान्तमा जाने प्रस्ताव गर्नुमा कुनै रहस्य थियो।

छैटौं भेटको भोलिपल्ट उनी कलेज आइनन्। थाहा छैन, उनले किन कलेज छोडिन्। उनको एक पवित्र नामसिवाय मेरो स्मृतिमा केही छैन। हामीबीच वियोगको एक मोड टुप्लिकिएको मैले चाल पाएँ। उनी टाढा पुग्दा पो मेरो दिल धड्कियो। एक, दुई, तीन, चार, पाँच र छ हुँदै हाम्रा सबै मिलन निरर्थक ओइलाए। आज प्रायश्चित्त गर्न मन लाग्छ। उनको पुस्तक मेरो खुट्टैमा गिर्दा किन मैले उठाएर दिइनँ ? उनको मन्दिर जाने प्रस्ताव किन अस्वीकार गरें ? उनी बोल्न आउँदा किन बोलिनँ ? आदि, आदि। आज पुनः उनीसित भेट भए आफ्नो सारा माया पोखिदिने विचार गरेको छु, तर लाग्छ, अब हाम्रो भेट हुँदै हुनेछैन।


जीवनमा बहार एक पटक मात्र आउँदो रहेछ। त्यो बहारमा बहारकै मुस्कान चोरी मुस्कुराउन सकिएन भने प्रत्येक मौसम पतझडको हुँदो रहेछ। आज प्रायश्चित्तसिवाय हृदयमा केही छैन। रातोदिन उनको यादमा कल्पिनु श्वास फेर्नुतुल्य भएको छ। उनको नाम मनमनै कैयन्पल्ट जप्छु। उनको नाम 'स'बाट आउँथ्यो। प्रायः नारीको नाम 'स'बाट नै सुरु हुन्छ। अचेल मलाई त्यही नामको 'स'ले पोल्न थालेको छ। म यहि 'स'रूपी राप लिएर बाँचेको छु र यही 'स' मेरो ओठमा आज पनि उम्लिरहेको छ। लाग्छ मेरो मृत्युपर्यन्त यहि 'स' ओठैमा आएर मेरो पार्थिव शरीरले विश्राम लिनेछ।

**–प्रेमकृष्ण श्रेष्ठ**

## साप्ताहिक साथी



व्यवस्थापनअन्तगत प्रवीणता प्रमाणपत्रतह अध्ययन गरिरहेका सुजन श्रेष्ठ ६ फिट १ इन्च छन्। गम्भीर स्वभावका सुजन अविवाहित छन्। संगीत सुन्न रुचि राख्ने सुजन १९ वर्षका छन्। गहुँगोरो वर्णका सुजन सुन्दरताभन्दा व्यवहार तथा दीर्घकालीन मित्रतालाई महत्त्व दिने व्यक्तिहरूको खोजीमा छन्। श्रेष्ठलाई सिंगिया-९, सुनसरीमा पत्राचार गर्न सकिन्छ। उनको इमेल ठेगाना modal2006_6063@yohoo.com हो।



कक्षा ९ मा अध्ययनरत केशव अधिकारी १८ वर्षका छन्। हँसिलो स्वभावका केशव गहुँगोरो वर्णका छन्। पत्रमित्रता तथा भ्रमणमा रुचि राख्ने केशवलाई किराना चौक-१, चैनपुर, धादिङमा पत्राचार गर्न सकिन्छ।



वैदेशिक रोजगारीका लागि इराक पुगेका नेत्र 'घायल' क्षेत्री २३ वर्षका छन्। दश कक्षासम्म पढेका नेत्र ५ फिट ३ इन्च अग्ला छन्। मिलनसार स्वभावका नेत्र भलिबल खेलप्रति रुचि राख्छन्। अविवाहित नेत्र रगतको नाताभन्दा भावनाका नातालाई महत्त्व दिन्छन्। उनलाई netra_ghayal2006@yahoo.com मा पत्राचार गर्न सकिन्छ।

# सुरु भयो सोइ ढोले सोइ

**भिषा काफ्ले**

*सोइ ढोले सोइ*
*अर्को ढोले खोइ-खोइ ?*

तरुनी हुन् वा तन्नेरी, साधारण जनमानस हुन् वा सभासद अहिले रन्को छ उभौली साकेलाको। मंगलबार वैशाखे पूर्णिमादेखि सुरु भएको साकेला उभौली पर्व धनकुटाको यलम्बर चोकमा धनकुटेली राई युवायुवती, गैर राईका साथै नवविधायकहरूले सँगै नाचेर उभौलीको सुभारम्भ गरिसकेका छन्। अबको पन्ध्र दिन धनकुटा यसरी नै साकेलामय रहनेछ। अझ रोचक कुरा



त पश्चिमा संस्कृतितर्फ ढल्कँदै गएको युवा पुस्ता पनि साकेला नाचप्रति आकर्षित देखिएको छ। मनोरञ्जनका दृष्टिले पनि साकेला नाच रमाइलो हुने साथै सबै एकै ठाउँ भेला भएर नाचिने हुँदा एक-आपसमा चिनजान, आपसी सद्भाव बढ्ने कारणले युवा पुस्ताको आकर्षण साकेला नाचमा देखिन्छ। राई जातिका युवा मात्र नभएर अन्य जातिका युवाहरू पनि साकेलामा सहभागी हुनुले पनि यो नाचको लोकप्रियता झल्कन्छ।

ढोल झ्याम्टाको आवाजसँगै यतिखेर साकेलाका विभिन्न भाकाका गीत पूर्वी नेपालको धनकुटा, संखुवासभा, भोजपुर, उदयपुर, खोटाङ, सोलुखुम्बु, सुनसरी आदि जिल्लामा रहेका किराँत-राई बस्तीमा घन्किरहन्छ, अनि उनीहरूलाई साथ दिन्छन् अन्य जातजातिका समुदायले। प्रकृतिपूजक जातिका रूपमा चिनिएका किराँत-राईहरू बाली लगाउने बेला अन्नबाली राम्ररी फलोस्, सबैलाई राम्रो होस् भनेर अन्य काम छोडेर प्रकृतिको पूजासँगै साकेला नाच्न व्यस्त छन्।

# तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?

महिला मन्त्रालय रोज्छु। किनभने महिलालाई महिलाको व्यथा थाहा हुन्छ।

**नवसरु, रसुवा**

वन मन्त्रालय लिन्छु, किन थाहा छ ? किनकि वन मन्त्रालय यस्तो मन्त्रालय हो जहाँ रातारात धनी हुन सकिन्छ। किन भनेर नसोध्नु नि। ठीकै छ, भन्छु- रक्तचन्दन क्या।

**अनुप (प्रेमी), भीमढुंगा**

शिक्षा मन्त्रालय रोज्छु। म नेपालको शिक्षा पद्धतिलाई घोकन्तेबाट व्यावहारिक बनाउन चाहन्छु।

**अमृता घिमिरे** (१७), **गोरखा**

अर्थ मन्त्रालय, भन्सारमा आफन्तलाई नियुक्ति गर्थें र छिट्टै अख्तियारको टाउको दुखाइको बन्थें।

**अज्ञानी समिर**

केको मन्त्रालय ? राष्ट्रपति हुने छाँट आइसकेका बेला मन्त्रालयको कुरा गरेर फसाउने काम नगर्नुस् त।

**रेसम सुनुवार**

जुन मन्त्रालय रोजे पनि मेरो पिए तपाईंकै प्रेमिकालाई राखिदिउँला नि।

**हडिन्द्र कार्की** (२४), **धनकुटा**

रक्षा मन्त्रालय, किनकि नेपालमा सुरक्षाको ग्यारेन्टी पहिलो आवश्यकता हो।

**चिन्तन बजगाईं, ठमेल**

सम्पादकज्यू, आश्वासन नदिनुहोस्, प्रचण्डलाई त केटौले भन्दैछन्। कहाँ हामीले मन्त्री हुने सपना देख्ने ?

**मुक्ति अधिकारी, करादी, स्याङ्जा**

महत्त्वपूर्ण मन्त्रालयभन्दा पनि कृषि, वनजस्ता कुनै एक मन्त्रालय रोज्थें किनकि त्यस्ता मन्त्रालयमा त्यति चासो हुन्न त्यसैले भ्रष्टाचार गर्न र नातावाद अनि हैकमवाद लागू गर्न पाइन्छ।

**युवराज न्यौपाने** (२१), **स्याङ्जा**

म गृह तथा रक्षा मन्त्रालय रोज्छु, किनकि सबै कम्ब्याटधारीलाई बर्खास्त गरी शान्त नेपाल बनाउनेछु।

**हरि अधिकारी**

किन सम्पादकज्यूलाई मन्त्री बन्न हतार भयो कि क्या हो ?

**अजय**

जुनसुकै मन्त्रालय होस् तर कमाइचाहिँ राम्रो हुनुपर्‍यो।

**फडिन्द्र कार्की** (२४)

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
२. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
३. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
४. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
५. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
६. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
७. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
८. यो संसार कस्तो छ ?
९. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
१०. कस्ता युवती राम्रा हुन्छन् ? किन ?

# वीरगन्जमा तेस्रो लिंगीको र्‍याली




वीरगन्ज- होमोफोबियाविरुद्ध अन्तर्राष्ट्रिय दिवसको अवसर पारेर नील हीरा समाज वीरगन्जले शनिबार र्‍याली निकाली समुदायसँग अन्तर्क्रियासमेत गर्‍यो। समाजको पानीट्यांकीस्थित कार्यालयबाट निस्किएको र्‍याली नगरको विभिन्न भागको परिक्रमापछि भिष्वा डाँडामा पुगी सांस्कृतिक कार्यक्रममा परिणत भएको थियो। र्‍यालीमा वीरगन्ज र यसआसपासका ठूलो संख्यामा समलिंगी, द्विलिंगी र तेस्रो लिंगीहरू सहभागी थिए।

उनीहरूले लैंगिकताका आधारमा कसैप्रति भेदभाव नगरौं, सर्वोच्च अदालतको निर्णय लागू गर, समलिंगी तथा तेस्रो लिंगीहरूको मानवअधिकारको ग्यारेन्टी गर, आरक्षणमा सीमान्तकृत समुदाय, समलिंगी, तेस्रो लिंगीलाई पनि समावेश गर, समलिंगी तेस्रो लिंगीको संविधानमा हक-अधिकारको ग्यारेन्टी गर जस्ता नारा लगाएका थिए। ब्यानर र प्ले कार्डसहित निकालिएको र्‍यालीमा अधिकांश तेस्रो लिंगीहरू महिला पोसाकमा देखिएका थिए।

नील हीरा समाज, वीरगन्जका प्रोजेक्ट अफिसर राजकुमार शर्माका अनुसार, नेपालमा सन् २००१ देखि यो दिवस मनाउन थालिएको हो भने वीरगन्जमा पहिलो पटक यो दिवस मनाइएको हो।

तत्कालीन जर्मन शासक हिटलरले समलिंगीहरूलाई चरम यातना दिनुका साथै उनीहरूको हत्यासमेत गरेको घटनापछि विश्वभरिका समलिंगीहरूले आफ्नो अधिकारका लागि संघर्ष गर्दै आएकोमा सन् १९९० मा विश्व स्वास्थ्य संगठनले समलैंगिकता बिरामी नभै जन्मजात चाहना हो भनी घोषणा गरेको दिन देखी समलिंगीहरूले यो दिवस मनाउन थालेका हुन्।

**-शंकर आचार्य**

## सडकमा समलिंगी

धरान- वर्षौं लुकीछिपी रहेका समलिंगीहरू केही वर्षयता सार्वजनिक हुने क्रम बढेको छ। सार्वजनिक स्थलमै उनीहरूले ढुक्कसँग कार्यक्रम सञ्चालन गर्न थालिसकेका छन्। विश्व स्वास्थ्य संगठनले समलिंगीपनलाई रोगको सूचीबाट हटाएको दिन १६ मईको अवसरमा शनिबार इटहरीमा पूर्वेली समलिंगीहरू भेला भएका थिए।

सन् १९९० देखि आफ्नो अन्तर्राष्ट्रिय दिवसलाई मनाउँदै आएका उनीहरूले यसपालि उत्सवका रूपमा तीन दिन विभिन्न कार्यक्रम आयोजित गरे। समलिंगीहरूको हकहितका निम्ति आवाज उठाउँदै आएको संस्था मानवकल्याण समाजको आयोजनामा नवीन लामिछानेद्वारा निर्देशित 'अस्तित्व खोजीको' सडकनाटक लोकतान्त्रिक चोकमा शुक्रबार मञ्चन गरेको थियो। ब्लु डायमन्ड सोसाइटी पूर्वाञ्चल शाखाका संयोजक सञ्जय शर्माद्वारा लिखित उक्त सडकनाटकले सामान्य मानिसहरूसरह समलिंगीहरूलाई माया गर्नुपर्ने सन्देश दिएको थियो। दस जना समलिंगी कलाकारले अभिनय गरेको सडक नाटक निकै रोमाञ्चक थियो।

पूर्वाञ्चलका ५ सय लेस्बियन र गे सहभागी र्‍यालीले शनिबार इटहरी नगरपालिका परिक्रमा गरेको थियो। र्‍यालीले मन्त्रिपरिषद्ले मनोनयन गर्ने सभासद्मध्ये दुई जना समलिंगी हुनुपर्ने माग गर्दै नारा लगाएको थियो। नयाँ संविधानमा समलिंगीहरूको हक सुरक्षित हुनुपर्ने माग पनि उनीहरूले गरेका छन्।



## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : यौनरोग र एड्स भनेको के हो ? यसमा के-कति फरक छ ? यौन अथवा एड्स रोगका लक्षणहरू के-के हुन् ? यौनरोग, एड्सरोग लागेको मान्छेसँग सम्पर्क गरेको केही दिनपछि थाहा पाएर औषधी गरेको लाग्छ कि लाग्दैन ? ए नेगेटिभ बी पोजेटिप भनेको के हो ? यौनसम्पर्क गर्दा प्रयोग हुने उत्तेजक औषधीहरू पनि पाइन्छ रे, के यो सत्य हो ? पाइन्छ भने ती औषधी स्वास्थ्यका लागि कति हानिकारक छन् ? गर्भवती महिलाले त्यस्तो औषधी खानु हुन्छ कि हुँदैन ?**

**– आ., दोहा, कतार**

**उत्तर : यौनरोग र एड्स के हो ?**

यौनरोग संक्रमित व्यक्तिसँग यौनसम्पर्क गर्दा सर्ने रोग हो। यौन सम्पर्कबाट सर्ने यस्तै २० भन्दा बढी रोगको समूहलाई नै यौनरोग भनिन्छ। एच.आई.भी. सर्ने एक प्रमुख माध्यम यौनसम्पर्क भएकाले यसलाई पनि यौनरोग भनिन्छ। यहाँ यौनसम्पर्क भन्नाले लिङ्ग-योनि मैथुन, मुखमैथुन वा गुदा-मैथुन सबै सम्झनुपर्छ। एच.आई.भी. संक्रमण भएपछि बिस्तारै प्रतिरक्षा शक्ति कमजोर भएर विभिन्न रोगका जीवाणुको संक्रमणपछि त्यसैअनुसारका लक्षण देखिएको अवस्था एड्स हो।

**लक्षणहरू के-के होलान् ?**

यौनरोग कुनै एक संक्रमण मात्र नभएर विभिन्न किसिमका संक्रमणको समष्ठिगत नाम हो। संक्रमणअनुसार यसका लक्षणहरू पनि फरफ हुन्छन्, तर पनि सजिलोका लागि निम्न लक्षणहरूमा संक्षेपीकरण गर्न सकिन्छ, जस्तै यौनअंगवरिपरि घाउ, खटिरा वा पानीफोका आउनु, पिसाब फेर्दा पोल्ने वा दुख्ने हुनु, लिङ्गबाट पीप बग्नु, योनिबाट धेरै, मैलो वा गन्हाउने सेतो पानी बग्नु, महिलाहरूमा तल्लो पेट दुख्नु, योनि वा त्यसको वरिपरि पोल्ने वा चिलाउनु इत्यादि। कतिपय स्थितिमा यौनरोग भएर पनि कुनै लक्षण नदेखिन सक्छ भन्ने कुरा बिर्सनु हुँदैन।

एच.आई.भी.को सन्दर्भमा भने कुरा केही फरक छ। एच.आई.भी शरीरमा भए पनि वर्षौंसम्म कुनै लक्षण नदेखिन सक्छ। एच.आई.भी.को संक्रमण भएर प्रतिरक्षा शक्ति क्षीण हुँदै गएपछि विभिन्न रोग लागेर त्यसै अनुसारका लक्षण देखिएको अवस्था नै एड्स हो। सामान्यतया देखिने लक्षणहरू ज्वरो आउनु, पखाला लाग्नु, वजन घट्नु तथा कुपोषणका लक्षणहरू देखिनु, छालाका विभिन्न समस्याहरू आउनु, मुख तथा घाँटीमा काई (सेतो), हर्पिस आउनु, दाँत वा गिजाका समस्याहरू, खोकी वा स्वास फेर्न गाह्रो हुनु, चाँडै थकाइ लाग्नु वा कमजोरी हुनु आदि हुन्।

याद गर्नुपर्ने कुरा के भने यी लक्षणहरू अन्य कतिपय रोग हुँदा पनि देखिन्छन्। त्यसैले लक्षणकै आधारमा एड्स भए-नभएको भन्न गाऱ्हो हुन्छ। त्यसबाहेक निष्कर्षमा पुग्नुभन्दा पहिले गरिने रक्तपरीक्षण गर्नुभन्दा पहिले नै कुनै पनि व्यक्तिमा यो रोग हुने जोखिमको लेखाजोखा हुन पनि त्यत्तिकै आवश्यक छ।

जहाँसम्म लक्षण देखिन कति समय लाग्छ भन्ने प्रश्न छ त्यो रोगअनुसार फरक पर्ने कुरा हो। कुनै यौनरोगका लक्षणहरू तुरुन्तै पनि देखा पर्न पनि सक्छन् भने कहिलेकाहीं हप्तौं वा महिनौं पनि लाग्न सक्छ। केही यौनरोगका लक्षण देखा परेर हराएको जस्तो हुँदा निको भएको जस्तो लाग्ने भए पनि सतर्क रहनुपर्छ, किनकि रोग भित्रभित्रै सल्किरहेको हुन्छ। एच.आई.भी.को सन्दर्भमा भने एड्सको स्थितिमा नपुगेसम्म सामान्य खासै लक्षण देखिन गाह्रो छ र यसका लागि दसौं वर्ष वा बढी समय पनि लाग्न सक्छ। एच.आई.भी शरीरमा भए-नभएको यकिन गर्न एच.आई.भी.सँग सम्बन्धित प्रतिजैविकी परिक्षण गरिन्छ। यस्ता रक्तपरीक्षणमा नतिजा नकारात्मक (निगेटिभ) हुनुले एच.आई.भी. तपाईंको शरीरमा नभएको जनाउँछ भने सकारात्मक (पोजिटिभ) हुनुले भएको तर यी परिक्षण भन्दा पहिले परामर्श लिनु आवश्यक छ।

**के ढिला भएमा औषधी लाग्दैन ?**

यो कुन किसिमको रोग लागेको हो भन्ने कुरामा भर पर्छ। केही यौनरोगलाई पूर्ण रूपमा निको पार्ने औषधी बनिसकेका छैनन् भने केही समयमा उपचार गरिए पूर्ण रूपमा निको हुन्छन्। यहाँ जतिसक्यो चाँडो रोगको निदान र उपचार पूर्ण रूपमा गर्नुपर्छ। जति ढिलो भयो त्यति नै जटिलता थपिन सक्छ।


**ए निगेटिभ र बी पोजिटिभ भनेको के होला ?**

सबैको रगत उस्तै हो भने पनि चिकित्सा विज्ञानअनुसार मानवशरीरमा पाइने रगत एक-अर्कामा ठ्याक्कै मिल्दैन। रगतको रातो रक्तकोषमा पाइने प्रोटिनमा हुने फरकले गर्दा यस्तो हुन्छ। रक्तसमूहको वर्गीकरण गर्दा ABO System सबैभन्दा महत्त्वपूर्ण हो र यसअनुसार मानव रगतलाई A, B, AB तथा O समूह हुन्छ। व्यक्तिको रगत जुन समूहको हुन्छ त्यसैको नाम दिइन्छ। त्यसैगरी प्रसूति सेवामा Rh (Rhesus) वा नहुनु महत्त्वपूर्ण हुन्छ। रक्त प्रकारमा Rh factor छ भने त्यसलाई $Rh^{+ve}$ (Rh positive) र छैन भने हामी $Rh^{-ve}$ (Rh negative) भनिन्छ। मानौं कसैका रगत ब समूहको छ र Rh factor छैन भने बोलीचालीमा त्यस रगतलाई $A^{-ve}$(ए निगेटिभ) भनिन्छ। त्यसैगरी B समूहको छ र Rh factor छ भने बोलीचालीमा त्यस रगतलाई $B^{+ve}$(बी पोजिटिभ) भनिन्छ।

**उत्तेजनाका लागि औषधी ?**

केही औषधी पक्कै पाइन्छन्। चिकित्सकको सिफारिसविना पाइने कतिपय औषधीको प्रभावकारिता अनि कुअसरका बारेमा यसै भन्न सकिने स्थिति छैन। अर्कातिर तपाईंले थाहा पाउनुभएकै होला– विशेष गरेर गर्भावस्थामा कुनै पनि औषधी चिकित्सकको सिफारिसविना सेवन गर्नुहुँदैन। के-कस्तो असर पर्छ भन्ने कुरा कुन औषधी प्रयोग गरिँदैछ भन्ने कुरामा भर पर्ने कुरा हो। यद्यपि तपाईं अहिले विदेशमा हुनुभएको स्थितिमा यस्तो प्रश्न किन मनमा आयो थप बुझ्न मन लागेको छ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ




फरकहरू : टुकी, कपाल, औंला, लुगाको बुट्टा, किताब ।

## भाषिक सर्वेक्षण

नेपालमा पहिलो पटक भाषिक सर्वेक्षण हुने भएको छ । यसबाट नेपालभित्र के-कति भाषा बोलिन्छ भन्ने कुरा थाहा हुनेछन् । उक्त सर्वेक्षण गर्न तीन वर्ष लाग्नेछ र यसका लागि राष्ट्रिय योजना आयोगमा प्रस्ताव प्रस्तुत गरिएको छ । जनगणनामा भाषाका बारे पर्याप्त जानकारी प्राप्त नभएकाले सर्वेक्षणको प्रस्ताव गरिएको हो । पछिल्लो जनगणनाअनुसार नेपालमा १ सय २ भाषा बोलिन्छ ।

## जन्मदिनको शुभकामना



प्रनिश भुजू २०५५ जेठ १०



काओरु श्रेष्ठ २०६० जेठ १०



स्नेहा घिमिरे २०६२ जेठ १२



एलिना महर्जन २०५५ जेठ १२



हुलास चौधरी २०५८ जेठ १४



सिमरन श्रेष्ठ २०६१ जेठ १४



अमन रौनियार २०५५ जेठ १४



प्राप्ति महत २०५९ जेठ १४



संस्कार लामा २०६० जेठ १४



राजेश भट्टराई २०५८ जेठ १५



सुजल भुर्त्याल २०६३ जेठ १६



जेनिसा प्रधान २०६० जेठ ११



आस्था अधिकारी २०५९ जेठ ११



नारायणी कोइराला २०५४ जेठ १०

## पाषाणकला खतरामा



अहिले विश्वमा पर्यटक तान्न विभिन्न प्रयास भैरहेको छ तर पर्यटकको संख्या बढी भएका कारण कहींकहीं पर्यटकीय महत्त्वको क्षेत्रको अस्तित्व नै संकटमा पर्छ । यही स्थिति इजिप्टमा देखा परेको छ । इजिप्टको पाषाणकला पर्यटककै कारण खतरामा परेको हो । सुडान र लिबियाको सीमामा पर्ने इजिप्टको दक्षिण-पश्चिम सीमाको पर्वतमा रहेका प्रागऐतिहासिक कला विस्तारै नष्ट हुँदै गएका छन् ।

प्रागऐतिहासिक मानिस र दानवको चित्र कुँदिएको काबिर र जावेल औनाट कलामा पर्यटकबाट आघात पुगेको छ । नजिकको मानवबस्तीबाट ५ सय किलोमिटर टाढा पर्ने काबिर र जावेल औनाट पर्वतले ऐतिहासिक कलाकृतिलाई जीवित राखेका छन् । त्यहाँका पर्वत मात्र होइन, सम्पूर्ण क्षेत्र नै संस्कृति र प्रकृतिको अनुपम संग्रहालयका रूपमा चिनिन्छ । उक्त क्षेत्रमा पाँच हजारदेखि सात हजार वर्ष पुराना कलाकृति छन् । यो क्षेत्रमा एक साता बिताउन १० हजार अमेरिकी डलर खर्च गर्नुपर्ने भए पनि यहाँ पर्यटक आउन छाडेका छैनन् ।

### संघर्ष र सफलता

## तुल्सी तान्ती



तुल्सी तान्तीको जीवनमा दुईवटा घटनाले भूमिका खेलेका छन् । पहिलो हो– विद्युत्को बिल । सन् १९९५ मा तुल्सीले टेक्सटाइल उद्योग खोलेका थिए तर विद्युत्को बिलकै कारण उनको नाफा थोरै देखियो । यसका लागि विभिन्न उपाय सोच्ने क्रममा उनले केही वर्ष बिताए । अन्त्यमा उनले वायुशक्तिबाट विद्युत् निकाले । भारतको पुर्णेस्थित उनको कम्पनीले यसबाट लिएको फाइदालाई अन्य उद्योगले पनि पछ्याउन थालेका छन् ।

अर्को घटना अलि फरक छ । सन् २००० को अन्त्यमा उनले एउटा रिपोर्ट पढे । त्यसमा संसारमा भैरहेको कार्बनडाइअक्साइड उत्सर्जनको क्रमलाई नरोक्ने हो भने यसका कारण सन् २०५० सम्ममा माल्दिभ्सजस्ता थुप्रै टापु डुब्ने कुरा उल्लेख गरिएको थियो । यो समस्याबाट बचाउन उनको हावामिल धेरै उपयुक्त हुने उनले बुझे । त्यसपछि त उनी अझ यसको विस्तारका लागि लागिपरे । अहिले यस प्रकारका हावामिलहरू भारतका विभिन्न सहरमा मात्र नभएर संसारभर फैलिएका छन् । उनको सुज्लोन नामक कम्पनी अहिले हावामिलका लागि काम गर्ने संसारकै चौथो ठूलो कम्पनी भएको छ । यसले वार्षिक ८ अरब ५० करोड डलर आम्दानी गर्छ । उनको कम्पनीले सबैलाई हावा उपयोग गर्न प्रेरित गरेर पैसा मात्र होइन, वातावरण बचाउनसमेत सहयोग गरेको छ ।

## कुपन जन्मदिनको शुभकामना

नाम :.............................................

जन्म मिति :.............................................

स्कुल :.............................................

ठेगाना : .............................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## ४ अर्ब वर्ष पुरानो अनुहार



बेलायतको नेचर नामक वैज्ञानिक पत्रिकामा प्रकाशित एउटा लेख चन्द्रमामा पृथ्वीबाट हेर्दा देखिने मानव आकृति (अनुहार) चार अर्ब वर्षपहिले निर्माण भएको कुरा उल्लेख छ । चन्द्रमाको सतहमा पाइने कडा लाभाको कारण पृथ्वीबाट हेर्दा मानव आकृतिजस्तो देखिने गरेको लेखले जानकारी दिएको छ । चन्द्रमाको सतह उत्खनन गर्दा पाइएका खैरा चट्टानहरूको अनुसन्धानबाट उक्त कुरा प्रमाणित भएको दाबी नेचरमा प्रकाशित लेखमा गरिएको छ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - १९

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | ■ | ■ |
| | २ | | | | | | | ■ |
| | | ३ | | | | | | ■ |
| | | | ४ | | | | | |
| | | | | ■ | ५ | ६ | ७ | ८ |
| | | | ९ | | | | | |
| ■ | | | | १० | | | | |
| ■ | | | | ११ | | | | |
| ■ | ■ | | | १२ | | | | |

प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ चित्रलेखा यादव (६)
२ तीतो सत्यमा सिंधुलीका पाठक (३,४)
३ नजिकबाट (३,४)
४ मै ठूली भै'छु रे (२,४)
५ युरोपेली फुटबलको पावरहाउस (२)
६ युरो फुटबलको समूह डीमा (३)
७ सातौं नम्बरकी मोडल (२,२)
८ मुम्बईमा नेपाली फोटोग्राफर (३,२)

**तेर्सो**

१ नयाँ फुटबल एकेडेमी सञ्चालक (३,२,२)
२ सम्मानित कलाकार (३,४)
३ दसौं नम्बरकी मोडल (३,३)
४ हट गफ दिने नायिका (३,३)
९ केसी थरकी मोडल (३)
१० पूर्वको एक सहर (३)
११ आठौं नम्बरकी मोडल (२,२)
१२ ग्ल्यामर फोटोग्राफर (३,२)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता नं. ११ को विजेता

भगवती गुरुङ, टेक्निकल इन्स्टिच्युट, बुटवल

**तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?**



लुकेका सामानहरू : कुकुर, चरा, भ्यागुतो, माछा, सर्प, हाँस ।

## बाटो पत्ता लगाऊ ?



# पारपाचुके र पारिवारिक तनाव



अमृत भण्डारी

नेपालको सहरी क्षेत्रमा मात्र होइन ग्रामीण क्षेत्रमा समेत पारपाचुके गर्नेहरूको संख्या बढिरहेको छ। तथ्यांकअनुसार सन् २००१/२००२ मा पारपाचुके गर्नेहरूको संख्या १ हजार ५ सय ५७ थियो भने २००२/२००३ मा यो संख्या बढेर १ हजार ८ सय २८ पुग्यो। उक्त समयमा काठमाडौंमा ३ सय ३८ जनाले पारपाचुके गरेका थिए। पारपाचुकेका लागि काठमाडौं जिल्ला अदालतमा २०५८/०५९ मा ३ सय २३ मुद्दा परेका थिए भने २०५९/०६० मा ३ सय ८३, २०६०/०६१ मा १ सय ५३, २०६१/०६२ मा १ सय ५८ २०६२/०६३ मा ५ सय ९७ र २०६३/०६४ मा ७ सय ९४ मुद्दा परेका थिए। हाम्रो जस्तो देशमा घरँयसी तनाव नै पारपाचुकेको मुख्य कारण बनेको छ। विकासोन्मुख देशमा पारपाचुकेबाट महिला बढी पीडित हुने गरेका छन्।

आर्थिक रूपमा पुरुषप्रति बढी निर्भर हुनुपर्ने भएकाले महिलाले घर-परिवारमा ठूलो तनाव सहनुपर्ने हुन्छ। त्यति मात्र होइन, पुरुषले पनि सामना गर्नुपरेका कैयौं उदाहरण छन्। तनावमा बाँच्नुभन्दा विकसित मुलुकको सिको गरेर पारपाचुके गरी तनावमुक्त हुने सोचका साथ धेरैले पारपाचुके गरेको पाइन्छ। यसका अतिरिक्त विश्वव्यापीकरण तथा विकसित देशको नक्कल गर्ने परिपाटीको विकासका साथै बदलिँदो सामाजिक मूल्य-मान्यताले गर्दा नेपालजस्तो रुढिग्रस्त समाजमा पनि पारपाचुकेले सामाजिक मान्यता पाउन थालेको छ।

विचार गर्नुपर्ने विषय के हो भने विकसित मुलुकका जनताले गर्ने सबै अभ्यास राम्रा हुन्छन् र उनीहरूको सिको गर्नुपर्छ भन्ने मान्यता राख्नु गलत मात्र होइन, मुर्खता पनि हो। तुलना गरेर हेर्दा पनि सांस्कृतिक एवं धार्मिक रूपमा विद्यमान हाम्रा सामाजिक मूल्य-मान्यताले परिवारलाई विखण्डनबाट बचाउन भूमिका खेलेको पाइन्छ। आर्थिक रूपमा विपन्न भए पनि काम गरेर खाने दम्पती बेलुका आफ्ना दुःख-सुख बताएर रमाउँदै छोराछोरीको भविष्यप्रति सजक हुन्छन्, तर विकसित देशमा छोराछोरीले गलत बाटोमा लाग्दा पनि उनीहरूलाई सम्झाउन सरकारले नीति निर्माण गर्नुपर्छ।

खुला समाज र विकसित मुलुकमा सहजै अपनाइने पारपाचुकेको परिणाम राम्रो छैन। यसले मानिसमा झन् ठूलो तनाव र बालबालिकामा नकारात्मक असर पुर्‍याएको छ। अमेरिकाजस्तो विकसित देसको उदाहरण हेर्ने हो भने पनि प्रत्येक वर्ष त्यहाँ १० लाखभन्दा बढी बालबालिका बाबुआमाको पारपाचुकेबाट पीडित हुन्छन्। झन्डै आधाजसो बालबालिकाले १८ वर्ष नपुग्दै आफ्ना बाबुआमाको पारपाचुके देखेका हुन्छन्। बालबालिकामा बाबुआमाको पारपाचुकेले गर्दा शारीरिक, भावनात्मक एवं वित्तीय क्षेत्रमा समेत डरलाग्दो असर देखाएको छ। पारपाचुके गरेका बालबालबालिकामा निम्नलिखित असर बढी पाइन्छ।

दुर्व्यसनको सिकार भै उनीहरूमा स्वास्थ्य र आचरण साथै भावनात्मक असर देखिएको छ भने उनीहरू बारम्बार अपराधमा सामेल भएको, लागुऔषध प्रयोग गरेको पाइएको छ। यस्ता बालबालिकामा आत्महत्याका घटना पनि पाइएको छ। उनीहरू पढाइ, भाषा उच्चारण र गणित विषयमा त अत्यधिक कमजोर हुन्छन्। केहीले धेरै वर्षसम्म एउटै कक्षामा अध्ययन गर्छन्, केहीले अध्ययन नै छोडिदिन्छन् भने माध्यमिक शिक्षा पूरा गरी माथि अध्ययन गर्ने निकै कम छन्।

पारपाचुकेभन्दा अघि आर्थिक स्थिति राम्रो भएको परिवार पारपाचुकेपछि ५० प्रतिशतले आर्थिक रूपमा कमजोर हुने गरेको छ। छोराछोरी भएपछि पारपाचुके गर्ने ५० प्रतिशत बाबुआमा गरिबीमा जीवन बिताउन बाध्य छन्। राम्रो स्वास्थ्य, दीर्घायु एवं समुन्नत परिवार भन्ने धार्मिक आस्थालाई पारपाचुकेले ध्वस्त पारिदिएको छ।

प्याट्रिक एफ फागन तथा रोबर्ट ई रेक्टरले एक वेबसाइटको लेखमा अमेरिकी समाजको मौलिक इकाइलाई पारपाचुकेले दयनीय बनाउनुका साथै चिरा-चिरा पारेको उल्लेख गरेका छन्। अर्का विश्लेषक डाना क्रुपिस्की लेख्छन्- विवाह परिवारको जग हो भने परिवार समाज निर्माणको एउटा इकाइ हो, तर पारपाचुकेका कारण यो जग निकै कमजोर बन्दै गएको छ। अमेरिकी समाजले आफ्नो संस्थामार्फत परिवार भनेको स्वस्थ्य, दीर्घायु र समुन्नत जीवनको मार्ग कोर्ने वातावरण भएको संस्था हो भन्ने कुरा सिकाउनु आवश्यक छ।

सरकारले पनि विवाहमा आधारित परिवारको संस्कृति निर्माणका लागि र परिवार विखण्डनबाट बचाउनका लागि केही न केही गर्नु आवश्यक छ। अमेरिकी समाजका जनता आफूलाई जे राम्रो लाग्छ त्यही मात्र चाहन्छन् चाहे त्यो अरूलाई नराम्रो नै किन नलागोस्। समाज परिवारको आवश्यकताभन्दा पनि व्यक्तिको आवश्यकताअनुसार परिवर्तन भएको छ। विवाहसँग सम्बन्धित पारपाचुकेको तथ्यांकले अमेरिकीहरू व्यक्तिगत स्वार्थमा लीन भएको बताउँछ।

अमेरिका बढी पारपाचुके गर्ने देशको अग्र पंक्तिमा आउँछ। मानिसमा यदि विवाहले काम गरेन भने पारपाचुके गर्ने भन्ने मान्यता विकसित भएको छ, किनभने परिवारलाई सुरक्षित राख्न गर्नुपर्ने प्रयासभन्दा एउटा कागजमा हस्ताक्षर गरेर तनावबाट मुक्त हुन सजिलो मानिन्छ। पारपाचुकेका धेरै कारणमध्ये वित्तीय मुद्दा, कमजोर सम्बन्ध एवं सञ्चार, प्रतिबद्धताको कमी, व्यभिचार र प्राथमिकतामा हुने परिवर्तन आदि छन्। वित्तीय मुद्दाका साथै व्यक्तिमा भएको स्वार्थीपन पनि पारपाचुकेको प्रमुख कारण बनेको छ। एकले अर्काको कुरा सुन्न चाहँदैन भने सञ्चार पनि समस्याको विषय बन्छ। विवाहको निरन्तरताका लागि प्रतिबद्धता र कामको आवश्यकता हुन्छ।

स्टेट युनियनका अनुसार १९७० देखि अमेरिकामा धेरै मानिस विवाहअघि नै विनाकानुनी प्रतिवद्धता यौनसम्बन्ध राख्ने, सँगै बस्ने हुँदा विवाह गर्ने परिपाटी ५० प्रतिशतले घटेको छ। विवाहअघि नै महिला पुरुषसँगै बस्दा विवाह नै विस्थापित भएको छ। यो परिपाटीले गर्दा छुट्टिन र बेग्लै बस्न मन लागे कानुनी प्रावधान पनि पूरा गर्नु नपर्ने हुन्छ। विवाहअघि नै सँगै बसी, पछि विवाह गरेका दम्पतीमा अझ बढी पारपाचुके भएको अध्ययनले देखाएको छ।

त्यो प्रतिशत ८५ सम्म पुगेको छ। प्याट्रिक एफ फागन तथा रोबर्ट ई रेक्टर भन्छन्- पारपाचुकेले सम्बन्धलाई दीर्घकालीन रूपमा असर पुर्‍याउँछ। अमेरिकी समाजमा देखिएको यो परिपाटीले सामाजिक विखण्डन ल्याएको छ। यसले बालबालिकाको जीवनमा नकारात्मक असर पुर्‍याएको छ। उनीहरू गलत बाटोमा लागेका छन्। नीति नीर्माण गर्नेहरूका अगाडि थुप्रै यस्ता घटना छन्, तर पनि कानुनी प्रणालीले बेवास्ता गरेको छ। अधिकारीले यस्तो संस्कृति रोक्न केही गर्नैपर्छ।

मिचिगन युनिभर्सिटीका एक प्राध्यापकले गरेको अध्ययनअनुसार बाबुआमा र छोराछोरी सँगै बसेको परिवारको सरदर आय ४३ हजार ६ सय अमेरिकी डलर पाइयो भने बेग्लै बसेका परिवारको आय जम्मा २५ हजार ३ सय पाइयो। यसरी हेर्दा पनि पारपाचुके गरेका परिवार आर्थिक रूपमा पनि कमजोर भएका छन्। पारपाचुके गरेपछि बाबुले पनि छोराछोरीलाई कम माया गर्नुका साथै भावनात्मक रूपमा टाढिने गरेको पाइएको छ। अझ बाबु त पारपाचुकेपछि निरन्तर सम्पर्कमा पनि हुँदैन, जसले गर्दा बाबु र छोराछोरीबीचको सम्बन्ध पनि त्यति भावनात्मक हुन सक्दैन।

अमेरिकाजस्तो देशमा पनि पारपाचुकेले समाजमा पारेको असरलाई ध्यानमा राखेर यसको समाधान खोज्न थालिएको छ। समाज वैज्ञानिक एवं नीति-नीर्मार्ताहरू पनि बालबालिकामा पारपचुकेले पारेको प्रभावका कारण चिन्तित देखिन्छन्। नेपालमा पनि लामो समय तनावमा रहनुभन्दा पारपाचुके गर्नु नै उत्तम उपायका रूपमा लिन थालिएको छ। यद्यपि पारपाचुकेले तनावमुक्त बनाउनुभन्दा तनाव नै बढाएको उदाहरण र बालबालिकालाई पर्ने असरलाई नेपाली दम्पतीले समयमै विचार पुर्‍याई घरायसी समस्यालाई समयमै समाधान गर्नु बुद्धिमानी हुनेछ।



# युरो २००८ मा प्रयोगमा आउने रंगशालाहरू





विश्वकप फुटबल प्रतियोगितापछिको सर्वाधिक लोकप्रिय फुटबल प्रतियोगिता युरोपियन फुटबल च्याम्पियनसिपको १२ औं संस्करण यसपटक स्वीजरल्यान्ड र अस्ट्रियाले संयुक्त रूपमा आयोजना गर्न लागेका छन् । 'युरो २००८' फुटबल प्रतियोगिताका लागि स्वीजरल्यान्ड र अस्ट्रियाले आ-आफ्नो देशका ४-४ वटा रंगशालालाई प्रयोगमा ल्याउनेछन् । आगामी ७ जूनदेखि २९ जूनसम्म हुने फाइनल चरणको उद्घाटन खेल स्वीजरल्यान्डको बासेलस्थित सेन्ट ज्याकोव पार्क रंगशालामा हुनेछ भने फाइनल खेल अस्ट्रियाको भियनास्थित अर्नेस्ट हापेल रंगशालामा हुनेछ ।

युरो २००८ का लागि स्वीजरल्यान्डले जेनेभाको स्टाडे डि जेनेभा, वर्नको स्टाडे डी स्विसी वाङडोर्फ, जूरिचको लेट्जिग्रुन्ड स्टाडिओन तथा बासेलको सेन्ट ज्याकोव पार्क रंगशाला प्रयोगमा ल्याउनेछ । यसैगरी अस्ट्रियाले इन्सब्रुकको टिभोली नू स्टाडिओन, साल्वबर्गको स्टाडिओन वेल्स सेजेनहेम, क्लागेनफर्टको हाइपो एरिना र भियनाको अर्नेस्ट हापेल स्टाडिओनमा खेल सञ्चालन गर्नेछ ।

**सेन्ट ज्याकोव पार्क** : बासेलस्थित यो रंगशाला स्वीजरल्यान्डको सर्वाधिक ठूलो रंगशाला हो । यो रंगशालामा आयोजक स्वीजरल्यान्ड र चेक रिपब्लिकबीच उद्घाटन खेल हुनेछ भने लिग चरणमा तीन, क्वाटरफाइनल र सेमिफाइनलका खेल पनि हुने कार्यक्रम छ । युरो २००८ का लागि भनेर तयार पारिएको यो रंगशालाको निर्माण सन् १९९८ मा सम्पन्न भएको हो । २२ करोड स्वीसफ्र्यांक खर्च गरेर निर्माण गरिएको यो रंगशालामा घाँसको मैदान छ भने यहाँ ४२ हजार ५ सय दर्शक अटाउन सक्छन् ।

**स्टाडे डी जेनेभा** : जेनेभाको सर्वाधिक ठूलो स्टाडे डि जेनेभा रंगशालाको निर्माण सन् २००३ मा सम्पन्न भएको हो । फुटबलका अतिरिक्त रग्वी पनि खेल्न सकिने यो रंगशालामा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता सम्पन्न भैसकेका छन् । स्वीजरल्यान्डको जुसोकी निर्माण कम्पनीले निर्माण गरेको यो रंगशालाको दर्शक क्षमता ३० हजार छ ।

**स्टाडे डी स्वीसी वाङडोर्फ** : स्वीजरल्यान्डको बीएस्सी योङ ब्वाइजको गृहमैदानका रूपमा रहेको स्टाडे डि स्वीसी वाङडोर्फ रंगशालाको निर्माण सन् २००३ मा भए पनि यसलाई सन् २००५ मा मात्र प्रतियोगिताका लागि खुला गरिएको हो । यो रंगशालाको छतमा जडान गरिएको सोलार प्यानलबाट मात्र वार्षिक ७ लाख किलोवाट विद्युत् उत्पादन हुन्छ । ३५ करोड युरो खर्च गरेर निर्माण गरिएको यो रंगशालाको दर्शक क्षमता ३२ हजार छ ।

**लेट्जिग्रुन्ड स्टाडिओन** : ज्युरिचस्थित यो रंगशाला एफसी ज्युरिचको गृहमैदान पनि हो । सन् १९२५ मा निर्माण गरिएको यो रंगशालालाई बेलाबेलामा पुनर्निर्माण गरियो । विभिन्न पटक एथलेटिक्सको ग्रान्डपिक्ससमेत आयोजना गरेको यो रंगशालालाई युइएफएले युरो २००८ आयोजना गर्ने अनुमति सन् २००५ मात्र दियो । यो रंगशालामा ३० हजार दर्शक अटाउन सक्छन् ।

**अर्नेस्ट हापेल स्टाडिओन** : अस्ट्रियाको भियनास्थित यो रंगशालामा युरो २००८ फुटबल प्रतियोगिताको फाइनल प्रतिस्पर्धा हुने कार्यक्रम छ । सन् १९२९ देखि प्रचलनमा आएको यो रंगशालाको पुनर्निर्माण सन् १९८६ मा भएको हो । पहिलो पटक निर्माण हुँदा यो रंगशालाको नाम प्राटर स्टाडिओन थियो, पछि अस्ट्रियाका चर्चित फुटबल खेलाडी अर्नेस्ट फ्रान्ज हर्मान हापेलको संस्मरणमा उक्त रंगशालाको नाम परिवर्तन गरेर अर्नेस्ट हापेल स्टाडिओन राखिएको हो । यसलाई अस्ट्रियाको सर्वाधिक ठूलो रंगशाला मानिन्छ । ५३ हजार दर्शक क्षमताको यो रंगशालामा युरो २००८ को लिग चरण, क्वाटरफाइनल, सेमिफाइनल र फाइनल खेलहरू हुनेछन् ।




**हाइपो एरिना** : क्लागेनफर्टमा सन् १९६० मा निर्माण गरिएको यो रंगशालाको क्षमता करिब ११ हजार दर्शक मात्र थियो । अस्ट्रियाले युरो २००८ प्रतियोगिता आयोजना गर्न यो रंगशालालाई सन् २००५ मा भत्काई हाइपो एरिना रंगशाला निर्माण गरेको हो । सन् २००६ मा निर्माण प्रारम्भ गरिएको यो रंगशाला २००७ देखि सञ्चालनमा आएको हो । ६ करोड ६५ लाख युरो खर्च गरेर निर्माण गरिएको यो रंगशालाको अहिलेको दर्शक क्षमता ३२ हजार छ ।

**स्टाडिओन वेल्स सेजेनहेम** : अस्ट्रियाको साल्वबर्गस्थित यो रंगशालाको निर्माण सन् २००३ मा सम्पन्न भएको हो । स्थानीय क्लब रेड बुल साल्वबर्गको गृहमैदानका रूपमा रहेको यो रंगशालाको दर्शक क्षमता साढे १८ हजार मात्र थियो, जसलाई बढाएर ३० हजार बनाइएको छ ।

**टिभोली नू स्टाडिओन** : अस्ट्रियाको इन्सब्रुकस्थित यो रंगशालाको निर्माण सन् २००० मा सम्पन्न भएको हो । स्थानिय टिभोली नदीको नामबाट नामकरण गरिएको यो रंगशाला स्थानीय एफसी वाकर ट्रिरोल क्लबको गृहमैदान हो । निर्माण सम्पन्न हुँदा साढे १७ हजार दर्शक क्षमता रहेको यो रंगशालालाई युरो २००८ मा प्रयोगमा ल्याउन ३० हजार दर्शक क्षमताको बनाइएको छ ।



# पाँचौं युरो कप फुटबल

तत्कालीन समयमा युरोपियन फुटबलको पावर हाउस युगोस्लाभियाले सन् १९७६ मा पाँचौं संस्करणको युरोपियन फुटबल प्रतियोगिता आयोजित गऱ्यो । उक्त प्रतियोगितामा युरोपका ३२ राष्ट्रले सहभागिता जनाएका थिए । सहभागी सबै राष्ट्रलाई आठ समूहमा विभाजन गरेर होम एन्ड अवेका आधारमा प्रतिस्पर्धा गराइएको थियो । जसमा समूह 'ए' बाट पहिलो युरोमा तेस्रो स्थान हासिल गरेको चेकोस्लोभाकिया छनौट भएको थियो भने समूह 'बी' बाट चौथो युरोमा चौथो स्थान हासिल गरेको हंगेरीलाई पराजित गर्दै वेल्स, समूह 'सी' बाट आयोजक युगोस्लाभिया, समूह 'डी' बाट दोस्रो युरोको विजेता स्पेन, समूह 'ई' बाट नेदरल्यान्ड, समूह 'एफ' बाट पहिलो युरो विजेता सोभियत संघ, समूह 'जी' बाट चौथो युरोमा तेस्रो स्थान हासिल गरेको बेल्जियम र समूह 'एच' को उपविजेता जर्मनी छनौट भएका थिए ।

पहिलो चरणबाट छनौट भएका राष्ट्रबीच क्वाटर फाइनलमा होम एन्ड अवेकै आधारमा खेल खेलाइयो, जसमा चेकोस्लोभाकियाले सोभियत संघलाई, युगोस्लाभियाले वेल्सलाई, पश्चिम जर्मनीले स्पेनलाई तथा नेदरल्यान्डले बेल्जियमलाई पराजित गर्दै सेमिफाइनलको स्थान सुरक्षित गरे ।

छनौट भएका ती राष्ट्रले चेकोस्लोभाकियामा भएको फाइनल चरणको प्रतियोगितामा सहभागिता गरेका थिए । प्रतियोगिता चेकोस्लोभाकियाको दुई सहर बेलग्रेड र जाग्रेभमा सम्पन्न भएका थिए । जसमा पहिलो सेमिफाइनल खेलमा आयोजक चेकोस्लोभाकियाले नेदरल्यान्डलाई अतिरिक्त समयमा १ गोलका विरुद्ध ३ गोलले पराजित गऱ्यो । यसैगरी अर्को सेमिफाइनलमा पश्चिम जर्मनीले आयोजक युगोस्लाभियालाई अतिरिक्त समयमा २ गोलका विरुद्ध ४ गोलले पराजित गर्दै फाइनलमा आफ्नो स्थान सुरक्षित गऱ्यो ।

फाइनलको एक दिनअघि तेस्रो स्थानका लागि भएको खेलमा आयोजक तथा तेस्रो युरोको उपविजेता युगोस्लाभिया नेदरल्यान्डद्वारा अतिरिक्त समयमा २ गोलका विरुद्ध ३ गोलले पराजित भयो । बेलग्रेडको क्रिभेना रंगशालामा जून २० तारिखमा भएको फाइनल खेलमा चेकोस्लोभाकियाका जान सेभलिक्कले आठौं मिनेटमा पहिलो गोल गरे भने क्यारोल डोवियासले २५ औं मिनेटमा अर्को गोल गरेर दुई शून्यको अग्रता लिए । २८ औं मिनेटमा जर्मनीका डिटर मुलरले १ गोल गरेर जर्मनीलाई राहत दिए । अन्तिम समयसम्म बराबरी गर्न आक्रामक खेलखेलेको जर्मनीका लागि ८९ औं मिनेटमा बर्न होल्जेनविनले १ गोल गरेर खेललाई अतिरिक्त समयमा पुऱ्याए । अतिरिक्त समयमा दुवै पक्षबाट गोल नभएपछि निर्णयका लागि गराइएको पेनाल्टी सुटआउटमा चेकोस्लोभाकियाले पश्चिम जर्मनीलाई ३ गोलका विरुद्ध ५ गोलले पराजित गरेर पहिलो पटक युरो फुटबल प्रतियोगिताको कप उचाल्यो ।

यो प्रतियोगितामा पश्चिम जर्मनीका डिटेर मुलरले सर्वाधिक ४ गोल गरेका थिए भने युगोस्लाभियाका ड्राडेन ड्राजिक र नेदरल्यान्डका रुड गिल्सले २-२ गोल गरेका थिए । प्रतियोगितामा प्रतिखेल ४ दशमलव २५ को औसतले गोल भएको थियो ।



# खेलअघि यौन कति ठीक ?

फ्रान्समा सम्पन्न १६ औं विश्वकपमा बुल्गेरियाको टिम चर्चामा रह्यो । विश्वकपमा नाटकीय रूपमा सेमिफाइनलमा प्रवेश गरेको उक्त टिमको रहस्य जब प्रशिक्षकले खोले तब त्यसले सारा विश्वलाई चकित तुल्यायो । खेलाडीको ध्यान भंग हुन नदिन बुल्गेरियाले आफ्ना खेलाडीलाई यौनबाट टाढा राखेको थियो । अर्को विश्वकपमा जर्मनी चर्चामा रह्यो । कारण उसले आफ्ना खेलाडीलाई यो कुराबाट टाढा राखेन । खाली समयमा खरिद गरेरै भए पनि यौनलाई उपयोग गर्ने छुट दियो । सोही वर्ष जर्मनी उपविजेता बन्यो ।

खेलकुद र यौनका विषयमा बहस चलेको वर्षौं भैसकेको छ । खेलअघि यौन गतिविधि कति ठीक, कति बेठीक भन्ने विषयमा प्रशस्त मतभेद पाइन्छ । कसैले यसलाई जायज मानेका छन् भने कतिले नाजायज । यसले पार्ने मानसिक तथा शारीरिक असरका बारेमा थुप्रै बहस चलेका छन् । 'सेक्स साइकोलोजी' खेलकुदको एउटा पाटो बनेको छ । यो प्रश्नमा भिन्न मतहरू छन् । मनोविज्ञहरूमध्ये कोही यसलाई खुला छाड्नुपर्ने बताउँछन् भने कोही कडा अनुशासनमा रहन अनिवार्य मान्छन् । यो विषयमा दुवै थरीको आ-आफ्नै तर्क पनि छ ।

क्यानाडाको मन्ट्रियलस्थित म्याकगील विश्वविद्यालयका मेडिकल साइन्सका विज्ञ इयान सियररका अनुसार खेलअघिको यौनले प्रतिकूल प्रभाव पार्न सक्छ । 'पहिलो शारीरिक कमजोरी र दोस्रो खेलमा एकाग्रता गुम्न सक्ने सम्भावना ।' सियरर स्वयंले भने यसलाई सम्भावनाका रूपमा मात्र हेरेका छन् । उनी यो कुरा कतै प्रमाणित नभएको तर प्रशस्त सम्भावना रहेको विषय भएको बताउँछन् ।


सियररले सन् २००० मा एक पुस्तक प्रकाशित गरेका थिए, जसमा अनौठो तर्क समावेश थियो । 'हरेक खेलाडीले खेलअघि व्यायाम त गर्छ नै, यौनलाई रोक्दा एक खालको निराशा उत्पन्न हुन्छ र यो आक्रामक शैलीमा परिवर्तन हुन्छ ।' बक्सिङजस्तो आक्रामक खेलअघि यौन गतिविधिलाई रोक्नु उत्तम हुने जिकिर सियररको थियो ।

एथलेटिक्समा यौनको प्रभावका सम्बन्धमा अध्ययन गरेका लाक्विटा विश्वविद्यालयका वैज्ञानिक इमानुयल ए जानिनीको भने भिन्न मत छ । खेलको एक रातअघिको यौनक्रियाले मांसपेशीको थकान बढ्ने हुँदा यो काम उचित नहुने उनको तर्क छ । न्युजर्सीका रोटगर्स विश्वविद्यालयका प्राध्यापक बेरी कोस्मरेक यौन क्रियाकलापबाट थुप्रै इन्जुरीबाट मुक्ति पाइने बताउँछिन् । बेरीका अनुसार यौनले पीडा पनि कम गर्छ । खुट्टाको मासपेसी तन्किएर आउने समस्याका लागि यौन उपयुक्त उपचार हुन सक्ने पनि उनले उल्लेख गरेकी छिन् ।

यौनले खेलाडीको मनोविज्ञानमा पार्ने असरका विषयमा पनि भिन्नभिन्न मत छन् । खेलअघिको रात मस्त निदाउनुपर्ने सोच खेल मनोविज्ञहरूमा पहिलेदेखि नै थियो । उत्साहीनता र अल्छीपनले खेलमा प्रतिकूल प्रभाव पारेका छन् । खेलअघिको रात यौनमा ध्यान दिँदा निराशा बढ्ने हुँदा निन्द्रामै ध्यान दिनुपर्ने कुरा सियररले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । 'यौनका कारण भंग हुने एकाग्रता प्रमुख समस्या भएको प्रशिक्षक जानिनीले बताउँदै आएका छन् । जानिनीले थकान नहुने गरी 'सेक्सुयल इन्टरकोर्स' को आवश्यकता देखेका छन् ।

बक्सिङका प्रशिक्षकले खेलअघिको ९० दिनदेखि नै यौनक्रिया कम गर्न सुझाव दिँदै आएका छन् । अर्कातर्फ सन् १९८६ को विश्वविजेता अर्जेन्टिनाको फुटबल टिम ३ तीन दिनअघिदेखि नै यौनबाट टाढा थियो । उक्त विश्वकपमा अर्जेन्टिनाले कुनै पनि खेल नगुमाई उपाधि हात पारेको थियो । नासाका केही वैज्ञानिकले भने यौनभन्दा हस्तमैथुन घातक रहेको जनाएका छन् । पछिल्लो समयका वैज्ञानिकहरूले भने यौनजन्य क्रियाकलापले मानसिक सन्तुलन कायम गर्न सहयोग पुग्ने मत व्यक्त गरेका छन् ।

## मैदानबाहिर



### एन्ना अझै अविवाहित

रूसी टेनिस सुन्दरी एन्ना कोर्निकोभाले टेनिस कोर्टमा जति जादू छोड्न सकिन् त्योभन्दा बढी आफ्नो ग्ल्यामर विज्ञापनको क्षेत्रमा देखाइन् । टेनिस कोर्टमा खासै खेल क्षमता देखाउन नसकेकी एन्नाले व्यापारिक क्षेत्रको प्रबर्द्धनमा देखाएको रौनकले उनलाई लगभग खेल क्षेत्रबाटै टाढा बनायो । पाश्चात्य गायक इनरिक इग्लेसियससँग विगत ६ वर्षदेखि प्रगाढ प्रेममा बाँधिएकी एन्नाले उनीसँग विवाह गरेको समाचार पनि आयो । औंलामा हीराको बेडिङ रिङ लगाएपछि एन्ना चाँडै नै इनरिकसँग वैवाहिक जीवनमा बाँधिन लागेको र उनीहरूले आगामी डिसेम्बर महिनामा विवाह गर्ने चर्चासमेत चल्यो । यद्यपि २६ वर्षीया एन्नाले हालै आफू विवाह गर्ने मनस्थितिमा नरहेको खुलासा गरिन् । उनले टेनिस खेलाडी एन्डी रोडिक तथा मोडेल ब्रुकलिन डेकरको वैवाहिक समारोहमा गएपछि आफूले तत्काल विवाह गर्ने मनस्थितिमा परिवर्तन गरेको बताइन् । एन्नाले इनरिकसँगको सम्बन्ध भने राम्रो रहेको बताइन् ।

## एएफसी च्यालेन्ज कप छनौट

# साख जोगाउने चुनौती



एएफसी च्यालेन्ज कपको छनौट प्रतियोगिता आयोजना गर्ने अवसर गुमाएको नेपाल साख जोगाउने चुनौतीका साथ कम्बोडिया पुगेको छ। गत वर्ष च्यालेन्ज कपको सेमीफाइनलसम्मको यात्रा गरेको नेपालले यसपालि उत्कृष्ट प्रदर्शन दोहोऱ्याउँदै छनौट चरण पार गर्ने अपेक्षा गरिएको छ। जेठ ११ देखि १५ गतेसम्म हुने छनौट चरणको समूह 'डी'मा रहेको नेपालले आयोजक कम्बोडिया र मकाओको सामना गर्नेछ।

फिफा वरियताक्रममा ९ स्थान माथि रहेको प्यालेस्टाइनले नाम फिर्ता लिएपछि एएफसी च्यालेन्ज कपको छनौट चरण नेपालका निम्ति केही सहज देखिएको छ। वरियताको १ सय ८४औं स्थानमा रहेको नेपालले १९३ औं स्थानको मकाओविरुद्ध भोलि शनिबार तथा १ सय ८६ औं स्थानको कम्बोडियासँग सोमबार खेल्दैछ। बलियो प्यालेस्टाइनको अनुपस्थितिमा नेपाल च्यालेन्ज कपमा चुनिने अखिल नेपाल फुटबल संघ (एन्फा)का अध्यक्ष गणेश थापाले बताए।

कम्बोडिया नेपालका निम्ति अपरिचित प्रतिद्वन्द्वी हो। मकाओसँग नेपालले अहिलेसम्म हार बेहोर्नुपरेको छैन। त्यसैले पनि नेपाली खेलाडीहरूको आत्मविश्वास बढेको छ। च्यालेन्ज कप छनौट चरणलगत्तै मालदिभ्समा हुने साफ च्याम्पियनसिपमा उच्च प्रदर्शनकै निम्ति एन्फाले एक महिनाअघि जर्मन प्रशिक्षक थोमस फ्लाथलाई भित्र्याएको हो। प्रतिभाशाली नेपाली खेलाडीहरूमा रणनीतिक सुधार ल्याउँदै कम्बोडियामा आफ्नै परम्परागत खेल प्रदर्शन गर्ने फ्लाथले बताए। नयाँ युवा र पुराना खेलाडीहरूले सन्तुलित प्रदर्शन गरे नेपालको जित निश्चित भएको उनको दाबी थियो।

छनौट चरण पार गर्न सके एक साता बैङ्ककमा अभ्यास गरेको नेपालले आगामी जुलाई ३० देखि अगस्त १० सम्म हैदरावादमा हुने च्यालेन्ज कपको फाइनल चरणमा सोझै प्रवेश पाएका आयोजक भारत, बलियो उत्तर कोरिया, तुर्केमेनिस्तान, म्यानमार तथा छनौट चरण पार गरेका अफगानिस्तान, साविक विजेता ताजिकिस्तान र श्रीलङ्कासँग भीड्नेछ। आश्चार्यजनक रुपमा बंगलादेश र किर्गिस्तानको चुनौती समाप्त पार्दै युद्धग्रस्त अफगानिस्तान फाइनल चरण प्रवेश गरेको हो।

**को हुन् प्रमुख खेलाडी ?**

अन्तिम समयमा २३ जनाको सूचीमा नपरेका सन्तोष साहुखल, नवीन न्यौपाने र चोटग्रस्त स्ट्राइकर अनिल गुरुङबाहेक सबै नेपाली स्टार टिममा अटाएका छन्। नेपाल फुटबल क्लब संघ र एन्फाबीचको विवादले लिगसहित धेरै प्रतियोगिता स्थगित भएकाले नेपाली टिमका प्रमुख खेलाडीको नाम लिन मुस्किल पर्छ। गत वर्ष च्यालेञ्ज कपमा ५ गोल हानेका प्रदीप महर्जन बैंककमा भएको मैत्रीपूर्ण खेलमा घाइते भएपछि प्रतियोगिता खेल्नबाट बन्चित भएका छन्। तीन वर्षपछि संन्यास फिर्ता लिँदै राष्ट्रिय टिममा फर्किएका अनन्त थापाले प्लेमेकरको भूमिका निर्वाह गर्न सक्छन्।

विकास मल्ल, रितेश थापा र टिनएजर्स किरण चेम्जोङले गोलपोस्ट सम्हाल्नेछन्। राकेश श्रेष्ठ, चुनबहादुर थापा, अञ्जान केसी, विराज महर्जन, लोकबन्धु गुरुङ, सागर थापा, सन्दीप राई, विकाससिंह क्षेत्री, सुमन सुवेदी गरी नौ जना डिफेन्डर टिममा छन्। अनन्त, विजय गुरुङ, भिषन गौचन, नीराजन खड्का, राजु तामाङ, दीपक भुषाल र पर्वत पाण्डेले मध्यपंक्ति सम्हाल्नेछन्। प्रशिक्षक फ्लाथले आक्रामक खेल्ने बताए पनि टिममा मात्र तीन जना स्ट्राइकर जुमानु राई, नीराजन रायमाझी र भरत खवास छन्, जसमध्ये रायमाझी अभ्यास खेलका क्रममा चोटग्रस्त बनेका छन्।

**–राजु/मनोज**

## तेस्रो दक्षिण एसियाली महिला ह्यान्डबल प्रतियोगिता

### राष्ट्रिय टोलीको छनौट

पोखरा– तेस्रो दक्षिण एसियाली महिला ह्यान्डबल प्रतियोगितामा भाग लिन जाने नेपाली राष्ट्रिय टोलिको छनौट शुक्रबार सम्पन्न भएको छ। भारतको लखनउमा जेठ १० देखि १२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताका १४ जना खेलाडीको घोषणा गर्दै यहाँबाट बिदाइ गरिएको हो। देशभरिबाट आएका ४० मध्येबाट पाँच दिनको बन्द प्रशिक्षणपश्चात् छनौट समितिले प्रतियोगीतामा जानेहरू खेलाडी तय गरिएको नेपाल ह्यान्डबल संघका अध्यक्ष तेज गुरुङले बताए।

नेपाली राष्ट्रिय ह्यान्डबल टोलीका क्याप्टेन नेपाल प्रहरीका धन गुरुङ छन्। त्यस्तै प्रमुख प्रशिक्षकमा जीवन बस्नेत र सहायक प्रशिक्षक पर्वत गुरुङ छन्। प्रमुख प्रशिक्षक बस्नेतले टिमको तयारी छोटो समयमा भए पनि सम्पूर्ण खेलाडी नयाँ भएकाले उनीहरूको जोसले यस पटक पनि पदक ल्याउने सम्भावना बढी रहेको दाबी गरेका छन्।

दक्षिण एसियाली ह्यान्डबल प्रतियोगितामा नेपालले यसअघि दुई पटक तेस्रो स्थान हासिल गरे, साथै छनौटमा परेका खेलाडीहरूमा दाङबाट सोनु चौधरी र सोनु गुरुङ, उदयपुरबाट बिमला महत, रन्जना राइ, जिना राई, नमिता राई, नेपाल प्रहरीबाट इन्कार ओली र धन गुरुङ छन्। त्यसैगरी कास्कीबाट चादनी गुरुङ, यशोदा सापकोटा, तारा पुन, धन पुन, नारायणी कुँवर र प्रतिमा गुरुङ छन्।

# यातायात बन्दले पूर्वाञ्चल फुटबल प्रभावित

विराटनगर– यातायात व्यवसायीले पूर्वाञ्चलमा चार दिनसम्म गरेको बन्दका कारण कोकाकोला कप अन्तरविद्यालय पूर्वाञ्चल क्षेत्रीय नकआउट फुटबल प्रतियोगिता-२०६५ प्रभावित भएको छ। मोरङ फुटबल संघको संयोजनमा विराटनगरको सहिद मैदानमा सञ्चालित प्रतियोगिता तीन दिन स्थगित भएर समापन दुई दिन पर सरेको छ।

पूर्वाञ्चलका ६ जिल्लाका १५ विद्यालयले भाग लिएको प्रतियोगिता जेठ १ गते सुरु गरी ९ गते समापन गर्ने भनिएको थियो। पहिलो दिनको उद्घाटन खेलपछि बन्दका कारण २, ३ र ४ गतेका खेलमा खेलाडी आउन नसकेकाले खेल लम्बिएको मोरङ फुटबल संघका अध्यक्ष सन्तोष बानियाँले बताए। यातायात सुचारु भएपछि ५ गते आइतबारदेखि पुनः सञ्चालनमा आएको प्रतियोगिता समयमा सक्न दैनिक दुई-दुईवटा



खेल गराउनुपर्ने भएको छ। पूर्वाञ्चलसँगै सञ्चालन भएका अन्य विकासक्षेत्रका खेलको तुलनामा पूर्वाञ्चल पछाडि परेको छ।

पूर्वाञ्चलका झापा, मोरङ, सुनसरी, धनकुटा, सप्तरी र सिरहाका १५ विद्यालय प्रतियोगितामा सहभागी छन्। झापाको महेन्द्र ज्योति बोर्डिङ, आदर्श मा.वि. र इडेन गार्डेन बोर्डिङ, मोरङको डनबस्को बोर्डिङ, जनता मा. वि., सौठा उ.मा.वि. र राधिका मा.वि., सुनसरीको लर्डबुद्ध इन्टरनेसनल बोर्डिङ, जेम्स बोर्डिङ, डिपोट बोर्डिङ र लिटिल फ्लावर बोर्डिङ प्रतियोगितामा सामेल थिए। त्यस्तै धनकुटाको तमोर भ्याली बोर्डिङ र बालसंसार बोर्डिङ, सप्तरीको दुर्गा सेकेन्डरी बोर्डिङ र सिरहाको मेरील्यान्ड चिल्ड्रेन बोर्डिङ प्रतियोगितामा सामेल भए।

पूर्वाञ्चलका १६ जिल्लामा फुटबल संघ गठन भएका पूर्वाञ्चलका ९ मध्ये पाँचथर, इलाम र उदयपुर जिल्ला प्रतियोगितामा सामेल भएनन्। संघ गठन भएका बाँकी तीन जिल्लामा जिल्लास्तरीय प्रतियोगिता नभएकाले ती जिल्ला प्रतिस्पर्धामा सामेल भएनन्।

**–कमल रिमाल**

डिल्लीबजारका कोमल पाण्डे उमेरले ६५ वर्षका छन्। एथलेटिक्स र फुटबलका अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरिसकेका पाण्डे आठ वर्षयता क्युरेटरका रूपमा कार्यरत छन्।

## ५ प्रश्न



**सधैं कीर्तिपुरको क्रिकेट पिचमै देखिनुहुन्छ नि ?**

क्युरेटरको काम नै पिचको रेखदेख गर्ने हो। अन्तर्राष्ट्रिय प्रतियोगिता हुँदा दैनिक १२ घण्टासम्म पिचमै हुन्छु। सामान्य अवस्थामा मलाई दैनिक ६ घण्टा पिच वरिपरि नै भेट्न सक्नुहुन्छ।

**पाको उमेरमा पनि समय दिएन भनेर परिवारले दुखेसो गर्दैनन् ?**

यो उमेरमा पनि दलिएर काम किन गरेको भनेर कराउँछन्। प्रेमविवाह गरेको हुँ। वास्ता गरेन भनेर श्रीमतीले कचकच गरिरहन्छिन्। मलाई नातिले चिन्दैनन् भन्ने ठूलो डर लागेको छ। म बिहान निस्कँदा र राति फर्कंदा नाति ओछ्यानमै सुतिरहेको हुन्छ। नसुतेको बेला हाम्रो भेट नै भएको छैन।

**तन्नेरी अवस्थामा फुटबल र एथलेटिक्समा जम्नुभएको थियो नि ?**

हो, नेपालले पहिलोपल्ट अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा सहभागिता जनाएको ढाकामा सम्पन्न सन् १९६३ को आगा खाँ इन्टरनेसनल गोल्डकप खेलें। सन् १९६६ मा कम्बोडियामा १ सय र २ सय मिटर स्पर्धामा दौडिएँ। त्यसपछि जागिरे भएकाले खेलिनँ। युवा जोसमा सबै खेलको अनुभव लिएँ। जागिरबाट रिटायर्ड भएपछि क्युरेटरका रूपमा फेरि क्रिकेटमा छिरें।

**मनपर्ने खेल र खेलाडी ?**

क्रिकेटभन्दा फुटबल र गल्फ मन पर्छ। वैकुण्ठ मानन्धरजस्तो खेलाडी नेपालमा अहिलेसम्म जन्मिएको छैन। मैदानबाहिर र भित्र दुवै स्थानमा ब्राजिलियन फुटबलर पेले उदाहरणीय खेलाडी हुन्।


**फुर्सदमा के गर्नुहुन्छ ?**

युवा छँदा खुबै चलचित्र हेरिन्थ्यो। बलिउडका दिल देके देखो १७ पल्ट र प्यासा १४ पल्ट हेरें। जुलिया रोबर्ट्स र मार्लोन ब्रान्डको फ्यान थिएँ। उमेर छिप्पिदै गएकाले चलचित्रको वास्ता लाग्दैन। हिजोआज फुर्सदमा खाना पकाउँछु, साथीहरूसँग बसेर टेलिभिजनमा खेल समाचार हेर्छु।

**–राजु घिसिङ**

## प्रसंग कतिपय





**विक्रम राई**

ठेकेदार र इन्जिनियरले एउटा भर्खरै बनाइसिध्याएको पुलमाथि आरोप लगाउँदै भनेछन्- यसले धेरै सिमेन्ट, छड र गिट्टी खाएको छ। निर्जीव मूक पुल आफ्नो सफाइमा के नै पेस गर्न सक्थ्यो ? उद्घाटन समारोहका दिन उसले नदीमा हाम्फालेर आत्महत्या गरेछ र जाँदाजाँदै के भनेर गएछ भने- मैले बालुवा र पानीबाहेक केही खाएको छैन। विराटनगरवासी कामोद झाको कवितामय यो गाथाले भ्रष्टाचारीमाथि कडा व्यङ्ग्य गरेको छ तर अहिले यस्तै भ्रष्टाचार ठूलो महामारीका रूपमा हाम्रो सामाजिक जीवनको अभिन्न अङ्ग बन्दै गएको छ।

आज हामी यही भ्रष्टाचारी व्यवस्थाले गर्दा विश्वका निर्धन देशमध्ये एक र एसियाको पहिलो गरिब देशमा सूचीकृत भैसकेका छौं। स्वाभिमानले बाँच्न गाह्रो बन्दै गएको वर्तमान अवस्थामा यही व्यवस्थाको सक्रिय सदस्य बन्नुबाहेक कुनै विकल्प बाँकी नरहेको स्थिति बढ्दै गएको छ। महँगीले गर्दा डोकोमा पैसा बोकेर जाँदा सानो झोलामा अट्ने सामान मात्र आउने स्थिति उत्पन्न भएको छ भने सजिलो कार्यलाई गाह्रो बनाई नोट झार्ने परिपाटीको विकासले भ्रष्टाचार अझ व्यवस्थित र संगठित हुँदै गएको छ। आज कुनै कर्मचारीले 'लाइन' मा बसेर काम गरेन भने उसले बस्ने कुर्सी पाउन सक्दैन, टेबुलको कुरै नगरौं। जलदेखि ढलसम्म दूधदेखि रक्सीसम्ममा हुने भ्रष्टाचारमा नेपाली समाजका धमिराहरूले बढावा दिएका मात्र छैनन्, स्वयं संलग्न भै त्यसलाई राष्ट्रिय सञ्जालमय बनाएका छन्।

वस्तुतः सम्पत्ति जोड्ने नशा पुँजीवादी अर्थतन्त्रको ठूलो विशेषता हो। साम्यवादी सोचले नेपालमा यो भ्रष्टाचारी संस्कारलाई जरैदेखि उन्मूलन गर्न पहिले उनीहरूलाई स्थापित गर्नुपर्ने सर्त राख्छ। समाज र देशको उन्नतिको बाधक यो खलनायकलाई समाप्त गर्न हिरो नै चाहिन्छ भन्ने होइन।

त्यसका सहपात्रहरूले पनि यसलाई खत्तम गरेर हिरो बन्न सक्छन् तर भ्रष्टाचार गर्दा मृत्युदण्डसम्मको सजाय पाउँदा पनि यसको उन्मूलन गर्न नसक्ने साम्यवादी राष्ट्रहरू हाम्रै आँखाअगाडि हुँदाहुँदै नेपाली कम्युनिस्टहरूले यसको पक्षमा विचार र दर्शनको खेती गर्न छाडेका छैनन्। विश्व कम्युनिस्ट दर्शन घोकेका र घोकाइएकामध्ये एक भोजपुरे संवाहकले भनेको एउटा कथा यस्तो छ– 'एकपटक गाउँको किसानले आफ्नो काठको घर जलेको सपना देखेछ। ब्युँझेर हेर्दा आफू त्यही घरमा सुतिरहेको अवस्थामा पाएछ।

खुसीले उसको सीमा रहेन, किनकि घर जलेको रहेनछ र त्यो मात्र सपना रहेछ।' भोजपुरे कमरेड भन्छन्- 'आज सम्पत्तिमा व्यक्तिको अधिकार हुने भएकाले बिपनाको कुरा छाडौं, उसले सपनामा पनि दुःख पाएको छ। त्यसैले पुँजीवादी अर्थव्यवस्थाले सुखको साटो दुःख र पीडा मात्र दिन्छ र यही सम्पत्तिका लागि व्यक्तिले भ्रष्टाचार गर्छ।'

भोजपुरे कमरेडको कथा विश्लेषण गर्न नपाउँदै उनका नेताहरूले नै नेपालमा साम्यवादी अर्थतन्त्र निर्माणका लागि दुई सय वर्ष लाग्ने तर्क अघि सारेका छन्। निजी सम्पत्ति भ्रष्टाचारको जड हो भन्नेहरू अहिले त्यसको सुरक्षा अर्थात् ग्यारेन्टी गर्न लागिपरेका छन्। यदि यो सबै ट्याक्टीस हो भनेर तल्लो तहकाहरूलाई आन्तरिक बैठक र छलफलमा सम्झाए झैं सबैलाई बुझाउने हो भने नेपाली कम्युनिष्टहरूले कस्तो प्रकारको भष्ट्रचार मुक्त देश नेपाललाई बनाउन खोजेको हो - सबैलाई चेतना भया !

prasangakatipaya@hotmail.com



## क्यालेन्डरमा कामोत्तेजक तस्बिर

ग्लामर फोटोग्राफर राजीव श्रेष्ठले खिचेका नायिका तथा मोडलहरूका तस्बिरलाई राखेर तयार पारिएको नेटनसाडटकमको यो वर्षको क्यालेन्डर हिंजो एक कार्यक्रममा सार्वजनिक गरियो। बलिउडका चर्चित ग्ल्यामर फोटोग्राफर राकेश श्रेष्ठले उक्त क्यालेन्डरलाई सार्वजनिक गरेका थिए। त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको पार्टी प्यालेसमा आयोजित समारोहमा सार्वजनिक भएको उक्त क्यालेन्डरमा मोडल प्रनिशाको तस्बिर सबैभन्दा कामोत्तेजक देखिन्छ। वक्षस्थल देखिने गरी खिचिएको उक्त तस्बिरले उपस्थित सबैको ध्यान खिचेको थियो। क्यालेन्डरमा वैशाखमा सञ्चिता लुइँटेल, जेठमा जेनिशा केसी, असारमा उषा पौडेल, साउनमा झरना थापा, भदौमा अरुणिमा लम्साल, असोजमा निरुता सिंह, कात्तिक उषा रजक, मंसिरमा रिचा घिमिरे, पुसमा सुष्मिता ढकाल, माघमा जेनिसा केसी, फागुनमा प्रनिशा र चैतमा सोभिता सिंखडाका तस्बिर राखिएका छन्। नेटनसाडटकम एक वर्ष पुगेको अवसरमा आयोजित क्यालेन्डर सार्वजनिक कार्यक्रममा नेपाली चलचित्र उद्योगमा सक्रिय कलाकारहरूको उल्लेख्य उपस्थिति थियो। डिजेइङ तथा डान्स कार्यक्रमसमेत राखिएको उक्त कार्यक्रममा कलाकारहरू खुलेर नाचेका थिए।



**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।